ओ३म्

# तर्कको कसीमा

# वैदिक धर्म

सिद्धगोपाल 'कविरत्न'

thearyasamaj.org

ओ३म्

# तर्कको कसीमा
# वैदिक धर्म


**लेखक**

मारवाडी समाज अग्रवालकुलगौरव, परम विद्वान्, तार्किक शिरोमणि, अद्वितीय वक्ता

**सिद्धगोपाल 'कविरत्न'**

**उत्प्रेरक**

सेवा र जागरणका अभियन्ता, सनातन वैदिक संस्कृतिका अनन्य उपासक, युवा संन्यासी

**स्वामी सम्पूर्णानन्द सरस्वती**

**अनुवादक**

**महेन्द्रप्रसाद गौतम**


thearyasamaj.org


**प्रकाशक**

**सार्वदेशिक आर्य प्रतिनिधि सभा**

नयाँ दिल्ली

**२०७२**

ओ३म्

# तर्कको कसीमा वैदिक धर्म

(श्री सिद्धगोपाल 'कविरत्न'द्वारा हिन्दी भाषामा लिखित 'दो मित्रों की बातें' पुस्तकको नेपाली अनुवाद)


मूल लेखक : सिद्धगोपाल 'कविरत्न'

सम्पादक : स्वामी सम्पूर्णानन्द सरस्वती

अनुवादक : महेन्द्रप्रसाद गौतम

प्रकाशक : सार्वदेशिक आर्य प्रतिनिधि सभा
नयाँ दिल्ली

संस्करण : प्रथम

प्रति : ५०००

सृष्टि सम्वत् : १,९६,०८,५३,११६
सम्वत् : २०७२, नेपाल सम्वत् : ११३६, ई.सन् : २०१६
दयानन्दाब्द : १९१
मूल्य :

**पुस्तक प्राप्ति स्थान :**

१. सार्वदेशिक आर्य प्रतिनिधि सभा, नयाँ दिल्ली
२. नेपाल आर्य समाज, केन्द्रीय कार्यालय,
टङ्कप्रसाद मार्ग, वानेश्वर हाइट्स, काठमाडौं ।
३. नेपाल आर्य समाज, झापा, सुरुङ्गा ।
४. श्री गुरुकुल मा.वि., आर्य नगर, विराटनगर–१८ ।

मुद्रक :


thearyasamaj.org

# विषय सूची

| विषय शीर्षक | | पृष्ठ |
|---|---|---|
| - विषयसूची | | क. |
| - अनुवादकको निवेदन | | ख. |
| - शुभाशंसा | - स्वामी सम्पूर्णनन्द सरस्वती | ग,घ. |
| - दुई शब्द | - महात्मा आर्यभिक्षु | ङ,च. |
| - तर्कको कसीमा वैदिक धर्म | | १. |
| १. पहिलो दिन | : ईश्वर छ वा छैन ? | २-११. |
| २. दोस्रो दिन | : के ईश्वर सृष्टिकर्त्ता हो ? | १२-२०. |
| ३. तेस्रो दिन | : ईश्वरको भक्ति किन गर्ने ? | २१-२९. |
| ४. चौथो दिन | : ईश्वर साकार किन छैन ? | ३०-३९. |
| ५. पाँचौं दिन | : ईश्वरको ध्यान कसरी हुन्छ ? | ४०-५६. |
| ६. छैटौं दिन | : | ५७-७१. |
| | ईश्वर न्यायकारी छ वा दयालु ? ५७. | |
| | भूत प्रेत के हुन् ? ६५. | |
| | के सुख दुःख ग्रहहरूबाट हुन्छ ? ६७। | |
| ७. सातौं दिन | : श्राद्ध गर्नु पर्छ वा पर्दैन ? | ७२-८०. |
| ८. आठौं दिन | : यज्ञ र यज्ञोपवीत | ८१-८९. |
| ९. नवौं दिन | : वर्ण व्यवस्था जन्मले वा कर्मले ? | ९०-९९. |
| १०. दसौं दिन | : नमस्ते कहाँबाट सुरु भयो ? | १००-१०३. |
| ११. एघारौं दिन | : मासु खानु हुन्छ वा हुँदैन ? | १०४-११०. |
| १२. बाह्रौं दिन | : के समस्त सृष्टि ईश्वरबाट बनेको हो ? | १११-११८. |

● ● ●

# निवेदन

सौभाग्यको कुरा हो, मैले कविरत्न श्री सिद्धगोपालद्वारा लिखित 'दो मित्रों की बातें' पढ्ने सुअवसर पाएँ। मैले पढेका पुस्तकहरूमध्ये यस पुस्तकमा सबैभन्दा धेरै मिठास अनुभव भयो। आद्योपान्त अध्ययनपछि मलाई 'यस्ता अमृत वचनहरू नेपाली भाषामा अनुवाद गरेर नेपाली समाज समक्ष बुझ्न सरल र सहज गराउनुपर्छ' भन्ने सङ्कल्प जाग्यो। यसै अठोटका साथ उक्त पुस्तकलाई नेपालीमा अनुवाद गरेर चेतनशील नेपाली युवायुवती एवं सज्जनहरूका अगाडि प्रस्तुत गरेको छु। आर्य जगत्का मूर्धन्य विद्वान् युवा संन्यासी स्वामी सम्पूर्णानन्दज्यू तथा पं. कमला कान्त आत्रेयज्यूहरूको परामर्शमा यस पुस्तकको नाम परिवर्तन गरी **'तर्कको कसीमा वैदिक धर्म'** राखी प्रकाशित गर्न लागिएको छ।

यसमा वैदिक सिद्धान्त र धर्मको महत्त्व, ईश्वरको परिचय एवं जीवनको उद्देश्य सम्बन्धी १४ विषयहरू समेटेर सरल सैद्धान्तिक एवं वैज्ञानिक व्याख्या गरिएको छ। यसको निष्पक्ष अध्ययन गर्नाले मानिसको मनस्थितिलाई अवश्य परिवर्तन गराउने र सुगम मार्ग प्रदान गर्ने विश्वास छ। यसमा मेरो मौलिकता केही पनि छैन। मैले केवल सिद्धगोपालजीको हिन्दी लेखलाई नेपालीमा रूपान्तरण मात्र गरेको हुँ। यसको शुद्धीकरण गर्नमा पं. कमलाकान्त आत्रेय (पोखरेल) ज्यूले सहयोग गर्नु भएको हो। उहाँको उदार सहयोगप्रति म आभार व्यक्त गर्न चाहन्छु। पुस्तक प्रकाशनका लागि पूज्यपाद स्वामी सम्पूर्णानन्दज्यूले सम्पूर्ण व्यवस्था मिलाउनुभएकोमा म उहाँप्रति हार्दिक आभार व्यक्त गर्दछु। साथै प्रकाशक सार्वदेशिक आर्य प्रतिनिधि सभा, नयाँ दिल्लीका सम्पूर्ण अधिकारी गणहरूमा पनि धन्यवाद ज्ञापन गर्दछु।

**महेन्द्रप्रसाद गौतम,**

कनकाई न.पा.- ३, सुरुङ्गा, झापा

# शुभाशंसा

नेपालमा २०७२ वैशाख १२ गते गएको महाभूकम्प र त्यसबाट भएको ठूलो जनधनको क्षतिको समाचार विचलित गर्ने किसिमको थियो । परम कारुणिक परमपिता परमेश्वरबाट मेरो अन्तर्हृदयमा प्रेरणा जाग्यो कि म भूकम्पपीडितहरूका माझ पुगूँ र उद्धार एवं राहतको कार्यमा सक्दो योगदान गरूँ । यसै प्रेरणाबाट प्रेरित भई २०७२ वैशाखको तेस्रो हप्तादेखि निरन्तर नेपालको काठमाडौं जिल्लाको पूर्वोत्तर क्षेत्रको ग्रामीण भेग र त्यससँग जोडिएको सिन्धुपाल्चोक जिल्लाका भूकम्पपीडित जनसमुदायसँग निरन्तर सम्पर्क र सहकार्यमा संलग्न रहने अवसर मलाई जुरेको छ ।

नेपाली समुदायसँगको विगत लगभग १० महिनाको सम्पर्कबाट एकातिर यहाँका दुःखी र पीडित समुदायमा केही हदसम्म मलम लगाउने प्रयास मेरो रह्यो भने यहाँका समुदायको सर्वतोमुखी प्रगतिमा के कसरी योगदान गर्न सकिन्छ भन्ने मेरो प्रमुख लक्ष्य रहेको छ ।

अहिलेसम्मको मेरो अनुभवमा नेपाली जनतामा सरलता छ, सौजन्य छ, सहभावको भावना छ, उन्नति र विकासप्रति तीव्र आकांक्षा र उत्सुकता छ । साथै बौद्धिक चेतना र आत्मिक जागरणका क्षेत्रमा अझै धेरै कार्य गर्नुपर्ने खाँचो रहेको मैले अनुभव गरें । भौतिक विकासको तीव्र आकांक्षा त स्वाभाविक नै हो, तर समानान्तर रूपमा विकसित हुँदै जानुपर्ने आत्मिक चेतनाको मार्ग कताकता अलमलिने हो कि भन्ने भान पर्न थालेको देखिन्छ ।

नेपाली समुदायका बीचमा रहेर नेपालीहरूको भौतिक विकास र आध्यात्मिक चेतनाको अभिवृद्धिका लागि सक्दो योगदान गर्ने अभियानले गति लिन थालेको छ । यसैको एउटा कडीका रूपमा यो पुस्तक 'तर्कको कसीमा वैदिक धर्म' प्रकाशित गर्ने जमर्को भएको छ । वैदिक सिद्धान्तका अनुयायीहरूका बीचमा लोकप्रिय श्रीसिद्धगोपाल कविरत्नद्वारा हिन्दीमा लेखिएको दो मित्रोंकी बातें नामक पुस्तकको यो नेपाली अनुवाद हो । सिन्धुपाल्चोक जिल्लाको नयाँ पानी तीर्थमा नेपालको इतिहासमा पहिलोपटक आयोजना गरिएको, पञ्चकन्याद्वारा वेदपाठ भइरहेको एक महिना चल्ने 'चतुर्वेद पारायण ज्ञान महायज्ञ'को मेसोमा यस क्षेत्रका मानिसहरूमा वैदिक सिद्धान्तको यथार्थ स्वरूपका बारे जिज्ञासाहरूको अभिवृद्धि भइरहेको सन्दर्भमा यस पुस्तकले यस क्षेत्रका चेतनशील र सामान्य व्यक्तिहरूमा समेत नयाँ चेतना र जागरणको दिशामा विशेष योगदान गर्ने अपेक्षा गरेको छु । सबैको कल्याण होस् भन्ने भावनाका साथ समस्त नेपालीहरूको सुख, समृद्धि र कल्याणको कामना व्यक्त गर्दै आफ्ना शुभाशंसा व्यक्त गर्दछु ।

thearyasamaj.org

**स्वामी सम्पूर्णानन्द सरस्वती**
चतुर्वेद पारायण ज्ञान महायज्ञ स्थल
नयाँ पानी तीर्थ क्षेत्र
बाँडेगाउँ गाविस, धुसेनी,
सिन्धुपाल्चोक, नेपाल

२०७२ माघ २०गते, बुधवार

# दुई शब्द

वेद ईश्वरको कल्याणी वाणी हो । वैदिक सिद्धान्त आफैंमा सत्य, सनातन र शाश्वत छ । मध्य कालमा मानिसहरू यस यथार्थलाई बिर्सिएर, मतमतान्तरमा अलमलिएर सत्यसनातन सिद्धान्तको स्थानमा मनगढन्ते विनाशकारी मान्यताहरूतिर लाग्न थाले । एक ईश्वरको ठाउँमा अनेकौं कल्पित ईश्वर, उनैका नाममा अनेकौं सम्प्रदाय, साम्प्रदायिक चिह्न (तिलकछाप), अनेकौं अवतार, अनेकौं पूजापद्धतिहरू, अनेकौं मतमतान्तर, अनेकौं पन्थ, अनेकौं धर्मगुरु, अनेकौं गुरुमन्त्र तथा अनेकौं अभिवादन, अनेकता र पारस्परिक टुटफुटको महासागरमा प्रभुको श्रेष्ठतम कृति यो मानव समाज र मुख्यतया संसारको मुकुट यो महान् आर्यराष्ट्र आकण्ठ डुब्न गयो । असत्यका प्रलयङ्कारी बादलहरूद्वारा सत्यको सूर्य सदाका लागि लुकाइएको अनुभव हुन थाल्यो । तर भगवान् धेरै दयालु छन् । युगौंपछि अज्ञानरूपी अनुधकारलाई चिर्दै ऋषि दयानन्दको रूपमा ज्ञानको सूर्योदय भयो । ज्ञानालोकका किरणहरूद्वारा धरती पुनः पुलकित भयो र अज्ञानान्धकार कुनै कुनामा गएर अलप भयो । यस महान् ज्योतिःपुञ्जबाट प्रकाश लिएर कयौं मानव ज्योतित भए र धन्य भए । स्वर्गीय पं. सिद्धगोपाल 'कविरत्न' पनि त्यस्तै महान् व्यक्तित्वमध्ये एक हुनुहुन्थ्यो ।

वैदिक सिद्धान्तहरुको सत्य ज्योति पाएर उहाँ कसरी साधारण स्थितिबाट माथि उठेर आर्य समाजका मूर्धन्य उपदेशक हुन पुग्नुभयो भन्ने कुराको एक शिक्षाप्रद प्रेरक कथा छ । वैदिक सिद्धान्तमा उहाँका

सरस र ओजस्वी प्रवचन तथा हृदयग्राही कविताहरूले प्रायः सबैलाई मन्त्रमुग्ध पार्दथे । आफ्नो प्रचार कालमा उहाँले सर्वसाधारणका लागि वैदिक सिद्धान्त र आर्यसमाजका दृष्टिकोणहरू बुझ्न, बुझाउनका लागि प्रारम्भिक सरल पुस्तकको अभाव अनुभव गर्नु भयो । 'दो मित्रोंकी बातें' नामक पुस्तक यसै सुदीर्घ चिन्तन एवं मन्थनको परिणाम हो ।

'दो मित्रोंकी बातें' निःसन्देह गागरमा सागर छ । यति सानो ग्रन्थमा, यति थोरै शब्दमा र यति रोचक शैलीमा प्रायः सबै वैदिक सिद्धान्तहरूको यस्तो सुस्पष्ट विवेचन स्वनाम धन्य पं. सिद्ध गोपाल जी जस्ता मेधावी तथा सिद्ध पुरुषले नै गर्न सक्ने काम थियो । यसको रोचक शैली र सुस्पष्ट विवेचनका कारण नै सत्यका जिज्ञासुहरूले यसलाई धेरै रुचिपूर्वक अपनाए र मुक्तकण्ठले प्रशंसा गरे ।

वैदिक सिद्धान्तहरूको व्याप्ति र प्रचार प्रसारद्वारा नै मानवमात्रको अशान्ति एवं कष्ट समाप्त हुनेछन् । सबै आर्यजन प्रत्येक व्यक्तिका हातमा यो ग्रन्थ पुऱ्याउने कर्तव्य पालन गर्नेछन् भन्ने विश्वास छ ।

ऋषिको अनुचर

आचार्य प्रेमभिक्षु

thearyasamaj.org

ओ३म्

# तर्कको कसीमा वैदिक धर्म

पं. उमाशंकर र दीनदयाल सहोदर दाजुभाइ थिए । दीनदयालका छोराको नाम **'कमल'** र उमाशंकरका छोराको नाम **'विमल'** थियो । उमेरमा कमल भाइ र विमल दाजु थिए । ती दुवै परस्पर घनिष्ठ मित्र थिए । धर्म, समाज, दर्शन आदि विविध विषयमा दुवैमा प्रेमपूर्वक विचार विनिमय हुन्थ्यो । एक पल्ट ती दुई जनामा निरन्तर बाह्र दिनसम्म तर्कवितर्कपूर्ण विवाद भयो । विवाद पनि कति सुन्दर, कति तर्कपूर्ण, कति मनोरञ्जक तथा कति शिक्षाप्रद ? के भनुँ र ? अति नै सुन्दर थियो । प्रातःकाल दुवै जना भेला हुन्थे, घडी राखेर समय निर्धारण गर्दथे अनि प्रेमपूर्वक एक अर्कासँग प्रश्नोत्तर गर्दथे । मेरा मित्रजन ! मेरा यी शब्दहरूलाई पढेर तपाईं मनमा सोच्नुहुँदो हो कि यति धेरै प्रशंसा गर्नुपर्ने यस्तो के विवाद थियो ? यदि तपाईं जान्न चाहनुहुन्छ भने यस संवादलाई आद्योपान्त पढ्नुहोस्, ध्यान पूर्वक पढ्नुहोस् । अनि अनुभव गर्नुहोस् कि तपाईंलाई कस्तो प्रसन्नता हनेछ, कति ज्ञान वृद्धि हुनेछ । स्मरण रहोस्, मन लगाएर पढे मात्र ज्ञान प्राप्त हुनेछ ।

पहिलो दिन प्रात:काल

# ईश्वर छ वा छैन ?

**कमल प्रश्न गर्छन्** : दाइ ! तपाई ‘सधैं ईश्वरको प्रर्थना गर्ने गर’ भन्ने गर्नुहुन्छ। आखिर त्यो ईश्वर कहाँ छ ? जसको प्रार्थना गरियोस्।

**विमल उत्तर दिन्छन्** : ईश्वर सबैतिर व्याप्त छ। कुनै ठाउँ ऊदेखि खाली छैन।

**कमल** : ईश्वर सबैतिर छ भने अन्य पदार्थहरू कहाँ छन् ? ठाउँ त सबै ईश्वरले ढाकिहाल्यो। कुनै ठाउँ ऊदेखि खाली रहेन। अनि अन्य पदार्थहरू कुनै स्थान बिना नै रहन्छन् ?

**विमल** : होइन भाइ, यो कुरा होइन। कुनै स्थान ईश्वर बिना खाली छैन भन्नुको तात्पर्य ‘उसको सत्ता सबै स्थानमा छ’ भन्ने हो। बोलीचालीमा यस्तै भन्ने गरिन्छ। ईश्वरको सत्ताले स्थानलाई ढाक्तैन, स्थानलाई ढाक्ने पदार्थ प्राकृतिक (Material) हुन्छन्। पृथ्वी, जल, अग्नि, वायु तथा तिनका परमाणुले स्थानलाई ढाक्दछन्। ईश्वर त यी समस्त पदार्थहरूमा व्यापक छ। यसैले ‘ईश्वर सबैतिर छ’ भनिन्छ।

**कमल** : ईश्वर सबैतिर छ भने किन देखिंदैन ? देखिंदैन भने ईश्वर छ भन्ने के प्रमाण छ ?

**विमल** : त्यसो भए जुन वस्तु देखिदैन, त्यो हुँदै हुँदैन त ? संसारमा धेरै यस्ता पदार्थ छन् जो छन् तर देखिदैनन्। जस्तै ठण्डी, गर्मी, सुख, दु:ख, समय, दिशा, भोक, तिर्खा, चिलाउनु, दुख्नु आदि। कुनै वस्तु नदेखिनुका धेरै कारणहरू हुन सक्छन्। संसारमा यस्ता धेरै वस्तुहरू छन्, जुन धेरै टाढा हुनाले देखिंदैनन्। जस्तै युरोप, अमेरिका तथा धेरै टाढा उड्दै गरेका पुतली या पक्षी। धेरै वस्तु

अत्यन्त नजिक हुनाका कारणले देखिंदैनन् । जस्तै आँखा र आँखामा लगाइएको गाजल । केही वस्तु धेरै सूक्ष्म (सानो) हुनाले देखिदैनन् । जस्तै परमाणु आदि । यस्तै अनेक प्रकारका कीटाणु हुन्छन्, तिनलाई सूक्ष्मदर्शक यन्त्रले मात्र हेर्न सकिन्छ । केही पदार्थ अन्य पदार्थले छेलिएका कारण देखिदैनन् । जस्तै लेउ लाग्नाले पानी, मयल लाग्नाले ऐना, पर्खालका कारणले पर्खालको पछाडिपट्टि रहेको व्यक्ति वा वस्तु । कुनै पदार्थ कुनै एक गुणमा समान हुनाले देखिंदैनन् । जस्तै दूध र पानी दुबै बग्ने पदार्थ हुनाले दूधमा पानी देखिंदैन । कतिपय वस्तु आँखामा दोष हुनाले देखिंदैनन् । जस्तै कमलपित्त हुँदा सेतोपन नदेखिनु । कुनै वस्तु नदेखिंदैमा त्यो वस्तु नै छैन भन्नु नितान्त भूल हो ।

**कमल** : मलाई त नदेखेसम्म विश्वास लाग्दैन ।

**विमल** : यो तिम्रो ढिपी हो । मैले भनिसकें कि अनेकौं वस्तुहरू आँखाले नदेखिने हुन्छन् र ती छन् भनी विश्वास गर्नुपर्दछ । तिमीलाई विश्वास लाग्दैन भने तिमी भन, मैले बोलिरहेको तिमी सुनिरहेका छौ वा छैनौ ?

**कमल** : सुनिरहेको छु ।

**विमल** : केले सुनिरहेका छौ ?

**कमल** : कानले ।

**विमल** : मैले बोलिरहेको शब्द छ वा छैन ?

**कमल** : छ, किन छैन ?

**विमल** : त्यसो भए शब्द आँखाले किन नदेखिएको त ? अर्को कुरा, मेरो हातमा यो फूल छ, भन यो केको फूल हो ?

**कमल** : गुलाफको ।

**विमल** : यसमा वास्ना छ वा छैन ?

**कमल** : छ ।

**विमल** : केबाट थाहा पायौ ?

**कमल** : नाकबाट ।

**विमल** : एउटा कुरा अझै भन, बेलुका तिमीले जुन दूध पिएका थियौ, त्यसमा गुलियो थियो वा थिएन ?

**कमल** : थियो ।

**विमल** : त्यसको अनुभव केबाट भयो ?

**कमल** : जिब्रोबाट ।

**विमल** : अब भन, शब्दको ज्ञान कानबाट, सुगन्धको ज्ञान नाकबाट र गुलियोको ज्ञान जिब्रोबाट नै किन भयो ? आँखाले शब्दको, कानले सुगन्धको र नाकले स्वादको ज्ञान किन प्राप्त गरेनन् ? अनि शब्द, गन्ध र स्वाद भएर पनि किन आँखाले देखिंदैनन् ?

**कमल** : जुन इन्द्रियको जुन विषय थियो, त्यसले त्यसको ज्ञान प्राप्त गऱ्यो । ईश्वर त कुनै इन्द्रियबाट जान्न सकिंदैन, त्यसलाई छ भनेर कसरी विश्वास गर्नु ?

**विमल** : अघि तिमीले 'ईश्वर छैन किनकि देखिंदैन' भनेका थियौ । केही बेरमा नै तिमीले कुरा फेऱ्यौ । ल भैगयो । आँखाबाहेक अरु नै इन्द्रियबाट ज्ञान हुने तर आँखाले नदेखिने वस्तु पनि हुन्छन् भन्ने कुरा त तिमीले मान्यौ । अब तिमी 'ईश्वरलाई कुनै इन्द्रियद्वारा जान्न नसकिने हुनाले उसलाई छ भनेर कसरी मानौं ?' भन्ने कुरामा छौ । इन्द्रियबाट नजानिने हुनाले तिमी ईश्वरलाई मान्दैनौ भने यी इन्द्रियहरूलाई चाहिं कसरी जान्दछौ ? यदि 'इन्द्रियलाई इन्द्रियबाट नै जान्दछु' भन्छौ भने यो आत्माश्रय दोष हो । किनभने कुनै पनि द्रष्टा आफैं दृश्य हुन सक्तैन । इन्द्रियका त विषय नै भिन्नभिन्न छन् भने इन्द्रियहरूले अर्को इन्द्रियलाई कसरी जान्न सक्तछन् ? आँखाको रूप, कानको शब्द, नाकको गन्ध, जिब्राको रस र त्वचाको स्पर्श विषय हो । नाकले आँखालाई वा जिब्राले कानलाई जान्न सक्तैन ।

**कमल** : किन सकिँदैन ? म हातमा ऐना लिएर आँखा, मुख, नाक, कान, जिब्रो आदि सबै इन्द्रियलाई ऐनामा देख्न सक्तछु । आँखाले त समस्त इन्द्रियहरूको ज्ञान प्राप्त गराइदिन्छ ।

**विमल** : भाइ ! यो तिम्रो भूल हो । आँखाले देखिने वस्तु रूप मात्र हुन्छ । अन्य इन्द्रियहरू र उनका विषयलाई आँखाले देख्न सकिन्न । ऐनाबाट इन्द्रियहरू कहाँ देखिन्छन् ? इन्द्रियहरूका गोलक अर्थात् स्थान मात्र देखिन्छन् । यसको कारण के हो भने तिनका स्थान पनि रूपयुक्त छन् । इन्द्रियहरू ती स्थानमा शक्तिरूपमा विद्यमान छन् । आँखाले अन्य इन्द्रियहरूको ज्ञान गराउने कुरा त परै जाओस्, आफैंलाई पनि देख्न सक्तैन । ऐनाबाट आँखा देखिन्छन् भन्ने तिम्रो धारणा हो भने म तिमीसँग एउटा कुरा सोध्छु । यो मेरो हातमा के छ, भन त ?

**कमल** : ऐना हो ।

**विमल** : यो ऐना त हो, यसलाई केले देख्यौ ?

**कमल** : आँखाले ।

**विमल** : आँखाले ऐनालाई देख्यौ भने ऐना हेर्नुभन्दा पहिला तिमीलाई आँखाको ज्ञान थियो । आँखा नभएका भए ऐनालाई हेर्न नै सकिने थिएन । अब भन आखाँबाट ऐनाको ज्ञान हुन्छ कि ऐनाबाट आँखाको ज्ञान हुन्छ ? ऐनाबाट आँखाको ज्ञान हुँदो हो त अन्धालाई पनि ऐनाले आँखाको ज्ञान अवश्य गराइदिने थियो । आँखा छैनन् भने ऐनाले आँखाको त के आफ्नो पनि ज्ञान गराउन सक्तैन । अलिकति गहिरिएर विचार गर्दा थाहा हुन्छ कि आँखाले जति वस्तुलाई देख्तछ, साधनहरूको सहायताले देख्तछ, स्वतन्त्र रूपले होइन । आँखा बिना रूपको ज्ञान हुन सक्तैन भन्ने कुरा त ठीक हो, तर रूपको ज्ञान पनि आँखाले आफैं गर्न सक्तैन ।

**कमल** : आँखालाई कुन साधनको आवश्यकता पर्दछ ? आँखाले त स्वतन्त्र रूपले नै देख्तछन् । आँखाको विषय नै हेर्नु हो । भन्नुहोस् आँखाले किन स्वतन्त्र रूपले देख्न सक्तैनन् ?

**विमल** : ल सुन, म अहिले सबै पदार्थलाई देखिरहेको छु । तर कारणवश अहिले घोर अध्याँरो भयो भने म यी पदार्थहरूलाई देख्न सक्छु कि सक्तिन ?

**कमल** : सक्नुहुन्न ।

**विमल** : यसबाट के बुझियो भने हेर्नका लागि आँखाले मात्र हुँदैन, प्रकाशको पनि आवश्यकता पर्दछ । प्रकाश छैन भने आँखा भएर पनि म अन्धो हुन्छु । त्यसैगरी हेर्नुपर्ने वस्तु कुनै निश्चित ठाउँमा छैन भने म प्रकाश र आँखा दुवै विद्यमान भएर पनि त्यस वस्तुलाई देख्न सक्तिन । हेर ! यो किताब हो । मैले यसका अक्षरलाई २०० मिटरको दूरीमा राखेर हेर्न चाहें भने देख्न सक्तिन । पुस्तकलाई आँखैमा टाँसेर अक्षर हेर्न चाहें भने पनि देख्न सक्तिन । अक्षरलाई देख्नका लागि निश्चित स्थान चाहिन्छ, अनि मात्र तिनलाई हेर्न र पढ्न सकिन्छ । अर्को कुरा, आँखा, प्रकाश र निश्चित स्थान भएर पनि मनको सम्बन्ध आँखासँग भएन भने आँखाले देख्न सकिंदैन । मन कुनै कार्यमा लागिरहेको अवस्थामा आँखाअगाडिबाट गएको वस्तुलाई पनि आँखाले देख्न सक्तैनन् । कहिले काहीं यस्तो पनि हुने गर्दछ कि अगाडिबाट कुनै वस्तु निस्किएर गयो र कसैले 'यहाँबाट अमुक वस्तु गएको देख्यौ ?' भनेर सोध्यो भने उत्तर आउँछ : 'मैले त ख्यालै गरिन ।' देख्नका लागि कति साधन चहिंन्छन् भन्ने कुरा अब तिमीले बुझ्यौ होला ।

**कमल** : तपाईले यी कुरा बताउनुको खास तात्पर्य के हो ?

**विमल** : अझै बुझैनौ ? जसरी ईश्वरलाई इन्द्रियहरूद्वारा जान्न सकिंदैन त्यसैगरी इन्द्रियहरूलाई पनि इन्द्रियद्वारा जान्न सकिंदैन । तापनि इन्द्रियहरूलाई मान्नैपर्दछ । अनि ईश्वरलाई मान्नमा चाहिं शङ्का किन ?

**कमल** : इन्द्रियहरूलाई कसरी जान्न सकिन्छ ?

**विमल :** इन्द्रियहरूलाई जीवात्माले अनुभवबाट जान्दछ । जब तीबाट शब्द, स्पर्श, रूप, रस, गन्धको ज्ञान प्राप्त गर्दछ, तब ऊ जान्दछ कि यी मेरा साधन हुन् जसबाट म काम लिई रहेको छु ।

**कमल :** अनि ईश्वरलाई कसरी जान्न सकिन्छ त ?

**विमल :** ईश्वर पनि अनुभवद्वारा जानिन्छ ।

**कमल :** यसको अनुभव कसलाई हुन्छ ?

**विमल :** आत्मालाई नै परमात्माको अनुभव हुन्छ ।

**कमल :** यो अनुभव कहिले हुन्छ ?

**विमल :** मनका तीन प्रकारका दोष हटेपछि अनुभव हुन्छ ।

**कमल :** यी तीन प्रकारका दोष कुनकुन हुन् ?

**विमल :** '**मल**', '**विक्षेप**' र '**आवरण**' यी तीन दोष हुन् ।

**कमल :** यिनको परिभाषा के हो ?

**विमल :** मनमा अर्कालाई हानि पुऱ्याउने विचार र आत्मामा पापको संस्कारलाई '**मल**' भनिन्छ । लगातार विषयहरूको चिन्तन अथवा मन स्थिर नहुनु '**विक्षेप**' हो । मनमा संसारका नाशवान् पदार्थहरू प्रति अभिमानको पर्दा रहनु '**आवरण**' हो ।

**कमल :** यी तीन प्रकारका दोषहरूलाई कसरी हटाउन सकिन्छ ?

**विमल :** यिनलाई हटाउनका लागि तीन वटा साधनहरू छन् ।

**कमल :** ती कुनकुन हुन् ?

**विमल :** **ज्ञान, कर्म र उपासना** ।

**कमल :** ज्ञान, कर्म र उपासनाको तात्पर्य के हो ?

**विमल :** जुन पदार्थ जस्तो छ, त्यसलाई त्यस्तै बुझ्नु अर्थात् जडलाई जड, चेतनलाई चेतन, नित्यलाई नित्य र अनित्यलाई अनित्य जान्नु '**ज्ञान**' हो । शरीर, समाज तथा आत्माको उन्नति र ती पर्दाथहरूको प्राप्तिका लागि प्रयत्न गर्नु '**कर्म**' हो । पदार्थहरूका नजिक गएर तिनका गुणहरूबाट आफ्ना दोषहरूलाई सुधार्नु '**उपासना**' हो । कल्पना गरौं, कुनै मानिसलाई चिसो लागेको छ । त्यो मानिस चिसो

हटाउनका लागि पानीको नजिक जान्छ भने त्यो उसको अज्ञान हो, ज्ञान होइन । चिसो हटाउनका लागि अग्निको ज्ञान हुनु आवश्यक छ । अनि आगो प्राप्त गर्ने कर्म गर्नुपर्दछ । त्यसपछि आगोको नजिक गएर चिसोको दोषलाई अग्निका गुण अर्थात् तातोले हटाउनु पर्दछ । तात्पर्य के हो भने ज्ञानबाट मल, कर्मबाट विक्षेप र उपासनाबाट आवरण दूर हुन जान्छन् । अनि मात्र परमात्माको अनुभव हुन्छ ।

**कमल :** यसलाई अझ स्पष्ट पार्नुहोस् । ज्ञानबाट मल, कर्मबाट विक्षेप र उपासनाबाट आवरण दोषहरू कसरी दूर हुन्छन् ?

**विमल :** ज्ञानबाट 'संसारका सबै प्राणी र पदार्थहरू नाशवान् हुन्' भन्ने कुरा बुझ्नुपर्दछ । यस कारण अर्काको अधिकारलाई खोस्ने भावना नराख्नु नै '**मल**' दोष दूर गर्नु हो । संसारका पदार्थहरूलाई जीवनको उद्देश्य ठानेर तिनको प्रयोग गर्नाले '**विक्षेप**' अर्थात् चंचलता उत्पन्न हुन्छ । संसारका पदार्थहरू साधन त हुन् तर साध्य अर्थात् जीवनको उद्देश्य चाहिं होइनन् । यस सिद्धान्तलाई बुझेर जुन कर्म गरिन्छ त्यस कर्मले मनुष्यलाई पानीमा कमललाई जस्तै संसारको ममतासँग लिप्त हुन दिंदैन । निष्काम कर्मद्वारा '**विक्षेप**' दोष हट्दछ । मानिसका मनमा रहेको अहंकार वा अभिमानको पर्दाले गर्दा ऊ परमात्मा प्रदत्त वस्तुहरूलाई आफ्नो ठान्दछ । मेरो धन, मेरी स्त्री, मेरो बल, मेरो राज्य, मेरो शासन इत्यादि अभिमानमा परी ऊ अर्कालाई दुःख दिन्छ र मभन्दा ठूलो अरु कोही छैन भन्ने ठान्दछ । तर जब ऊ ज्ञानपूर्वक कर्म गर्दछ, मन र इन्द्रियलाई बाहिरी विषयहरूदेखि हटाएर शक्तिलाई हृदयमा एकाग्र गर्दछ अनि उसलाई लाग्न थाल्दछ : 'मेरा नजिकमा परमात्मा छ र म परमात्माको नजिकमा छु ।' यसै उपासनाबाट अहंकार अर्थात् '**आवरण**' दोष हट्तछ । यसरी तीनवटा दोषलाई तीनवटै साधनद्वारा हटाउने निरन्तर अभ्यासले नै परमात्माको अनुभव गराइदिन्छ ।

**कमल** : दाजु ! तपाईंको बुझाउने तरिका त राम्रो हो । तपाईं तर्क गर्नमा धेरै चतुर हुनहुन्छ । तर मेरो प्रश्न के हो भने आखिर यस संसारलाई ईश्वरको के आवश्यकता छ र ?

**विमल** : यो प्रश्न त ठीक हो। तर ईश्वर नै नभए यो संसार कसरी बन्दछ ? यो पृथ्वी, जल, अग्नि, वायु, आकाश, सूर्य, चन्द्र, तारा, समुद्र, नदीहरू, पोखरी, छहरा, स्रोत, ताल, पहाड, वन, उपवन, लहरा, वृक्ष, फूल, फल, मह, दूध इत्यादि अनेक प्रकारका दृश्य, अनेक प्रकारका ऋतुहरू, मनुष्य, पशु, पक्षी, जलचर, थलचर, उभयचर, अण्डज, पिण्डज, उद्‌भिज, जरायुज आदि अनेक प्रकारका योनिहरू र समस्त पर्दाथहरूलाई ईश्वर बिना अरु कसले बनाउन सक्तछ ?

**कमल** : यी पदार्थहरूलाई बनाउन ईश्वरको के आवश्यकता छ ? यी त आफैं बनेका हुन् र सदादेखि छन् ।

**विमल** : संसारको कुनै पनि पदार्थ कसैले नबनाएसम्म स्वयं बन्न सक्तैन । स्वयं नै बन्ने भए त भान्से बिना भान्सा (भोजन), कुमाले बिना घडा, बाँडा बिना गहना, हलुवाई बिना मिठाई, दर्जी बिना कपडा पनि आफैं बन्नु पर्ने हो । तर त्यस्तो हुँदैन । अर्को कुरा कुनै पनि बनेको पदार्थ सदादेखि वा शाश्वत हुँदैन । प्रत्येक वस्तुमा १. **उत्पन्न हुनु,** २. **बढ्नु,** ३. **बढेर रोकिनु,** ४. **परिवर्तन हुनु,** ५. **घट्नु** र अन्त्यमा ६. **नष्ट हुनु,** यी छ विकारहरू हुन्छन् । ठुलाठुला पहाड, वृक्ष, प्राणी तथा संसारका ठुला भन्दा ठुला र साना भन्दा साना वस्तुहरू सबै उत्पन्न भएका हुन् र अन्त्यमा सबै नष्ट हुन्छन् ।

**कमल** : तर म त परमात्माले कहीं कुनै चिज बनाउँदै गरेको देख्तिन । सबै वस्तु आफैं उत्पन्न र नष्ट भइरहेका छन् । यस्तै सिलसिला सदादेखि चलिरहेको छ । पृथ्वी, जल, अग्नि, वायु र उनका परमाणुहरू जगत्‌मा विद्यमान छन् । तिनै परस्परमा मिलेर पदार्थको उत्पत्ति र अलग भएर पदार्थहरूको विनाश गरिरहेका छन् । यसमा ईश्वरको के काम ?

**विमल :** यो विचार भ्रमपूर्ण छ । पृथ्वी आदि तत्त्व तथा उनका परमाणुहरू जड हुन्, ती नमिलाई न त मिल्न सक्तछन्, न अलग हुन नै सक्छन् । मिल्नु र छुट्टिनु दुई विपरीत गुण हुन् । कुनै पनि जड अर्थात् निर्जीव पदार्थमा यी दुबै गुण एक ठाउँमा रहन सक्तैनन् । जड पदार्थमा अनेकौं गुण हुन सक्तछन् तर एउटै पदार्थमा दुई विपरीत गुण हुन सक्दैनन् । कुनै पदार्थको मिल्ने स्वभाव छ भने त्यो मिल्दै जान्छ र अलग रहने स्वभाव छ भने त्यो कदापि मिल्दैन । प्रकृकिा तत्त्वहरूमा कुनैको स्वभाव मिल्ने र कुनैको स्वभाव अलग हुने भएमा जुन तत्त्वको प्रबलता हुन्छ, त्यसैको अनुकुल काम हुन्छ । मिल्ने तत्त्वको प्रबलता छ भने जगत्लाई कहिल्यै बिग्रन दिंदैन र बिगार्ने तत्त्वको प्रबलता भएमा कहिल्यै बन्न दिंदैन । बराबरी रहने स्वभाव छ भने जहाँ दुई तत्त्व मिल्दछन्, त्यहाँ दुई नै अलग हुन्छन् । यसरी कुनै चिज बन्न सक्तैन । संसारमा प्रत्येक पदार्थ बनेको, बिग्रिएको र स्थिर रहेको देखिन्छ । जतिसुकै कल्पना गरे पनि प्रकृतिका तत्त्वहरूमा ईश्वर बिना नियमपूर्वक उत्पत्ति, स्थिति र प्रलयको सम्भावना हुनै सक्तैन । जड र चेतनामा के भिन्नता छ भने प्रथमतः जड वस्तुले काम गर्नै सक्तैन । चेतनको सहयोगले केही कार्य गरिहाल्यो भने पनि एकै प्रकारको कार्य गरिरहन्छ । कुनै कार्य गर्ने, नगर्ने वा उल्टो गर्ने भन्ने शक्ति चेतन अर्थात् ज्ञानवान् सत्तामा मात्र हुन्छ । यो गुण चेतन सत्तामा स्वभावैले विद्यमान हुन्छ ।

**कमल :** कुनै पनि पदार्थलाई कसैले बनाउँछ । यो कुरा प्रत्यक्ष देखिन्छ । गहना बनाउने बाँडा, मिठाई बनाउने हलुवाई, घडा बनाउने कुमाले, गुँड बनाउने पक्षी आदि सबै देखिन्छन् । यदि ईश्वर संसारलाई बनाउने हुँदो हो त त्यो पनि देखिन्थ्यो ।

**विमल :** विश्वास गर । बनाउने अर्थात् कर्त्ता कदापि देखिंदैन । सुनार, हलुवाई, कुमाले आदि देखिन्छन् भन्ने तिम्रो भनाइ असत्य हो । कुमाले, सुनार, हलुवाई आदि जति पनि कर्त्ता छन्, उनीहरू दुई कुराले बनेका छन् । एउटा भौतिक शरीर, अर्को अमर जीवात्मा । शरीर जीवात्माको के हो ? कार्य गर्नका निमित्त एक साधन हो । जीवात्मा यस शरीररूपी साधनलाई काममा लगाएर केही बनाउन सक्छ । यस साधनलाई काममा नलगाई कुनै वस्तु बन्न सक्दैन । सुनार, कुमाले, हलुवाई आदिको शरीर काम गर्नका निमित्त एक यन्त्र हो र त्यो देखिन्छ । शरीर पृथ्वी, जल, अग्नि, वायु, आकाश नामका पञ्चतत्त्वहरूबाट बनेको छ । यस शरीरका माध्यमले काम लिने अर्थात् कर्त्ता जीवात्मा चाहिं कदापि देखिंदैन । जीवात्माले शरीर बिना कुनै चिज बनाउन सक्तैन । उसको शक्ति सीमित छ । यसकारण परमात्मा उसलाई शरीर प्रदान गर्दछ । शरीर प्रत्यक्ष देखिन्छ । परमात्मा असीम, अन्नत र सर्वव्यापक छ । ईश्वर शरीर बिना नै आफ्नो समस्त कार्य गर्दछ । दुवै कर्त्ताहरू दृष्टिगोचर हुँदैनन् । न त जीवात्मा रूपी अल्पज्ञ र अल्पशक्तिमान् कर्त्ता देखिन्छ, न परमात्मा रूपी सर्वशक्तिमान् सर्वज्ञ कर्त्ता ।

**कमल :** आफ्नो कुनै शरीर नभएको परमात्माले यस संसारलाई कसरी बनाउन सक्तछ ? शरीर विना न त कुनै क्रिया हुन सक्छ, न त कार्य नै हुन सक्तछ ।

**विमल :** अब विचार विमर्शको आजको समय सकियो । भोलि बिहान यस प्रश्नको उत्तर दिइनेछ ।

**कमल :** ठिक छ, भोलि नै सही ।

● ● ●

**दोस्रो दिन प्रात:काल**

# के ईश्वर सृष्टिकर्त्ता हो ?

**कमल :** दाजु ! हिजोको प्रश्नको उत्तर दिनुहोस् ?

**विमल :** शरीर विना क्रिया र कार्य हुनै नसक्ने हुनाले शरीर नै नभएको परमात्माले संसार कसरी बनाउन सक्तछ ? भन्ने तिम्रो हिजोको प्रश्न थियो । भाइ ! यो पनि तिम्रो भूल हो । चेतन पदार्थ जहाँ उपस्थित हुन्छ, त्यहाँ उसले क्रिया गर्न र दिन सक्तछ । जहाँ उपस्थित हुँदैन, त्यहाँ शरीर आदि साधनहरूको आवश्यकता पर्दछ । हेर ! मैले यो पुस्तक उचालें, भन केले उचालें ?

**कमल :** हातले ।

**विमल :** यदि हात थिएन भने म पुस्तकलाई उचाल्न सक्थें वा सक्दिनथें ?

**कमल :** सक्नुहुने थिएन ।

**विमल :** अनि हातले त पुस्तक उचाल्यो । हातलाई कसले उचाल्यो ?

**कमल :** हातलाई आफ्नै शक्तिले उचाल्यो ।

**विमल :** हेर ! म आफ्नो सम्पूर्ण शरीरलाई केले हल्लाइरहेको छु ।

**कमल :** आफ्नो शक्तिले ।

**विमल :** तिमी त 'शरीर बिना कुनै क्रिया हुन सक्तैन' भन्दै थियौ । अनि शरीर बिना यस शरीरलाई क्रिया कसरी प्राप्त भयो ? यसबाट यो स्पष्ट भयो : चेतन सत्ता र उसको शक्ति जहाँजहाँ विद्यमान छ, त्यहाँत्यहाँ उसलाई शरीरको आवश्यकता नै पर्दैन । जीवात्मा शरीरभित्र हुनाले सारा शरीरलाई क्रिया दिन्छ । अनि शरीरभन्दा बाहिरका पदार्थहरूमा जीवात्मा उपस्थित नहुनाले त्यहाँ शरीरका

thearyasamaj.org

माध्यमले क्रिया दिन्छ । परमात्मा बाहिर भित्र सर्वत्र विद्यमान छ, यस कारण उसलाई शरीरको आवश्यकता पर्दैन । ऊ सारा संसारमा व्यापक भएकाले सारा संसारलाई क्रिया दिन्छ ।

**कमल :** म त आकृति भएकोले नै आकृति भएको वस्तु बनाएको देख्तछु । जस्तै हलुवाई, सुनार आदि । निराकार परमात्माले जगत्‌लाई कसरी बनाउन सक्तछ ?

**विमल :** आकृति भएका कर्त्ताले आफूभन्दा बाहिरका वस्तु बनाउँछन्, आफूभित्रका वस्तुलाई बनाउन सक्तैनन् । बाहिरका वस्तुहरूका लागि हात, गोडा आदिको आवश्यकता हुन्छ, भित्रका वस्तुका लागि हुँदैन । परमात्मादेखि बाहिर कुनै वस्तु छैन । त्यसैले उसलाई शरीरको आवश्कता छैन । हलुवाईले आफूभन्दा बाहिरका वस्तुहरू मात्र बनाउँछ । उसले आफ्ना शरीरभित्र नै बनाउन लाग्यो भने त्यसलाई कसले खाने ? अनि (कुनै वस्तु उसले शरीरभित्र नै बनाउने हो भने) उसलाई हात, पाउको के आवश्यकता हुन्छ ? शरीरभित्रका रस, रगत, मासु, हड्डी आदि पदार्थहरू हात, पाउ बिना नै बनिरहेका छन् । एउटा कुरामा अझ विचार गर । इन्द्रियहरू बाहिरका चिज बनाउँछन् र बाहिरका चिज नै देख्तछन् । यदि भित्रका चिजहरू देख्न थाले भने त बाँच्न कठिन हुन्छ । भित्रका चिजहरूको गन्ध लिएमा के हाल होला ? आँखाले मल, मूत्र, रगत, मासु आदि शरीरभित्रका वस्तु देख्न थाल्यो भने घृणाले व्याकुल भइन्छ । यो त भगवान्‌को कृपा हो कि इन्द्रियहरूले बाहिरका चिजलाई मात्र देख्तछन् ।

**कमल :** निर्माता निर्मित पदार्थमा व्यापक हुन्छ ? घडी बनाउनेले घडी बनायो । घडी अलग छ, बनाउने अलग । हलुवाईले मिठाई बनायो । मिठाई अलग छ, हलुवाई अलग । संसारको नियम यै छ कि निर्माता निर्मित वस्तुभन्दा अलग हुन्छ । अनि परमात्मा सबैमा व्यापक पनि छ र संसारलाई बनाउँछ भन्ने कुरा कसरी

सत्य हुन सक्तछ ? अर्को कुरा हात, पाउ बिना चिज कसरी बन्न सक्तछन् ? यो कुरा मैले बुझ्न सकिन ।

**विमल** : घडी बनाउने तथा हलुवाई आदि एकदेशी र अल्पज्ञ कर्त्ता हुन् । यस्ता वस्तुहरूको निर्माता वा कर्त्ता हुनुको जति दायित्व हुन्छ, त्यति तिनका क्रिया र ती पदार्थ सँगसँगै हुन्छन् । त्यहाँ ती नभएमा तीसँग सम्बन्धित क्रिया हुनै सक्तैन । जस्तै घडी बनाउनेले घडी बनायो भन्नुका तात्पर्य के हो भने उसले त्यसका पुर्जाहरूलाई परस्परमा जोडजाड गरेर त्यसमा क्रिया प्रदान गऱ्यो । घडी बनाउनेले घडीका पुर्जालाई जोडेको हो, पुर्जा बनाएको होइन । पुर्जा बनाउने कर्त्ता अरु नै छन् । घडी बनाउनेले घडीका पुर्जालाई जोड्दा ऊ घडीका साथमा रहेको हुन्छ । त्यसो नभएमा घडीका पुर्जा परस्पर मिलेर घडीको रूप धारण गर्नै सक्तैनन् । यसैगरी ती पुर्जालाई बनाउने कर्त्ता र तिनको क्रिया ती पुर्जाका साथमा हुन्छ । ती पुर्जाका कर्त्ता र क्रिया ती पुर्जाका सथमा नभए ती पुर्जा बन्न सक्तैनन् । यसैगरी जुन फलाम आदिबाट पुर्जा तयार गरिन्छन् ती फलाम आदिलाई खानीबाट बाहिर ल्याउने र तिनलाई गलाउने, सफा पार्ने व्यक्ति फलामको खानी र भट्टीका साथमा थिए । त्यहाँ ती नभएका भए खानीबाट फलाम बाहिर पनि आउँदैन र सफा पनि हुँदैन । यसबाट के स्पष्ट भयो भने घडी बनाउने कार्यमो कुनै एउटै कर्त्ताको भूमिका र क्रियात्मकता छैन । त्यो त अनेकौं कर्त्ताहरूका क्रियाबाट त्यो घडी तयार भएको हुन्छ । जुन कर्त्तासँग सम्बन्धित जुन क्रिया थियो त्यसमा ऊ त्यस क्रियाका साथमा थियो । यसैगरी हलवाई, सुनार आदि कर्त्ताहरूको पनि अवस्था हुन्छ । ती सब आआफ्ना क्रियाका कर्त्ता हुन् । बाँकी त्यस्ता सामग्रीका कर्त्ता अरु नै हुन्छन् जसले बनाएका सामग्रीका सहयोगले हलवाई, सुनार आदिले आआफ्ना क्रियालाई सफल पार्न र पदार्थ बनाउन सक्तछन् ।

अब तिमीले यो कुरा बुझेको हुनुपर्दछ कि मानिले जुन वस्तुलाई बनाउँछ त्यसमा उसको मात्र भूमिका हुँदैन, अनेकौं मानिसहरूको भूमिका हुन्छ, अनि मात्र त्यो वस्तु बन्दछ । यस्तो किन हुन्छ ? मनुष्य अल्पज्ञ र अल्प शक्तिमान् हुनाले यस्तो हुन्छ । उसले अनेक कर्त्ताहरूको सहयोग पाएर नै कुनै वस्तुलाई बनाउन सक्तछ । अनि ती कर्त्ता आआफ्ना क्रियाहरूका साथमा हुन्छन् । विचार गर, सामान्य र स्थूल क्रियाहरूमा त उनका कर्त्ता साथमा नै हुन्छन् भने धेरै ठूला तथा निकै सूक्ष्मभन्दा पनि सूक्ष्म सृष्टि बनाउने कार्यमा उसको कर्त्ता ईश्वर उसका साथमा किन हुँदैन ? सृष्टि भनेको सूर्य, चन्द्र, तारा, पहाड, वृक्ष, नदीहरू, मनुष्य, पशु, पक्षी आदिको नाम मात्र होइन, अरु पनि यस्ता अन्नत तथा सूक्ष्म पदार्थहरू छन्, जसको हामी कल्पना पनि गर्न सक्तैनौं । ती सबै वस्तुहरू सृष्टि भनिन्छन् । पाँच स्थूल भूत, पाँच सूक्ष्म भूत, पाँच तन्मात्राहरू अर्थात् शब्द, स्पर्श, रूप, रस, गन्ध, अनेक प्रकारका अणु, परमाणु आदि जसबाट सृष्टिको रचना हुन्छ, तिनलाई संयोग गराउने (जोड्ने) कोही तिनका साथमा छैन भने के ती पदार्थहरूले रूप धारण गर्न सक्तछन् ? संसारका समस्त पदार्थ प्रकृतिका परमाणुहरूद्वारा बनेका हुन् । संसारमा आजसम्म कुनै यस्तो यन्त्र बनेको छैन, जसले परमाणुलाई समाएर जोड्न सकोस् । परमाणु त्यस्तो सूक्ष्म तत्त्व हो, जसको टुक्रा हुन सक्तैन । परमात्मा ती परमाणुहरूका बाहिर, भित्र, सर्वत्र विद्यमान छ । यस कारण ऊ तिनलाई जोडेर सूक्ष्मभन्दा सूक्ष्म तथा स्थूलभन्दा स्थूल जगत् बनाउँदछ । संसारका जड पदार्हरूमा परमाणु सबै भन्दा सूक्ष्म हुन्छ । परमात्मा त्योभन्दा पनि धेरै सूक्ष्म छ । यसैले ईश्वर उसमा पनि व्यापक छ । व्यापक नभएको भए सृष्टि बनाउनका लागि उसले पनि अन्य कर्त्ताहरूका क्रियाको आश्रय त्यसैगरी लिनुपर्ने हुन्थ्यो जसरी संसारका मनुष्यादि प्राणीहरूले

अन्य कर्त्ता अथवा क्रियाको सहारा लिनुपर्दछ । यसबाट प्रत्येक कर्त्तामा आफ्नो क्रियाको जति दायित्व हुन्छ त्यति नै ऊ उसमा व्यापक हुन्छ भन्ने कुरा सिद्ध भयो । अब रह्यो हातपाउ बिना पदार्थहरू कसरी बन्छन् भन्ने प्रश्न बाँकी रह्यो । एकै छिनका लागि मानिलिऊँ कि सबै पदार्थ हात, पाउबाट नै बनाइन्छन् । त्यसो भए ती पदार्थहरू बनाउने हात, पाउ चाहिं केबाट बनाइन्छन् ? हात, पाउ पनि नै बनेकै हुन् । यदि हात, पाउ अन्य हात, पाउ बिना नै बन्न सक्तछन् भने सृष्टिका अन्य पदार्थ हात, पाउ बिना किन बन्न सक्तैनन् ? मेरो प्रश्न छ । आमाको पेटमा बालकको वृद्धि भैरहेको हुन्छ । के त्यो हात, पाउद्वारा बनाइएको हो ? पृथ्वीमा नाना प्रकारका अङ्कुर उत्पन्न भएर वृक्षको रूप धारण गरिरहेका हुन्छन् । के तिनलाई हात, पाउले बनाएको हो ? हात, पाउले त हात, पाउसँग सम्बन्ध राख्ने वस्तु मात्र बनाउन सक्तछन् । अन्य वस्तु बनाउन सक्तैनन् । हात, पाउद्वारा साना कीरा, पुतली, भुसुना र तिनका सूक्ष्म अङ्गहरू कसरी बन्न सक्तछन् ? जुन पृथ्वीमा मनुष्य आदि प्राणीहरू बस्तछन्, त्यसको परिधि २५००० माइल छ । योभन्दा पनि लाखौं करोडौं गुणा ठूला सूर्य, बृहस्पति आदि ग्रहहरू छन् । ती सबैलाई हातले बनाउन कसरी सकिन्छ ? यी समस्त पदार्थहरूलाई नियमपूर्वक बनाउने सर्वशक्तिमान् सर्वव्यापक परमात्मा नै हो र उसैले सबै कार्यलाई नियमपूर्वक चलाइरहेको छ ।

**कमल** : दाजु ! तपाईं त एक न एक नयाँ कुरा निकाल्नु हुन्छ । नियमपूर्वक कुन कार्य चलिरहेको छ ? अनि यी वस्तुहरू सबै के नियमपूर्वक बनेका छन् ? कतै अग्ला पहाड छन्, कतै गहिरा खाई छन् । कतै भयानक जङ्गल छ, कतै सम्म मैदान छ । कतै बालुवै बालुवाका मैदान छन् । कतै काँडाका झाडी छन् । यिनमा कुन चाहिं क्रम र कुन चाहिं नियम छ ? सबै यत्तिकै होचो अग्लो, अस्तव्यस्त, बिना

व्यवस्था, बिना नियम संसार बनेको छ । नियमपूर्वक भएको कार्य एकै प्रकारको हुन्छ । मानिसले घर बनाउँछ । त्यसमा नियमपूर्वक मजेरी, आँगन, कोठा, भान्सा, शौचालय आदिको व्यवस्था गर्दछ । मालीले बगैंचा बनाउँछ । त्यसमा पानी निकासको कुलेसो, पंक्तिबद्ध फूल रोप्ने ठाउँ, गमला, कुलो वा पैनी, अनेक प्रकारका बोट बिरुवाहरू आदि नियमपूर्वक लगाउँछ । पसलेले पसलका सारा वस्तुहरू नियम पूर्वक सजाउँछ । यसरी मानिसका कार्यमा त नियम पाइन्छ । तपाईं यस बेढङ्गे एवं क्रम नभएको सृष्टिलाई नियमपूर्वक भन्नुहुन्छ । यो सरासर प्रत्यक्षको विरुद्ध छ । मेरो विचारमा त सृष्टिमा कुनै नियम नै छैन ।

**विमल :** सृष्टिमा कुनै नियम छैन भन्नु अविवेकको प्रमाण हो । सूर्य पूर्व दिशाबाट उदाएर पश्चिमतिर अस्ताउनुको के कारण हो ? सूर्य किन पश्चिमबाट उदाउँदैन ? के यो कुनै नियम होइन ? मानिसले बनाएको राम्रो भन्दा राम्रो घडी पनि चल्दाचल्दै सुस्त हुन जान्छ । परमात्माले बनाएको सूर्यरूपी घडीमा एक सेकेण्डको पनि अनुतर भएको मितिलाई थाहा छ ? चन्द्रमाको घट्ने बढ्ने र हराउने नियम कस्तो अटल छ ? यसै नियमको आधारमा वर्षौं पछि हुने सूर्यग्रहण र चन्द्रग्रहणलाई पहिल्यै ठिकठिक भन्न सकिन्छ । अन्य ग्रह र उपग्रहहरूको अवस्था पनि यस्तै छ । थोरै विचार गर त । चनाको बिउबाट किन चना नै उम्रिन्छ, गहुँ उम्रिंदैन ? किन आँपबाट स्याउ वा सुन्तला उत्पन्न गर्न सकिंदैन ? बालक जन्मिएर पहिले जवान अनि वृद्ध किन हुन्छ ? पहिले बुढो भएर जवान अनि अनुत्यमा बालक किन नभएको ? किन आँखाले देखिन्छ तर सुन्न सकिंदैन ? नाकले गन्ध लिन्छ तर किन स्वाद लिन सक्तैन ? यी सबै नियम होइनन् भने के हुन् ? कतै पहाड, कतै नदी, कतै समुद्र, कतै अग्ला होचा थुम्का, कतै खाडी कतै झाडी देखेर सृष्टिलाई

नियमबद्ध छैन भन्नु अज्ञानता हो । तिमी आफ्नो बुद्धिअनुसार सृष्टिलाई बुझ्िरहेछौ । आफूले नबुझेको कुरामा दोष देख्ने संसारको चलन नै हो । एउटा कमिलो मानिसको शरीरमा चढेर, टाउकामा पुगेर विचार गर्दो हो कि कस्तो बेनियमको शरीर बनेको रहेछ । टाउकामा पनि यस्तो झाडी ? टाउकाबाट झरेर निधारमा पुगेर विचार गर्दो हो कि यहाँ त कस्तो खुल्ला मैदान रहेछ ? फेरि अलिकति तल झरेर आँखीभौंमा अल्झिंदा काँडाको जालो बिच्छ्याइएको विचार गर्दो हो । अझ तल आँखाको नजिक ठूलो खाडीको अनुभव गर्दो हो । अझ तल नाकको टुप्पामा चढेर सोच्दो हो कि यहाँ त पहाडको धेरै अग्लो चुचुरो रहेछ । नाकदेखि तल झरेर नाकका दुवै प्वाललाई देखेर विचार गर्दछ कि यहाँ सुरुङ खनेको रहेछ । अझै तल झरेर जुँगामा अल्झिएर भन्ला यहाँ घनघोर जंगल रहेछ । त्यो कमिलो आफ्नो बुद्धिको क्षमताअनुसार मानिसको शरीरलाई नाप्दछ र उसलाई बेनियमको बताउँछ । यदि कमिलाको सुविधाको लागि मानिसको शरीरलाई एकदम एकै खाले सफाचट मैदान बनाइदिने, नाकका छिद्र बन्द गरिदिने, दाह्री जुँगा, कपाल आदि केही नहुने, आँखाका खाडीलाई भरिदिने, नाकलाई काटेर निधारकै समान सबैतिर समथर गरिदिने हो भने कमिलाका लागि मानिसको शरीर नियमपूर्वक हुन सक्दो हो । अब भन यदि कमिलाको बुद्धि र भावना अनुसार मानिसको शरीरलाई बनाइदिने हो भने त्यो मानिस मानिस रहला ? अनि उसमा त्यो सौन्दर्य र ज्ञानेन्द्रिय तथा कर्मेन्द्रियहरूको व्यवहार नियमपूर्वक रहला ? कदापि रहँदैन । अर्को उदाहरण लिऊँ । कुनै कालिगढले कुनै मेसिन बनाउँछ । त्यस मेसिनमा हजारौं पुर्जाहरू हुन्छन् । कुनै पुर्जा बाटुला हुन्छन्, कुनै लामा, कुनै

चेप्टा, कुनै बाङ्गा, कुनै तेर्सा, कुनै धेरै ठुला र कुनै धेरै साना छन् । अज्ञानी व्यक्तिले त्यस मेसिनलाई देखेर 'मेसिनका पुर्जाहरू बनाउने व्यक्ति कस्तो मूर्ख रहेछ ? कुनै पुर्जा कति ठुला, कुनै कति साना, कुनै लामा, कुनै छोटा, कुनै चेप्टा, कुनै बाटुला । यो कस्तो अनियमित सिलसिला जोडेको हो ? यी कस्ता नियम बिनाका पुर्जाहरू बनाएका हुन् ?' भन्छ भने भन त कमल, त्यस मानिसको त्यस्तो सोचाइ के बुद्धिमानी हुन सक्छ ? मेसिन बनाउनेले जुनजुन प्रकारका पुर्जा बनाउन ठिक ठान्यो त्यसै प्रकार बनायो । ऊ जान्दथ्यो कि त्यसै प्रकारका पुर्जाहरूबाट नै मेसिन चल्न सक्तछ । अरु जुन हेतुले मेसिन बनाएको छ, उसका लागि त्यो प्रयोजन सिद्ध हुन सक्तछ । तर ती सारा पुर्जाहरू एकै प्रकारका बाटुला या लम्चा बनाइदियो भने मेसिन चल्न सक्ला त ? कदापि सक्तैन । यस्तै प्रक्रिया परमात्मा र उसको सृष्टिको पनि छ । यस सृष्टिरूपी मेसिनमा कतै धेरै ठुलाठुला पहाड छन्, कतै ससाना थुम्का छन् । कतै समुद्र, कतै नदीहरू, कतै वन र कतै झाडीहरू छन् । यस सृष्टिरूपी मेसिनको एउटा प्रयोजन छ त्यो प्रयोजन हो जीवहरूको कल्याण । अज्ञानी मानिसलाई सृष्टिरूपी मेसिनका पुर्जाहरू भद्दा, नराम्रा र विना नियमका प्रतीत हुन्छन् । ती न त जगतको प्रयोजनलाई बुझ्दछन्, न तिनलाई सृष्टिरूपी मेसिनका समुद्र, नदी, पहाड आदि पुर्जाहरूको उपयोगिता नै बुझ्दछन् । माली, पसले आदिको जुन उदाहरण तिमीले दियौ, तिनको नियम अत्यन्त सानो र सामान्य हो, यसकारण तिमी तिनलाई चाँडै बुझिहाल्छौ । सृष्टिको नियम विशाल र अत्यन्त सूक्ष्म छन्, तिनलाई तिमी बुझ्न सक्तैनौ । अलिकति विचार गर त ! जुन मस्तिष्कद्वारा संसारका मानिसहरू नियम बनाउँछन्, त्यो मस्तिष्क पनि त उही नियामक प्रभुले बनाएको हो जसले

सृष्टिका असंख्य नियमहरू बनाएको छ । यदि संसारको नियम नहुँदो हो त परमात्मालाई कसले मान्ने थियो ? सृष्टिका अटल नियमले नै सृष्टिकर्त्ता ईश्वरको प्रमाण दिन्छन् ।

**कमल** : ठिक छ, सृष्टि त ईश्वरले बनायो, तर ईश्वरलाई कसले बनायो ?

**विमल** : बनेका पदार्थ कार्य हुन्छन्, तिनलाई उपादान कारण र कर्त्ताको आवश्यकता हुन्छ । ईश्वर बनेको पदार्थ होइन । ऊ अनादि र सनातन हो । यसकारण 'ईश्वरलाई कसले बनायो' भन्ने प्रश्न नै उठ्तैन । जो स्वयं कर्त्ता हो, उसको कर्त्ता अरु को हुन्छ ? कर्त्ताको कर्त्ता भए त्यो कर्त्ता रहँदैन, कारण बन्दछ । जो स्वतन्त्र छ त्यही कर्त्ता हो । बनेका पदार्थ कर्त्ता हुँदैनन् । मनुष्यादि प्राणी जसलाई कर्त्ता भनिन्छ तिनको शरीर कर्त्ता होइन साधन हो । कर्त्ता आत्मा हो । 'स्वतन्त्रः कर्त्ता' ऊ स्वतन्त्र छ ।

**कमल** : कर्त्ताको कर्त्ता नहोस् तर तपाईं यो भन्नुहोस् कि हामीले ईश्वरलाई किन मान्नुपर्दछ ? हामीले उसको स्तुति, प्रार्थना, उपसना र भक्ति किन गर्नुपर्दछ ? हाम्रो जीवनसँग उसको सम्बन्ध के छ ?

**विमल** : यस विषयमा भोलि कुरा गरिनेछ ।

● ● ●

thearyasamaj.org

**तेस्रो दिन प्रातःकाल**

# ईश्वरको भक्ति किन गर्ने ?

**कमल :** दाजु ! म आइपुगें । हिजोको प्रश्नको उत्तर दिनुहोस् ।

**विमल :** तिम्रो हिजोको प्रश्न थियो : ईश्वरको भक्ति किन गर्ने ? उसको स्तुति, प्रार्थनाबाट के लाभ हुन्छ ? ल सुन । संसारका प्रत्येक पदार्थ आफ्नै भण्डार अथवा केन्द्रतिर जान चाहन्छ । यो नियम जड तथा चेतन दुवै प्रकारका पदार्थमा लागु हुन्छ । आगाको ज्वाला सदैव माथितिर जान्छ किनकि अग्निको भण्डार (सूर्य) माथि छ । माटाको डल्लालाई जतिसुकै जोडले माथि फ्याँकौं, त्यो सधैं आफ्नो भण्डार पृथ्वीतिरै आउँछ । सूर्यका किरणहरूले समुद्रको पानीलाई बाफ बनाएर हावामा सम्मिलित गराउँछन्, तर त्यो बाफ बादलमा परिवर्तित भएर पानी बनेर बर्सन्छ र अनेकौं नदी नालाहरूबाट पुनः समुद्र मै पुग्दछ । अन्य पदार्थहरूको क्रम पनि यस्तै हो । संसारमा प्रत्येक वस्तुको भण्डार विद्यमान छ । पानीको भण्डार समुद्र, अग्निको भण्डार सूर्य, वायुको भण्डार वायुचक्र, माटोको भण्डार पृथ्वी, घटाकाश, मठाकाशको भण्डार बृहदाकाश । यस्तै ज्ञानको भण्डार पनि जगत्मा विद्यमान छ र त्यो **परमात्मा** हो । मनुष्यलाई प्राप्त भएको सबै ज्ञान परमात्माबाट नै प्राप्त भएको हो । कुनै पनि मानिसलाई नपढाईकन ज्ञान प्राप्तिको योग्यता हुँदैन । मानिसलाई नपढाईकन ज्ञान प्राप्तिको योग्यता हुने भए स्कुल, कलेज, पाठशाला तथा विद्यालयहरूको आवश्यकता नै हुने थिएन, न त पढाउने शिक्षकको नै आवश्यकता हुन्थ्यो । मातापिताले आफ्ना छोराछोरीहरूलाई प्रारम्भमा बोल्न सिकाउँछन् र पदार्थहरूको ज्ञान

गराउँछन् । यो पैसा हो, यो रूपैयाँ हो, यो खाना हो, यो पानी हो, यो दूध हो, यो काका हो, यो भाइ हो आदि । यस्ता हजारौं कुराहरू याद गराउँछन् र सिकाउँछन् । पछि तिनै बालकहरू पाठशालामा गई गुरुबाट संसारका विविध विषयहरूको ज्ञान प्राप्त गर्दछन् । ती मातापिता र गुरुहरूको ज्ञान पनि आफ्नो हुँदैन । उनीहरूले पनि आफ्ना मातापिता र गुरुहरूबाट त्यही कुरा सिकेका हुन् । यसरी हरेक व्यक्ति एक अर्काबाट ज्ञान प्राप्त गर्दै आएका छन् । प्रश्न उठ्तछ : सबैले एक अर्काबाट ज्ञान प्राप्त गर्दै आएका छन् भने सृष्टिको आदिका मानिसहरूले कुन मातापिता र गुरुबाट ज्ञान सिके ? उनीहरू भन्दा पहिले त कोही छँदै थिएन । उत्तर यही हो, त्यतिखेर उनीहरूले परमात्माबाट ज्ञान सिकेका थिए । यहाँ प्रश्न उठ्न सक्तछ कि शरीर नै नभएको परमात्माले ज्ञान कसरी सिकाए र कसरी मानिसहरूलाई पढाए । यसको उत्तर हो ज्ञान दिनु र पढाउनुमा भिन्नता हुन्छ । शब्दद्वारा पढाइन्छ भने ज्ञान आत्मामा दिइन्छ । परमात्मा सर्वव्यापक भएकाले ऊ मानिसहरूमा पनि व्यापक छ जसलाई उसले सृष्टिको आरम्भमा बनाउँछ । अनि आफ्नो ज्ञानमयी शक्तिद्वारा चार ऋषिहरूका आत्मामा ज्ञानको प्रकाश गरिदिन्छ । ती ऋषिहरू हुन् : **अग्नि, वायु, आदित्य र अंगिरा** । ती ऋषि शब्दद्वारा संसारका अरु मानिसहरूलाई पढाउँछन् र पढ्ने पढाउने क्रम आरम्भ हुन्छ । परमात्माले सृष्टिको आरम्भमा ऋषिहरूलाई ज्ञान नदिएको भए पढ्ने पढाउने परम्परा चल्नै सक्ने थिएन । यसबाट 'मानिसले जति पनि ज्ञान सिकेका छन्, परम्पराबाट नै सिकेका हुन् र ज्ञानको विकास गरेका हुन्' भन्ने कुरा सिद्ध हुन्छ । त्यो विकास पनि परमात्माले दिएको बुद्धिले परमात्माले बनाएको सृष्टिलाई देखेर गरेका हुन् । मानिस ज्ञानको विकास त गर्न सक्तछ परन्तु जबसम्म अर्काबाट उसलाई ज्ञान प्राप्त गराइँदैन तबसम्म ऊ स्वयं ज्ञान प्राप्त गर्न चाहिं सक्तैन । सृष्टिको आदिमा ऋषिहरूको हृदयमा परमात्माले बीजरूप

ज्ञान दिन्छ, पछि वृक्षरूप विकास चाहिं ऋषिहरू र बुद्धिमान् मानिसहरूद्वारा हुन्छ । यही नियम सदैव रहेको छ र रहन्छ पनि ।

म बताउँदै थिएँ कि संसारका प्रत्येक पदार्थ आफ्नो भण्डारतिर जान चाहन्छन् र जान्छन् भने चेतन तर अल्पज्ञ अर्थात् थोरै ज्ञान भएको जीवात्मा त्यस ज्ञानको भण्डार चेतन परमात्मातिर किन नजानु ? ऊ परमात्मातिर जान चाहन्छ । किनभने उसको विकास अर्थात् उन्नति परमात्मा बिना हुनै सक्तैन । जडको जडबाट र चेतनको चेतनबाट विकास हुन्छ । संसारको कुनै जड पदार्थबाट चेतन जीवात्माको उन्नति हुन सक्तैन । बरु जड पदार्थहरूबाट जड शरीरको उन्नति अवश्य हुन सक्तछ तर त्यो पनि ज्ञानपूर्वक उपयोग गरेमा मात्र हुन्छ । जीवात्मा अज्ञानवश संसारका पदार्थहरूमा उन्नतिको खोजी गर्दछ तर तीबाट उन्नति हुँदैन । अनि ऊ अशान्त रहन्छ । संसारमा जति पनि दुःख छ त्यसको कारण अज्ञान हो । जीवात्मालाई पदार्थहरूको वास्तविकताको ज्ञान भए उसलाई दुःख हुने नै थिएन । जबसम्म जीवात्मा अविद्यालाई विद्या, असत्यलाई सत्य एवं जडलाई चेतन ठान्दछ तबसम्म दुःख र बन्धनहरूको आवरणले उसलाई ढाकिरहन्छ । ज्ञानको भण्डार परमात्मा नै सुखको पनि भण्डार हो । उसका अतिरिक्त सुख संसारको कुनै पदार्थमा छैन । यदि संसारका पदार्थहरूमा सुख हुन्थ्यो भने सारा संसार सुखी देखिनुपर्दथ्यो । अवस्था यस्तो छ कि संसारको प्रत्येक प्राणी सुख चाहन्छ । प्राणीले सुखको चाहना गर्नुको अर्थ के हो भने सुख ऊसँग छैन । ऊसँग सुख भैदिएको भए उसले त्यसको चाहना किन गर्थ्यो ? ईश्वरको भक्ति, स्तुति र प्रार्थनाको रहस्य यही हो कि परमात्मासँग मानिसको प्रेम होस् । यो नै उसको जीवनको उद्देश्य हो । जतिजति मानिस परमात्माको स्तुति, प्रार्थना र उपासना शुद्ध मनले गर्दै जान्छ, त्यतित्यति ऊ ईश्वरको नजिक हुँदै जान्छ र अन्त्यमा संसारका समस्त दुःख र बन्धनहरूबाट छुटेर परमानन्द प्राप्त गर्दछ ।

**कमल** : दाजु ! तपाईंको 'संसारका पदार्थमा सुख छैन' भन्ने कुरा मिथ्या हो । संसारका पदार्थहरूमा सुख नभएको भए संसारका प्राणीहरू संसारका पर्दाथहरूलाई किन चाहन्छन् ? धनमा सुख नभए मानिसहरू किन धन जम्मा गर्दछन् ? भोजनमा सुख नभए मानिस किन भोजन गर्दछन् ? कपडामा सुख नभए किन मानिस कपडा लगाउँछन् ? घर, महल आदिमा सुख छैन भने किन घर बनाउँछन् ? वास्तवमा संसारका प्रत्येक पदार्थमा सुख छ । त्यसैले मानिसहरू ती पदार्थलाई चाहन्छन् र छोड्न चाहँदैनन् । पदार्थहरूको को संयोगलाई मानिस सुख मान्दछन् र वियोगलाई दुःख मान्दछन् । अनि संसारमा सुख नभएको कुरा कसरी विश्वास गरौं ?

**विमल** : भाइ ! वास्तवमा संसारका पदार्थहरूमा सुख छैन, सुखाभास मात्र छ अर्थात् सुख झैं प्रतीत हुन्छ । सुख त प्रत्येक मनुष्यमा आफ्नै भित्र छ । मानिसले संसारको कुनै पदार्थको प्रयोग गर्दा उसलाई सुख झैं लाग्दछ । अनि ऊ ठान्छ कि यसै पर्दाथबाट मैले सुख पाइरहेको छु । वास्तवमा सुख त्यस पदार्थबाट मिलेको हुँदैन । उसैको चित्तको एकाग्रताले उसलाई सुखको अनुभव भएको हो । कुकुरले हड्डीलाई चुसिरहँदा उसका गिजा घोटिएर रगत निस्कन थाल्दछ । जतिजति रगत निस्कन्छ त्यतित्यति ऊ झन् जोडसित हड्डी चुस्दछ । ऊ ठान्दछ कि हड्डीबाट नै रगत निस्किरहेको छ, तर रगत त उसैको गिजाबाट निस्किएको हो । हड्डीमा रगत कहाँ हुन्छ ? यसैगरी संसारका पदार्थहरूमा सुख हुँदैन । सुख त आफैंभित्र छ, त्यो प्रत्येक प्राणीलाई अनुभव हुन्छ । धनमा सुख भए कुनै धनी दुःखी देखिने थिएन तर जति चिन्ता, भय, दुःख र पीर धनीलाई हुन्छ त्यति निर्धनलाई हुँदैन । कुनै धनवान् व्यक्ति बिरामी भएर कष्ट पाइरहेको छ भने त्यो धनले औषधी खरिद गर्न सक्छ, स्वास्थ्य खरिद गर्न सक्तैन । धनी मूर्खले पुस्तक किन्न सक्तछ, शिक्षकलाई नोकरका रूपमा राख्न सक्तछ तर धनले विद्या प्राप्त

गर्न सक्तैन, विद्या त परिश्रमबाट मात्र प्राप्त गर्न सकिन्छ। यसरी नै धनले भोजन खरिद गर्न सकिन्छ, भोक होइन। संसारमा त्यस्ता पनि मानिस छन्, जसका साथमा लाखौं करोडौंको सम्पत्ति छ, तर अलिकति दूध भात पनि पचाउन सक्तैनन्। धनमा सुख कहाँ छ ? भोजनमा सुख मिल्ने भए एक माना चामलको भात खाँदा जति सुख प्राप्त हुन्छ, दुई मानाको खाँदा त्योभन्दा दोब्बर सुख प्राप्त हुनुपर्ने हो। खाद्यको धर्म सुख हो भने खाद्यको वृद्धि हुँदा सुखको मात्रा पनि बढ्दै जानु पर्ने होइन र ? तर परिणाम यसको विपरीत हुन्छ। बढी भोजन गर्दा पेट चर्केर दुख्न थाल्दछ र चिकित्सकको आवश्यकता पर्दछ। भोक लागेको बेलामा रुख्खासुख्खा, नमिठै भोजन पनि अमृत समान प्रतीत हुन्छ। भोक छैन भने अमृतमा पनि स्वाद आउँदैन। यसरी नै वस्त्रहरूलाई लिऊँ। वस्त्रमा सुख हुने भए जाडोमा ऊनी र रुईका बाक्लाबाक्ला लुगा जति सुखदायक लाग्दछन् गर्मीमा पनि तिनै लुगा उस्तै सुखदायक हुनुपर्ने हो। वस्त्रको धर्म सुख हो भने प्रत्येक समयमा उसबाट सुख नै प्राप्त हुनु पर्थ्यो। गर्मीका वस्त्रले ठण्डीमा र ठण्डीका वस्त्रले गर्मीमा किन आराम दिंदैन। जसको जुन धर्म छ त्यो प्रत्येक समयमा एकै प्रकारले नै रहनुपर्दछ। जस्तै आगोको धर्म पोल्नु हो, उसलाई कुनै समयमा पनि छोएमा तुरन्त पोलिहाल्छ। मिश्रीको धर्म गुलियोपन हो, जुन समयमा खाए पनि गुलियो नै हुन्छ। यसैगरी संसारका पदार्थको धर्म सुख दिनु नै हो भने संसारका पदार्थलाई प्राप्त गरेपछि मानिसहरूले सुखको खोजी गर्ने थिएनन्। उनीहरूलाई त प्रत्येक समयमा सुखकै अनुभव हुनुपर्थ्यो। कुनै मानिसलाई १०५ डिग्री ज्वरो आएको छ, त्यसलाई रेसमी र मखमली गद्दा ओच्छ्याएको सुनका खाटमा सुताइदिनाले उसको पीडामा कुनै कमी हुन्छ ? कदापि हुँदैन। यथार्थमा संसारका पदार्थमा एक रत्ति सुख छैन। सुखको भण्डार त परमात्मा मात्र हो।

**कमल** : यदि संसारका पदार्थहरूमा वास्तविक सुख छैन र आफैंभित्र छ भने लड्डु वा जेरी खाँदा किन आनन्द आउँछ र माटो खाँदा किन आउँदैन ? भोजन गर्दा किन आनन्द आउँछ र ढुङ्गो खाँदा किन आउँदैन ? मिश्री खाँदा आनन्द आउनु र घाँस खाँदा नआउनुको कारण के हो ? कुनै सुन्दर दृश्य देख्ता आनन्द आउँछ, तर श्मशान देख्ता आनन्द आउँदैन किन हो ?

**विमल** : लड्डु, जेरी, मिश्री आदि जति पनि खान योग्य पदार्थ छन्, तिनलाई खाँदा तिनैका गुणहरूको अनुभव हुन्छ, आनन्दको होइन । जस्तै मिश्री खाँदा गुलियो अनुभव हुन्छ र खुर्सानी खाँदा पिरो अनुभव हुन्छ । न त पिरोपनको नाम आनन्द हो न गुलियोपनको । जुन वस्तुमा मानिसको चित्त एकाग्र हुन्छ त्यसैलाई ऊ आनन्द ठान्छ । मिश्रीमा आनन्द थियो भने ज्वरो आएको अवस्थामा पनि आनन्द दिन्थ्यो । परन्तु ज्वरो आएको बेला मिश्री मिठो लाग्दैन । यसै प्रकार जसलाई खुर्सानी खाने अभ्यास छैन, उसलाई खुर्सानी विषजस्तै लाग्दछ । संसारका अन्य पदार्थहरूको अवस्था पनि यही हो । अब माटो खाँदा किन आनन्द आउँदैन ? भन्ने कुरा रह्यो । माटो खाँदा पनि आनन्द आउँछ तर त्यसमा चित्तको एकाग्रता हुनुपर्दछ । कतिपय भाइबहिनीहरूले माटो खाँदै गरेको मैले देखेको छु । अनेकौं जनावरहरू कंकड, पत्थर खान्छन् । कंकड, पत्थरलाई छोडिदेऊ, रक्सी जस्तो दुर्गन्ध युक्त तीक्ष्ण नसालु, मैलो तथा अफिम जस्तो तितो वस्तुमा मानिसहरू आनन्द मान्दछन् । तर के ती पदार्थमा त्यो आनन्द छ त ? पक्कै छैन । आनन्द त उनलाई उनकै चित्तको एकाग्रताबाट प्राप्त हुन्छ । जबसम्म चित्तमा एकाग्रता रहन्छ तबसम्म आनन्द पनि रहन्छ । प्रश्न उठ्छ : कुनै पदार्थमा चित्तको एकाग्रता कसरी हुन्छ ? यसको उत्तर हो : जब मानिस कुनै वस्तुको अभ्यासी हुन जान्छ, तब त्यस वस्तुमा उसलाई क्षणिक एकाग्रता हुन थाल्दछ । कुनै वस्तुको अभ्यास

गर्दागर्दा मनमा त्यस वस्तुको संस्कार पर्न जान्छ । त्यो संस्कार बारम्बार मानिसलाई त्यसै वस्तुको प्रयोगका लागि प्रेरित गर्दछ । यही कुरा कुनै सुन्दर दृश्य देख्दाको पनि हो । मानिस आफ्नो मनलाई प्रसन्न पार्नका लागि नदी, समुद्र, वनउपवन तथा पहाडहरूको भ्रमण गर्न जान्छन् । तर यदि तीमाथि कुनै भयंकर मुद्दा चलिरहेको छ भने तिनलाई कुनै स्थानमा पनि आनन्द आउँदैन । सबै स्थान श्मशानका समान प्रतीत हुन्छन् । किनभने मुद्दाको चिन्ताले गर्दा उनका मनमा एकाग्रता हुँदैन । एउटा मान्छे आकर्षक दृश्य, सङ्गीत, गायन आदिको आनन्द लिन भनी सिनेमा हेर्न जान्छ । यता घरमा उसको प्यारो छोरो बिरामी छ । ऊ चलचित्र हेरिरहेको हुन्छ तापनि उसलाई आनन्द आउँदैन । किन ? यसकारण कि छोरो रोगग्रस्त हुनाले उसको चित्तमा एकाग्रता हुँदैन । मानौं मैले तिमीलाई स्वादिष्ठ लड्डु खान दिएँ । तिमीले त्यसलाई खान थाल्यौ । त्यतिखेरै मैले कुनै यस्तो काम गर्न थालें कि तिम्रो ध्यान अर्कोतिर गयो । त्यस बेला तिमी सबै लड्डु खाइसक्छौ, तर त्यसको स्वाद तिमीलाई थाहै हुँदैन । प्रायः यस्तो हुन्छ पनि, मानिस कुनै पदार्थलाई खाइरहेको हुन्छ तर ध्यान अर्कातिर हुनाले उसलाई त्यसको गुण अथवा दोषको हेक्का नै हुँदैन । यसबाट बाहिरका पदार्थहरूमा सुख छैन भन्ने कुरा सिद्ध हुन्छ । सुख त केवल चित्तको एकाग्रतामा छ ।

**कमल :** तपाईं त भन्दै हुनुहुन्थ्यो कि सुखको भण्डार परमात्मा हो । अब भन्दै हुनुहुन्छ कि चित्तको एकाग्रतामा सुख छ । यी दुई थरी कुरा किन ?

**विमल :** चित्तको एकाग्रतामा नै सुखस्वरूप परमात्माको अनुभव हुन्छ र उसैबाट सुख प्राप्त हुन्छ । अज्ञानी मानिस ठान्छ कि बाहिरका पदार्थहरूबाट सुख प्राप्त भइरहेको छ । यी दुई प्रकारका कुरा होइनन् । कुरा एउटै हो तर गहिराइपूर्वक सोच्नुपर्ने कुरा हो । संसारका

पदार्थहरूमा अभ्यासको कारणले क्षणिक एकाग्रता हुन्छ र त्यसैले क्षणिक आनन्द पनि प्राप्त हुन्छ। पूर्ण रूपमा भगवानको भक्तिमा मन एकाग्र गर्ने अभ्यास गर्दै जाने हो भने अन्त्यमा परमात्माको प्राप्ति हुन सक्तछ । त्यो नै मानव जीवनको परम लक्ष्य हो । यसकारण ईश्वरको स्तुति, प्रार्थना र उपासनाको आवश्यकता पर्दछ। त्यसबाट चित्त अधिकाधिक एकाग्र हुन्छ र धेरै भन्दा धेरै आनन्द प्राप्त हुन्छ।

**कमल** : जति धेरै चित्त एकाग्र हुन्छ, त्यति नै धेरै आनन्द प्राप्त हुन्छ भन्ने कुराको के प्रमाण छ ?

**विमल** : यसको प्रभावको ज्ञान म तिमिलाई जाग्रत र सुषुप्ति अवस्थाद्वारा गराउँछु । हेर ! जाग्रत अवस्थामा मानिसका वृत्तिहरू संसारका पदार्थतिर फैलिरहेका हुन्छन् । मन कहिले कुन पदार्थतिर जान्छ, कहिले कुन पदार्थतिर । यसकारण उसमा स्थिर एकाग्रता उत्पन्न हुँदैन। तर सुतेको अवस्थामा उसका मनका वृत्तिहरू नितान्त एकाग्र हुन जान्छन्। त्यस बेला उसलाई धेरै आनन्द आउँछ। अनि बिहान उठेर भन्छ : "आज म निकै आनन्दपूर्वक सुतें, धेरै मिठो निन्द्रा लाग्यो ।" उसलाई सुतेको बेलामा जुन आनन्द आयो त्यो चित्तको एकाग्रताका कारणले आएको हो। आत्माको प्रकृतिका पदार्थहरूबाट सम्बन्ध छुट्नाले र परमात्माका साथ सम्बन्ध स्थापित हुनाले यस्तो भएको हो । जीवात्माको सम्बन्ध या त परमात्मासँग हुन्छ, या प्रकृतिसँग । जति धेरै प्रकृतिसँग सम्बन्ध हुन्छ त्यति नै दुःख बढ्दै जान्छ र जति धेरै परमात्मासँग सम्बन्ध हुन्छ, त्यति नै सुख बढ्दै जान्छ। एक जना मानिस कारागार परेको छ। ऊ ज्वरोले पीडित छ। उसको पेटमा पिलो निक्लेको छ। लाखौं रूपैयाँको ऋण छ। घरमा आगलागी भयो र श्रीमती र छोराको मृत्यु भयो। तात्पर्य के भने ऊ अनेकौं दुःख र चिन्ताले ग्रस्त छ। यी चिन्ता र दुःख तबसम्म रहन्छन् जबसम्म ऊ जाग्रत अवस्थामा रहन्छ। त्यो व्यक्ति केही गरी निदायो भने निदाउन्जेल उसका सारा दुःख र चिन्ताहरू छुट्तछन्।

निदाएको अवस्थामा उसले राजकीय आनन्दको अनुभव गरिरहन्छ । मानिस मात्र होइन सुषुप्तिको अवस्थामा प्रत्येक प्राणीलाई आनन्द आउँछ । किनभने त्यसबेला मनका वृत्तिहरू फैलिएका हुँदैनन्, एक स्थानमा एकत्रित हुन्छन् । चित्तका वृत्तिहरूको एकाग्रताको नाम नै **योग** अर्थात् परमात्मासँग मेल हो । सुषुप्ति अवस्थामा त ज्ञान बिना नै जीवात्माको परमात्मासँग मेल हुन्छ । स्तुति, प्रार्थना र उपासनाद्वारा परमात्मासँग ज्ञानपूर्वक हुने मेललाई आत्मिक उन्नति भनिन्छ । त्यस्तो उन्नतिले समाधिद्वारा पराकाष्ठामा पुगेर जीवात्मालाई परमात्मामा तन्मय गराइदिन्छ । यही नै जीवनको उद्देश्य हो ।

**कमल** : स्तुति, प्रार्थना र उपासना केलाई भन्दछन् ?

**विमल** : श्रद्धापूर्वक ईश्वरका गुणहरूको वर्णन गर्नु '**स्तुति**', तिनै गुणहरूद्वारा आफ्ना दोषहरूलाई सुधार्नका निमित्त ईश्वरबाट सहायता माग्नुको '**प्रार्थना**' र संसारका पदार्थहरूबाट अहंकारको भाव हटाएर 'मेरा समीपमा परमात्मा छ र म परमात्माका समीपमा छु' भन्ने धारणा बनाउनु '**उपासना**' हो ।

**कमल** : दाजु ! तपाईं ईश्वरलाई शरीररहित मान्नुहुन्छ । संसारका धेरै मानिसहरू ईश्वरलाई शरीरधारी मान्दछन् र त्यसकै भक्ति गर्दछन् । म सोध्दछु : ईश्वरलाई शरीरधारी अथवा साकार मान्नुमा के दोष छ ?

**विमल** : यस प्रश्नको उत्तर भोलि दिउँला ।

● ● ●

चौथो दिन प्रातःकाल

# ईश्वर किन साकार छैन ?

**कमल :** दाजु ! हिजोको प्रश्नको उत्तर दिनुहोस् ।

**विमल :** तिम्रो हिजोको प्रश्न 'ईश्वरलाई साकार मान्नमा के दोष छ ?' भन्ने थियो । सुन, ईश्वरलाई साकार मान्नमा एक होइन अनेकौं दोष छन् । हेर, ईश्वरको लक्षण सच्चिदानन्द हो । यसमा तीन पद छन् । सत्, चित् र आनन्द । सत्को अर्थ हो : भूत, भविष्य र वर्तमान – यी तिनै कालमा एकनास रहने । अर्को शब्दमा भनौं भने जसमा कुनै प्रकारको परिवर्तन हुनै सक्तैन, त्यो 'सत्' हो । चेतना अर्थात् ज्ञान भएकालाई 'चित्' भनिन्छ । अनि तीनै कालमा दुःखको नितान्त अभावको नाम 'आनन्द' हो । ईश्वरमा कहिल्यै परिवर्तन नहुने, उसको ज्ञान कहिल्यै नष्ट नहुने र उसमा कहिल्यै दुःख व्याप्त नहुने हुनाले ईश्वर सच्चिदानन्द छ । संसारका जति पनि साकार पदार्थ छन् ती सबैमा परिवर्तन हुन्छ । यसैले ती सत् होइनन् । चित् त निराकार आत्मा वा परमात्मा मात्र हुन्छ । कुनै पनि साकार या शरीरधारी दुःखबाट बच्न सक्तैन । तीनै कालसम्म शरीरधारीमा आनन्द रहन सक्तैन । ठण्डी, गर्मी, भोक, तिर्खा, डर, शोक, रोग, वृद्धता, मृत्यु आदिले प्रत्येक साकार या शरीरधारीलाई सताउँछन् । ईश्वर त यस्ता सबै कुरादेखि सर्वथा अलग छ । अतः ईश्वरलाई साकार मान्दा पहिलो दोष यो हुन्छ कि ऊ 'सच्चिदानन्द' र 'निर्विकार' रहँदैन । किनभने प्रत्येक साकार पदार्थमा जन्म, मृत्यु, वृद्धि, क्षय, बुढ्याइँ आदि विकारहरू हुन्छन् । ईश्वरलाई साकार मान्दा उसमा अर्को दोष के छ भने ऊ सर्वव्यापक रहँदैन । किनभने प्रत्येक साकार पदार्थ एकदेशी अर्थात् एकै ठाउँमा

रहने हुन्छ । तेस्रो दोष यो हो कि ईश्वर 'अनन्त' र 'अनादि' रहँदैन । किनकि प्रत्येक साकार पदार्थ आकृति भएको उत्पन्न हुन्छ । तसर्थ उसको आदि हुन्छ । उत्पन्न हुने पदार्थ अनादि पनि हुँदैन र अनन्त पनि हुँदैन । जसको आदि छ उसको अन्त्य पनि अवश्य हुन्छ । जो उत्पन्न हुन्छ त्यो नष्ट अवश्य हुन्छ । जसको एक किनारा छ, उसको अर्को किनारा अवश्य हुन्छ । चौथो दोष यो हुन्छ : ईश्वर साकार भए ऊ 'सर्वज्ञ' रहँदैन । किनभने जो साकार हुन्छ, त्यो एकै ठाउँमा हुन्छ, सबैतिर हुँदैन । सबैतिर नभएपछि उसलाई सबैतिरको ज्ञान पनि हुन सक्तैन, एक स्थानको मात्र ज्ञान हुन्छ । फलतः ईश्वर 'अन्तर्यामी' पनि रहँदैन । किनभने एकदेशी भएकाले उसले प्रत्येकका मनको कुरा पनि जान्न सक्दैन । पाँचौ दोष आउँछ : ईश्वर 'नित्य' रहँदैन, अनित्य हुन जान्छ । जुन पदार्थ छ तर त्यसको कारण कुनै छैन र कुनै तत्त्वको मेलबाट बनेको पनि होइन भने त्यसलाई नित्य भनिन्छ । सबै साकार पदार्थ तत्त्वहरूका मेलबाट बनेका हुन्छन् । छैटौं दोष हुन्छ : परमात्मा 'सर्वाधार' रहँदैन, पराधार हुन्छ । परमात्मा यसकारण सर्वाधार हो कि सारा संसार उसकै सहारामा चलिरहेको छ र सारा ब्रह्माण्डलाई उसैले धारण गरेको छ । परमात्मालाई साकार मान्ने हो भने ऊ कसै न कसैको सहारामा रहनुपर्ने हुन्छ । यस कारण नै मतवादीहरूले ईश्वरलाई साकार मानेर उसको स्थान निर्धारण गरेका छन् । कसैले सातौं आकाश, कसैले चौथो आकाश, कसैले क्षीरसागर, कसैले गोलोक, कसैले वैकुण्ठ लोक आदि स्थानलाई ईश्वरको वासस्थान भनेका छन् । जुन परमात्माको आधारमा यो सारा जगत् छ, मानिसहरूले उसैलाई साकार मानेर जगत्लाई उसको आधार बनाइदिए । यो अत्यन्त दुःखको कुरा हो । जब परमात्मा नै जगत्को साहारामा रह्यो भने फेरि जगत् कसको साहारामा रहन्छ ? ईश्वरलाई साकार मान्नमा यस्तै प्रकारका अरु पनि धेरै दोषहरू हुन्छन् ।

**कमल :** विद्वान्हरूको विचारमा ईश्वर निराकार त छ । तर ऊ समयसमयमा अवतार धारण गरी साकार हुन जान्छ । जस्तै : 'बाफ' निराकार छ, तर कुनै समयमा त्यो जमेर 'बादल' या 'हिउँ' बन्दछ । आगो सर्वव्यापक र निराकार छ तर कुनै समयमा 'स्थूल' रूपमा प्रकट हुन्छ । यस्तै अनेकौं उदाहरण दिन सकिन्छ । जब संसारका भौतिक पदार्थहरू निराकारबाट साकार हुन्छन् भने परमात्मा निराकारबाट साकार हुन किन सक्तैन ?

**विमल :** बाफ र आगोको जुन उदाहरण तिमीले दियौ, त्यो ठीक प्रतीत हुँदैन । अलिकति गहिरिएर सोच ! बाफ र आगो एउटै पदार्थ होइनन्, ती त अनेक परमाणुहरूका समुदाय हुन् । पानीका असंख्य सानासाना परमाणुहरू बाफ बन्दछन् । तिनै परमाणुहरू पुनः स्थूल भएर बादल, हिउँ र पानीको रूप धारण गर्दछन् । यदि बाफ एउटै परमाणु हो र एउटै रस हो भने त्यो कदापि स्थूल हुन सक्ने थिएन । अग्निका परमाणुको पनि यही अवस्था हो । यिनीहरू अनेक हुनाका कारण परस्परमा मिलेर स्थूल हुन जान्छन् र अग्निको प्रचण्ड रूप धारण गर्दछन् । यस्तै 'अग्नि' सर्वव्यापक एवं निराकार हो भन्नु भयंकर भूल हो । पृथ्वी र जल भन्दा अग्नि सूक्ष्म छ । यस कारण अग्निलाई पृथ्वी र जलमा व्यापक मान्न सकिन्छ । परन्तु अग्नि आकाश र वायुभन्दा सूक्ष्म छैन । बरु आकाश र वायु चाहिं अग्निमा व्यापक छन्, किनकि यी दुवै अग्निभन्दा सूक्ष्म छन् । सूक्ष्म पदार्थ स्थूलमा व्यापक हुन्छ । जुनजुन पदार्थमा अग्नि व्यापक छ, ती सबै पदार्थ रूपवान् हुन्छन् । संसारका जति पनि रूप देखिन्छन्, ती सबै अग्निको व्यापकताका कारणबाट देखिएका हुन् । किनभने अग्निको गुण नै रूप हो । यसबाट सिद्ध भयो : भौतिक पदार्थ सूक्ष्मबाट स्थूल र स्थूलबाट सूक्ष्म यसकारण हुन्छन् कि ती अनेक परमाणुहरूबाट मिलेर बनेका हुन्छन् । परमात्मा सर्वव्यापक, एक र एकरस छ । त्यसकारण ऊ निराकारबाट साकार हुन सक्तैन ।

अब रह्यो 'ईश्वर समयसमयमा अवतार धारण गर्दछ' भन्ने कुरा । यो त कोरा कल्पना सिवाय अरु केही पनि होइन । 'अवतार' शब्दको अर्थ हो : उत्रनु अथवा कसैमा उत्रिनु । उत्रिने र चढ्ने व्यवहार एकदेशी अर्थात् एक स्थानमा रहने पदार्थमा मात्र हुन सक्तछ, सर्वव्यापकमा हुन सक्तैन । जो सर्वव्यापक छ त्यो आउने, जाने, उत्रिने, चढ्ने जस्ता कुरा सर्वथा असम्भव हुन्छ । जो सबैतिर छ भने त्यो कहाँबाट आउँछ र कहाँ जान्छ ?

**कमल** : के त्यसो भए कंस, रावण, हिरण्यकश्यपु आदि दुष्टहरूलाई मार्नका लागि ईश्वरको अवतार भएको होइन ? के भविष्यमा दुष्टहरूको दमनका लागि ईश्वरको अवतार हुनेछैन ? मैले त 'जबजब धर्मको नाश हुन्छ, तबतब अवतार हुन्छ' भन्ने सुनेको छु ।

**विमल** : ईश्वरको अवतार न त कहिले भएको छ, न कहिल्यै हुनेछ । समयसमयमा जुन महापुरुषहरू उत्पन्न भए, तिनले दुष्टहरूको दमन गरे अथवा जनतालाई सही मार्ग देखाए । मानिसहरूले ती महापुरुषहरूलाई नानाभाँतिका उपाधिहरू प्रदान गरेका हुन् । कसैले ती महान् पुरुषहरूलाई 'पैगम्बर' माने, कसैले ईश्वरको पुत्र माने, कसैले ईश्वरको अवतार माने भने कसैले उनलाई साक्षात् ईश्वर माने । परन्तु ती सबै मनुष्य नै थिए । थोरै विचार गरौं त ! जुन ईश्वरले शरीर बिना नै शरीरधारी प्राणीहरूलाई उत्पन्न गर्न सक्तछ भने त्यसले शरीर बिना नै शरीर धारी प्राणीहरूलाई मार्न पनि सक्तैन ? आज पनि संसारमा असंख्य प्राणीहरू उत्पन्न भइरहेका छन् र मरिरहेका छन् । के ईश्वरले शरीर धारण गरेर तिनको उत्पत्ति र विनाश गरिरहेको छ ? ईश्वरको एउटै भूकम्पले लाखौं प्राणीहरू मर्दछन् । एउटै आँधीमा ठूला सहरहरू विध्वंस हुन्छन् । एउटै प्लेग, महामारी, हैजा आदि रोग लागेर लाखौं मानिसहरूको संहार हुन जान्छ । त्यस्तो के अचम्मको कुरा हो कि तुच्छ प्राणीलाई मार्न ईश्वरले अवतार लिन परोस् । उसका अगाडि

रावण, कंस आदि के हुन् ? जुन परमात्मा शरीर बिना नै सृष्टिको उत्पत्ति, प्रलय र स्थिति गर्दछ त्यसले 'दुष्टहरूलाई मार्नका निमित्त अवतार लिन्छ' भन्नु सर्वथा हाँसो उठ्दो र परमात्माको घोर अपमानको कुरा पनि हो । **'जबजब धर्मको नाश हुन्छ, तबतब ईश्वरको अवतार हुन्छ'** भन्नु पनि भूल हो । अवतारलाई मान्नेहरू प्रायः यसै कुरालाई धेरै भन्ने गर्दछन् । तर यो भनाइ उनीहरू कै सिद्धान्तअनुसार खण्डित हुन्छ । हेर, अवतारवादीहरू मुख्य दश अवतार र चार युग मान्दछन् । सत्य, त्रेता द्वापर र कलियुग । सत्ययुगमा धर्मका चारै चरण मान्दछन् । त्रेतामा धर्मका तीन चरण र पापको एक चरण मान्दछन् । द्वापरमा धर्मका दुई चरण र पापका दुई चरण अर्थात् आधा पुण्य र आधा पाप मान्दछन् । अनि कलियुगमा धर्मको एक चरण र पापका तीन चरण मान्दछन् । अब अवतारहरूको क्रम बारे केही विचार गरौं । सत्ययुगमा चार अवतार मान्दछन्, त्रेतामा तीन, द्वापरमा दुई र कलियुगमा एक अवतार हुने कुरा मान्दछन् । अन्तिम अवतार कलिको अन्त्यमा निष्कलङ्क भगवान्को रूपमा प्रकट हुने कुरा अवतारवादीहरू मान्दछन् । अब सोच्नुपर्ने र बुझ्नुपर्ने कुरा यो छ कि जब सत्ययुगमा चारै चरण धर्मका छन्, अर्धम छँदै छैन भने कुन प्रयोजनका लागि चार अवतार ? त्रेता युगमा जब धर्मका तीन चरण रहे भने किन एक अवतार कम हुन गयो र तीन अवतार रहे ? द्वापरमा आधा धर्म आधा पाप हुन्छ भने अवतार घटेर दुई मात्र किन भए ? अनि कलियुगमा धर्मको एक चरण मात्र बाँकी रहेर अधर्मका तीन चरण हुँदा अवतार चाहिं घटेर किन एक मात्र रह्यो ? त्यो पनि किन कलियुगको अन्त्यमा हुन्छ ? अधर्मको वृद्धिका साथसाथमा अवतारहरूको संख्या पनि बढ्दै जानुपर्ने थियो । जतिजति अर्धमको संख्या बढ्दै गयो त्यतित्यति अवतारको संख्या घट्तै गयो । अब भन त धर्मको हानिका साथ अवतारहरूको सम्बन्ध के रहन गयो ?

**कमल** : उनीहरूले मानिसले देखाउन नसक्ने ठूलाठूला चमत्कार देखाए । जस्तै गोवर्धन पर्वतलाई औंलाले उचाल्नु आदि । यसबाट 'उनीहरू ईश्वर कै अवतार थिए' भन्ने कुरा बुझिन्छ ।

**विमल** : पहिलो कुरा त कसैले औंलाले पर्वतलाई उचाल्यो भन्ने कुरा नै गलत हो । यदि दुर्जनतोष न्यायले यसलाई सही नै मान्ने हो भने तापनि यसमा ईश्वर या ईश्वरका अवतारको कुनै महत्ता प्रकट हुँदैन । किनभने जुन ईश्वरले सूय, चन्द्र, नक्षत्र आदि ग्रहहरूलाई र उपग्रहहरूलाई आफ्नो शक्तिले धारण गरेको छ, उसका लागि गोवर्धन जस्ता पर्वत त तोरीको गेडो जत्ति पनि होइन । जुन पृथ्वीमा तिमी हामी बस्छौं, त्यसमा साना ठूला लाखौं पहाडहरू छन् । यस पृथ्वीलाई नै परमात्माले धारण गरेको छ भने विचरा गोवर्धन पहाडको के गणना ? यदि ईश्वर या ईश्वरको अवतार भएर कसैले गोवर्धन पर्वतलाई उचालिहाल्यो भने पनि त्यो कुन चाहिं बहादुरीको कुरा भयो र ? यदि एम. ए. को कुनै विद्यार्थीले दुई वा तीन कक्षाको कुनै प्रश्नको समाधान गऱ्यो भने उसले कुन चाहिं ठूलो काम गऱ्यो ? हो, बरु दुई वा तीन कक्षाको बालकले एम.ए.को प्रश्नको उत्तर समाधान गरिदियो भने वास्तवमा उसको प्रशंसाको कुरो आउँछ । यसैगरी मानिस भएर यदि कसैले पहाड उचालेको भए त वास्तवमा एक चमत्कार हुन्थ्यो । किनभने मानिसबाट त्यो आशा थिएन, जुन उसले गरेर देखाइदियो । ईश्वरको अवतार भएर एउटा पर्वत उठायो भने यसमा न त कुनै चमत्कार छ, न यसमा उसको कुनै महानता ।

**कमल** : तपाईंको विचारअनुसार ईश्वरको अवतार हुदैन भने उसलाई सर्वशक्तिमान् कसरी मान्न सकिन्छ ? ईश्वर भएर अवतार लिन पनि सक्तैन भने उसमा सर्वशक्तिमत्ता पनि कहाँ रह्यो ? सर्वशक्तिमान् त त्यो हो जसले सबै सबै कार्य गर्न सक्दछ ।

**विमल :** भाइ ! तिमीले विचार गरेनौ । ईश्वर अवतार लिनाले सर्वशक्तिमान् हुने होइन, बरु अल्पशक्तिमान् हुन्छ । कसरी ? सुन, जुन परमात्मा शरीर धारण नगरीकनै हात बिना नै काम गरिरहेको थियो, अब ऊ हातले काम गर्नेछ । पहिले आँखा बिना नै देखिरहेको थियो, अब आँखाले देख्नेछ । पहिले कान बिना नै सुनिरहेको थियो, अब ऊ कानले सुन्नेछ । तात्पर्य के हो भने अवतार लिनुभन्दा पहिले आफ्ना सारा कार्यहरू शरीर बिना नै गरिरहेको थियो, तर अब शरीरको सहारा लिएर काम गर्नुपर्ने हुन्छ । अर्काको साहारा वा अधीन बन्न गयो भने सर्वशक्तिमान् कहाँ रह्यो ? जसरी अल्पज्ञ जीवात्मा आफ्नो काम गर्नका लागि अर्काको सहारा लिन्छ, उसैगरी परमात्मा पनि शरीरको अधीन हुने भयो । यसरी मान्ने हो भने मनुष्य र परमात्मामा के अन्तर रह्यो ? जसरी मनुष्यलाई भोक, तिर्खा, ठण्डी, गर्मी आदिले सताउँछ, त्यसरी नै शरीरधारी परमात्मालाई पनि सताउन थाल्दछ । जसरी राग, द्वेष, ज्वरो, दुःख, पीडा आदि मानिसमा हुन्छन्, त्यसरी नै ईश्वरमा पनि हुन थाल्दछन् । सबैभन्दा ठूलो दोष यो हुन्छ कि ईश्वरले अवतार लिनासाथै ऊपराधीन हुन जान्छ, स्वाधीन रहँदैन । यदि स्वाधीन रहेन भने ईश्वर कसरी भयो ? कतै उसलाई भोजनको आवश्यकता पर्दछ । कतै पानीको, कतै लुगाको, कतै बस्ने ठाउँको र कतै हिड्ने बाटाको आवश्यकता पर्दछ । यस अघि समस्त काम आफ्नै शक्तिले गर्ने ईश्वर अवतार लिएपछि शरीरको सहायताले काम गर्न थाल्यो भने उसलाई सर्वशक्तिमान् कसरी मान्न सकिन्छ ? कुनै एउटा मानिसले अर्को मानिसलाई आफ्नो आँखाको आर्कषण शक्तिले बेहोस गर्रादिन्छ र अर्को मानिसले औषधि खुवाएर बेहोस गराउँछ भने ती दुईमा कुन चाहिं शक्तिशाली हो ? शक्तिशाली त त्यो हो जसले आँखाको शक्तिले बेहोस गराइदियो कि कसो ? किनभने उसलाई अर्कालाई बेहोस गराउन औषधिको सहारा चाहिंदैन । अब त तिमीले राम्रोसँग बुझ्यौ

होला कि अवतार धारण नगर्ने ईश्वर सर्वशक्तिमान् हुनसक्तछ, अवतार धारण गर्ने ईश्वर सर्वशक्तिमान हुन सक्तैन । 'सर्वशक्तिमान्‌ले सबै थोक गर्न सक्तछ' भन्ने तिम्रो जुन विचार छ त्यो चाहिं भ्रान्ति बाहेक केही होइन । सर्वशक्तिमान् शब्दको अर्थ हो : 'उसमा सबै शक्तिहरू छन् । ऊ संसारका सूक्ष्मभन्दा सूक्ष्म पदार्थलाई संयोग गराउन सक्तछ र अलग गराउन पनि सक्दछ । समस्त जीवहरूलाई कर्मानुसार फल दिन सक्तछ । सृष्टिको उत्पत्ति, स्थिति र प्रलय गर्न सक्तछ । सृष्टिलाई नियमपूर्वक चलाउन सक्तछ ।' आदि । तात्पर्य के हो भने परमात्माले आफ्नो कार्य गर्नको लागि अर्काको सहारा कदापि लिंदैन । यही हो ईश्वरको सर्वशक्तिमत्ता । असम्भवलाई सम्भव गर्न सक्नुको अर्थ सर्वशक्तिमान् हुनु कदापि हुन सक्तैन ।

**कमल** : के ईश्वर असम्भवलाई सम्भव गर्न सक्तैन ? यदि सक्तैन भने त्यो ईश्वर नै होइन ।

**विमल** : असम्भवलाई सम्भव नगर्नु, नियमलाई अनियम नगर्नु नै ईश्वरको ईश्वरता हो । तिम्रो विचारमा ईश्वरले असम्भवलाई सम्भव गर्न सक्ने भए भन, ईश्वरले आफूलाई नष्ट गर्न सक्तछ ? वा सक्तैन ? ईश्वरले आफूजस्तो अर्को ईश्वर बनाउन सक्तछ वा सक्तैन ?

**कमल** : ईश्वरले आफूलाई चाहे नष्ट नगरोस् तर यदि ऊ सर्वशक्तिमान् हो भने आफू समान अर्को ईश्वर बनाउन अवश्य सक्तछ होला । होइन र ?

**विमल** : होइन भाइ ! ईश्वरले आफू समान अर्को ईश्वर बनाउन सक्तैन । कल्पना गरौं कि आज ईश्वरले अर्को ईश्वर बनायो । अब विचार गरौं : के बनाएको ईश्वर बनाउने ईश्वरकै समान हुन्छ त ? हुँदैन । किनभने एउटा ईश्वर पुरानो हुनगयो, अर्को नयाँ भयो । एक अनादि रह्यो, अर्को आदि भयो । एउटा बनाइएको ईश्वर भयो अर्को नबनाइएको ईश्वर रह्यो । नबनाइएको ईश्वरमा आयुको सम्बन्ध छैन, किनभने ऊ नित्य छ । बनाइएको ईश्वरको आयु आजैदेखि सुरु

भयो, किनकि ऊ त आजै बनाइएको हो । बनाउने ईश्वर व्यापक रह्यो भने बनाइएको ईश्वर व्याप्य भयो । दुवै त व्यापक हुनै सक्तैनन् । यदि आधाआधा व्यापक भए भन्छौ भने दुवै सर्वव्यापक भएनन् । सर्वव्यापक नरहेपछि दुवै ईश्वर भएनन् । अतः सर्वशक्तिमान्को अर्थ सबै थोक गर्न सक्नेछ भन्ने होइन । ईश्वर त्यही गर्न सक्तछ जुन कार्य उसले गर्नुपर्दछ ।

**कमल** : ईश्वरको अवतारलाई मान्यता दिएमा के हानि हुन्छ ?

**विमल** : जब ईश्वरको अवतार नै हुँदैन तब उसलाई मान्नु सत्यको गला घोट्नु हो । यो नै एउटा ठूलो हानि हो । अर्को हानि यो हो कि सारा संसारको उन्नति गर्ने परमात्माको अवनति हुन जान्छ । किनभने ऊ नारायणबाट नर बन्दछ । नरबाट नारायण बन्नुलाई उन्नीतीको सूचक भन्न पनि सकिन्छ, तर नारायणबाट नर बन्नु त सरासर आफ्नो पदबाट तल झर्नु हो । कुनै रंक यदि राजा हुन गयो भने वास्तवमा उसको उन्नति भयो, तर राजाबाट रंक हुन गयो भने उसलाई उन्नति भएको भनेर लाटा सिवाय अरु कसले मान्न सक्तछ ? तेस्रो हानि यो हुन्छ कि हरेक पाखण्डीले आफूलाई ईश्वरको अवतार भन्न थाल्दछ र सिधासादा नर-नारीहरूलाई ठगेर आफ्ना जालमा फँसाएर उनीहरूको धर्मकर्म नष्ट गरिदिन्छ । तिनीहरूलाई चेला र चेली बनाएर तीबाट धन लिएर खुब मजा उडाउन थाल्छ । आज विश्वमा कैयौं यस्ता पाखण्डीहरूका उदाहरणहरू विद्यमान छन् जसले आफूलाई अवतार घोषित गरी स्त्री र पुरुषहरूको धर्म तथा धन लुटेका छन् । चौथो हानि अवतार मान्नाले यो हुन्छ कि मानिसहरू अत्याचारलाई सहन गर्ने हुन्छन् । जब दुष्ट र पापीहरू अत्याचार गर्दछन्, छोरी चेलीहरूको इज्जत खराव गरी सम्पत्ति लुटेर लैजान्छन्, घर तथा बजारमा आगो लगाइदिन्छन् तब अवतारवादीहरू हातमा हात बाँधेर चुपचाप बसिरहन्छन् । उनीहरू

अन्याय र अत्याचारको प्रतीकार गर्दैनन् । उनीहरू सोच्तछन् अन्याय र अत्याचारलाई रोक्नु हामीले सक्ने कुरै होइन, जब भगवान्ले अवतार धारण गर्नेछन् तब दुष्टहरूको संहार आफैं हुनेछ । जब धर्मको स्थापना हुनेछ तब पाप हट्नेछ । अनि पृथ्वीको भार हलुका हुनेछ । इत्यादि । वास्तवमा यो धेरै ठूलो कायरता हो । ईश्वरको अवतार मान्नाले नै मानिसहरूमा यस्तो कायरता उत्पन्न भयो । जुन समुदायमा ईश्वरको अवतार मानिँदैन, तिनीहरू आफ्ना दुश्मनहरूका साथ हिम्मत गरी स्वयं कम्मर कसेर बदला लिन्छन् । उनीहरू कहिल्यै सोच्तैनन् कि अन्यायी र अत्याचारीलाई मर्नका लागि ईश्वरको अवतार हुन्छ । उनीहरू ठान्दछन् : जसरी यी अत्याचारीलाई परमात्माले हात पाउ दिएका छन्, त्यसरी नै हामीलाई पनि दिएका छन् । तसर्थ हामीले अगाडि बढ्नुपर्छ । यसरी उनीहरू डटेर शत्रुको सामना गर्दछन् । उनीहरू आफुले गर्ने काम ईश्वरमाथि छोड्दैनन् । भाइ कमल ! म तिमीसँग सत्य कुरा गर्दैछु । यस अवतारको सिद्धान्तले गर्दा आर्य जातिलाई धेरै पतित र पद्दलित बनाएको छ । यसले आत्मविश्वास (Self Confidence) लाई जातिबाट सर्वथा निर्वासित गरिदिएको छ ।

**कमल** : दाजु ! तपाईंका युक्तिहरूको प्रभाव त ममा धेरै पऱ्यो । अब भन्नुहोस् : ईश्वर निराकार छ भने हामीले उसको ध्यान कसरी गर्ने त ?

**विमल** : परमात्माको कृपा हो कि तिमीमा सत्य सिद्धान्तहरूको प्रभाव पर्न गयो । जुन प्रश्न तिमीले अहिले गरेका छौ । त्यसको उत्तर म विचारपूर्वक भोलि दिनेछु ।

● ● ●

## पाँचौं दिन प्रात:काल

# ईश्वरको ध्यान कसरी गर्ने ?

**कमल :** लौ दाजु ! म निर्धारित समयमा आइपुगें । हिजोका प्रश्नको उत्तर दिनुहोस् । ईश्वर निराकार छ भने उसको ध्यान कसरी गर्ने ?

**विमल :** ध्यान दुई प्रकारका हुन्छन् । एक संसारका प्राणीहरू र पदार्थहरूको ध्यान । अर्को सर्वव्यापक, सर्वनियन्ता, इन्द्रियहरूदेखि रहित, परम प्रभु परमात्माको ध्यान ।

संसारसँग सम्बन्ध राख्ने वस्तुहरूको ध्यान उनलाई देख्दा वा उनको वियोग हुँदा हुन्छ । जस्तै एक जना भाइलाई मैले कोलकातामा देखें । उनीसँग परिचय भयो । फेरि ५-६ वर्ष पछि मैले उनलाई मुम्बईमा देखें । अब मलाई ध्यान आयो कि यी त उनै भाइ हुन् जसलाई मैले कोलकतामा देखेको थिएँ । अर्को ध्यान चाहिं वियोग हुँदा हुन्छ । जस्तै मेरा एकजना साथी जोसँग मेरो अत्यन्त प्रेम छ । उनी बाहिरतिर भ्रमणका लागि गए । अब मलाई उनको बारम्बार ध्यान आउँछ । नजाने यस बेला उनी कहाँ छन् होला ? जबसम्म हामी दुवै एक अर्कालाई देखिरहेका थियौं तबसम्म ध्यानको कुनै सम्बन्ध थिएन । किनभने जुन वस्तु अगाडि छ उसको ध्यान कसरी ? जब ऊसँग वियोग भयो तब उसको ध्यान आउन थाल्यो । यो त भयो सांसारिक वस्तुहरूको ध्यानको कुरा ।

ईश्वरको ध्यानको कुरा योभन्दा सर्वथा भिन्न छ । ईश्वरको ध्यानको अर्थ हो : मनलाई निर्विषय बनाउनु अर्थात् मन र इन्द्रियहरूमा फैलिएको आत्माका शक्तिहरूलाई आत्मामा नै एकत्र गर्नु । जबसम्म मन र इन्द्रियहरू संसारका विषयतिर

लागिरहन्छन् तबसम्म आत्माले ईश्वरको ध्यान गर्नै सक्तैन । ईश्वरको ध्यान गर्नका लागि मन र इन्द्रियहरूलाई विषयतिर जानबाट अभ्यासपूर्वक रोक्नु अत्यन्त आवश्यक छ । यो याद राख्नु पर्दछ : 'ध्यान' योगका आठ अङ्गहरू मध्ये सातौं अङ्ग हो । पहिले 'यम, नियम, आसन, प्राणायाम, प्रत्याहार र धारणा' यी ६ अङ्गहरूको पालना गर्नु अत्यावश्यक छ । तब मात्र मानिस ध्यानको अधिकारी बन्दछ । नियम अनुसार ६ अङ्गहरूको पालना भएमा ध्यान आफैं लाग्न थाल्दछ । योगका छ अङ्गहरूभन्दा पछि हुने ध्यान पहिल्यै मूर्तिबाट कसरी हुन सक्तछ ?

**कमल** : दाजु ! यो मन धेरै चञ्चल छ । निराकारमा यो कसरी लाग्न सक्तछ ? ध्यानमा मन लगाउनका लागि त साकार पदार्थको सहारा चाहिन्छ । साकार पदार्थ बिना मनमा स्थिरता हुन सक्तैन ।

**विमल** : प्यारा भाइ ! मन निराकारमा नै स्थिर हुन्छ । बरु साकारमा पदार्थमा मन स्थिर हुनै सक्तैन । किनभने साकार पदार्थ शब्द, स्पर्श, रूप, रस र गन्ध आदि विषययुक्त हुन्छन् । यस कारण ती विषयमा फँसेर मन चञ्चल हुन्छ । साकार पदार्थमा मन स्थिर हुने भए सारा संसार नै साकार छ, सबैको मन स्थिर भइहाल्ने थियो । तर त्यस्तो हुँदैन । जतिजति सांसारिक पदार्थमा मन फँस्दै जान्छ त्यतित्यति मानसिक चञ्चलता झन् धेरै बढ्दै जान्छ । गहिरिएर विचार गरेमा थाहा हुन्छ कि मन स्थिर हुने नै होइन । मन स्थिर हुनु त मृत्यु हो । मन स्थिर हुनेबित्तिकै मानिस मरिहाल्दछ । वास्तवमा मनका बाहिरी वृत्तिहरू अन्तर्मुखी हुनु नै मानसिक स्थिरता अर्थात् मन लाग्नु हो । जबसम्म मनुष्य जीवित रहन्छ, तबसम्म मनुष्यको मन गतिशील नै रहन्छ ।

**कमल** : त्यसो भए मूर्तिद्वारा ईश्वरको ध्यान गर्ने मानिसहरू भूलमा छन् त ? मेरो विचारमा त मूर्तिद्वारा नै मनको चञ्चलता दूर हुन सक्तछ । यसैले मानिसहरू राम, कृष्ण, शिव, विष्णु आदिका मूर्तिलाई पुज्दछन् ।

**विमल** : मूर्तिद्वारा ईश्वरको ध्यान कदापि हुन सक्तैन । मैले पहिले भनिसकेको छु : ध्यानको अर्थ हो, मनलाई निर्विषय गर्नु । मूर्तिमा चाहिं पाँचै विषयहरू वर्तमान छन् । मोटामोटी हेर्ने हो भने मूर्तिमा रूप त छ नै । मूर्तिमा चढाइने मेवा, मिष्ठान्न, दूध, जल आदिमा रस छँदैछ । त्यहाँ चढाइने फूलहरूमा गन्ध विद्यमान छ । त्यहाँ बजाइने शङ्ख, घण्ट आदिमा शब्द छ । मूर्ति स्वयं पनि पाँच तत्त्वहरूबाट नै बनेको छ । तिनको धर्म नै शब्द, स्पर्श, रूप, रस र गन्ध हुन् । अनि मूर्तिबाट मनको चञ्चलता कसरी दूर हुन सक्तछ ? मूर्तिबाट मनको चञ्चलता दूर हुने भए जुन श्रीकृष्णजीको मूर्ति मानिसहरू बनाउँछन्, ती श्रीकृष्णजी अर्जुनका अगाडि साक्षात् रूपमा उपस्थित थिए । तर अर्जुनका मनको चञ्चलता हटेन । अर्जुन श्रीकृष्णजीसँग भन्दछन् :

**चञ्चलं हि मनः कृष्ण प्रमाथि बलवद्दृढम् ।**
**तस्याहं निग्रहं मन्ये वायोरिव सुदुष्करम् ॥** गीता ६.३४

अर्थात् मन धेरै चञ्चल, जिद्दी र दृढ छ । म यसलाई रोक्नु वायुलाई रोक्नु जस्तै अत्यन्त कठिन ठान्दछु ।

यो सुनेर श्रीकृष्णाले उत्तर दिनुभयो :

**असंशयं महाबाहो मनोर्दुर्निग्रहं चलम् ।**
**अभ्यासेन तु कौन्तेय वैराग्येण च गृह्यते ॥** गीता ६.३५

अर्थात् हे अर्जुन ! निःसन्देह मन धेरै चञ्चल र आग्रही वा हठी छ । तर अभ्यास र वैराग्यबाट त्यो मन वशमा हुन सक्तछ ।

हेर, जब श्रीकृष्णाको असली मूर्तिबाट अर्जुनको मन स्थिर हुन सकेन । जबकि उनी कृष्णलाई रातदिन हेर्दथे । अनि नक्कली जड पदार्थद्वारा बनाइएको कसैको मूर्तिबाट मन कसरी स्थिर हुन सक्तछ ?

**कमल** : त्यसो भए के मूर्ति पूजा गर्नु हुँदैन ?

**विमल** : गर्नु पर्दछ, तर अचेतन अर्थात् जड मूर्तिको पूजा जडकै सरह र चेतन मूर्तिको पूजा चेतन कै सरह गर्नुपर्दछ ।

**कमल :** 'जडको पूजा जडकै सरह र चेतनको पूजा चेतनकै सरह गर्नुपर्दछ' भन्नुको तात्पर्य के हो ? मैले बुझिन ।

**विमल :** 'पूजा' शब्दको धातु सम्बन्धी र व्यावहारिक अनेक अर्थ छन् । जस्तै पूजाको अर्थ हो : सत्कार, आदर, कुनै वस्तुको उचित प्रयोग, कुनै वस्तुको उचित रक्षा तथा कसैलाई उचित दण्ड । अब विचार गरौं कि जड मूर्तिको पूजाको अर्थ के हो ? जड मूर्तिको पूजाको अर्थ हो : त्यस मूर्तिलाई सफा सुग्घर राख्नु, टुटफुट नहोस् भन्ने हेतुले सुरक्षित स्थानमा राख्नु, मैलोधैलो र बेकामे हुन नदिनु । भनाइको तात्पर्य के भने उचित प्रयोग र उचित रक्षा नै जड मूर्तिको पूजा हो । 'पूजा' शब्दको अर्थ प्रत्येक पदार्थलाई शिर झुकाउनु अनि पुष्प, पत्र, फल, नैवेद्य आदि चढाउनु भन्ने होइन । जस्तै : कसैले कसैसँग 'यी महाशयको पेटपूजा गर्नुपर्‍यो' भन्यो भने यसको अर्थ के हुन्छ ? यसको खास अर्थ 'यिनलाई भोजन गराइदिनु पर्‍यो' भन्ने हुन्छ । पेटपूजाको अर्थ पेटमा फूल, पाती, जल, मेवा, मिष्ठान्न, नैवेद्य चढाइदिनु भन्ने हुँदैन । यसैगरी कसैले कसैसँग भन्यो : यो धेरै बकबक गरिरहने मूर्ख गुन्डाको डडाल्नाको पूजा गरिदेऊ, अनि यो ठेगानमा आउँछ । यसको अर्थ के हुन्छ ? अर्थ त 'यसका डडाल्नामा दुईचार लाठी बजाइदिनु' भन्ने हुन्छ । यसको अर्थ यसका पिठ्युँमा फलफूल र नैवेद्य चढाइदिनु भन्ने अर्थ कदापि लाग्दैन । यहाँ एक ठाउँमा पूजाको अर्थ भोजन गराउनु हो भने अर्को ठाउँमा लाठी बर्साउनु हो । यस्तै जड मूर्तिको पूजाको अर्थ 'त्यसलाई सुरक्षित राख्नु र त्यसबाट यथायोग्य लाभ लिनु' भन्ने हुन्छ । त्यसमाथि 'चन्दन, अक्षता आदि चढाउनु तथा नमस्कार गर्नु' भन्ने अर्थ हुँदैन । किनभने त्यस जड मूर्तिमा त्यस्तो योग्यता छैन, जुन हामीले गरेको श्रद्धा, भक्ति आदिलाई बुझ्न सकोस् या फलफूल, नैवेद्य आदिबाट लाभ उठाउन सकोस् ।

माता, पिता, गुरु, अतिथि, संन्यासी, उपदेशक तथा अन्य प्राणी आदि जति पनि चेतन मूर्तिहरू छन् तिनीहरू सबै फलफूल मिष्टान्न आदिबाट लाभ उठाउन सक्तछन् । उनीहरूको पूजा ( सत्कार) फल, फूल, मिठाई, मेवा, नैवेद्य जस्ता विविध प्रकारका पदार्थहरूबाट गर्नुपर्दछ। यहाँ पूजाको अर्थ आदर या सत्कार हो।

**कमल** : जब ईश्वर सबैतिर व्यापक छ भने मूर्तिमा पनि छ। अनि त्यस मूर्तिको पूजा किन नगर्ने ? पूजा गर्नेहरू ढुङ्गालाई होइन, त्यसमा व्यापक परमात्मालाई नै पुज्दछन्।

**विमल** : 'ईश्वर सर्वत्र हुनाले मूर्तिमा पनि व्यापक छ' भन्ने कुरा सत्य हो। ईश्वर सबैतिर छ भन्दैमा सबै ठाउँमा र सबै वस्तुहरूमा त्यस ईश्वरको पूजा हुन सक्तछ भन्ने कुरा होइन। हेर ! पूजा गर्ने त जीवात्मा हो । पूजा गर्नुको उद्देश्य हो जीवात्माको ईश्वरसँग मिलन होस् । मिलन त्यहाँ हुन्छ, जहाँ मिल्ने दुवै विद्यमान हुन्छन्। मूर्तिमा ईश्वर त छ, तर त्यहाँ जीवात्मा छैन। बरु प्रत्येक मनुष्यको हृदयमा जीवात्मा र परमात्मा दुवै विद्यमान् छन्। तसर्थ त्यहाँ दुवैको मिलाप अवश्य हुन सक्तछ। अतः ईश्वरलाई प्राप्त गर्ने इच्छा भएका मानिसले आफ्नो हृदयमा नै (मन र इन्द्रियहरूलाई वशमा राखेर) ईश्वरको पूजा गर्नुपर्दछ । हेर, ईश्वर सबै स्थानमा व्यापक छ । यो जान्दाजान्दै पनि के सबै ठाउँको पानी पिउन योग्य हुन्छ ? परमात्माको वास सिंह र सर्पमा पनि छ। म तिमीलाई सोध्दछु : के सिंह र सर्पको समीप जानु उचित हुन्छ ? परमात्मा मिश्रीमा पनि छ र विषमा पनि छ। के विष खान हुन्छ त ? अवश्य हुँदैन । तसर्थ तिमीले 'परमात्मा मूर्तिमा पनि व्यापक भएकाले मूर्ति पूजा गर्नुपर्दछ' भन्नु सरासर अबुझपन र अज्ञानताको कुरा हो। गर्न योग्य कार्य गर्नुपर्दछ र खान योग्य वस्तु खानुपर्दछ।

मूर्तिपूजा गर्नेहरू 'हामी मूर्तिमा व्यापक परमात्माको पूजा गरिरहेका छौं' भन्ने ठान्दछन् परन्तु विचार गर्ने हो भने मूर्तिद्वारा व्यापक परमात्माको पूजा हुनैसक्तैन । तिमी 'किन ?' भनौला । जुन पदार्थलाई मूर्तिमा चढाइन्छ, ती पदार्थमा पनि परमात्मा व्यापक छ । जस्तै आकाश घडामा पनि व्यापक छ र ईंटामा पनि छ । यदि कुनै मानिस घडामा भएको व्यापक आकाशलाई इँटाले हान्न चाहन्छ भने त्यो उसको सर्वथा भूल हो । किनभने व्यापक हुनाको कारणले आकाशलाई ईंटाले लाग्नै सक्तैन । यदि ईंटा उचालेर हान्यो भने पनि घडा नै फुट्तछ, आकाश होइन । किनकि आकाश त त्यो ईंटामा पनि छ । यसरी मूर्तिमा व्यापक रहेको परमात्मालाई जति पनि फूल, फल, पत्र, मिठाई, नैवेद्य आदि चढाइन्छ, त्यो मूर्तिलाई नै चढाउनु मात्र हो भगवान्लाई होइन । किनभने भगवान् त ती चढाइएका पदार्थमा पनि व्यापक छ ।

**कमल** : मूर्तिमा फूल, फल आदि त नचढाऔं परन्तु श्रद्धापूर्वक उसको दर्शन गर्नाले व्यापक परमात्मा र उसका महिमाको ज्ञान अवश्य हुन जान्छ । होइन र ?

**विमल** : यो पनि सरासर उल्टो कुरा हो । मूर्तिको दर्शनले व्यापक परमात्मा र उसका महिमाको ज्ञान कसरी हुन्छ ? हेर, तिलमा तेल व्यापक छ, परन्तु तिललाई हेर्दा तेल देखिन्छ कि तिल ? तिल नै देखिन्छ । हेर्नेले जतिसुकै श्रद्धापूर्वक या ध्यानपूर्वक हेरोस्, तिललाई हेर्दा तेल होइन, तिल नै देखिन्छ । तेल त त्यतिखेर देख्न सकिन्छ, जब तिललाई फुटाइन्छ, पेलिन्छ । यसरी भगवान् मूर्तिमा व्यापक छ तर मूर्तिलाई हेर्नेले मूर्ति मात्र देख्न सक्तछ, भगवान्लाई देख्न सक्तैन । भगवान् त जड मूर्तिसँगको सम्बन्ध विच्छेद गरेर आत्मामा उसलाई खोजेको अवस्थामा मात्र देखिन्छ । अब ईश्वरको महिमाको ज्ञान हुने कुरा रह्यो । मानिसले बनाएको त्यस मूर्तिमा भगवान्को महिमा

किन देखिन्थ्यो ? त्यसमा त केवल मानिसको महिमा देखिन्छ । मानिसले त्यस मूर्तिलाई कति बुद्धिमानीपूर्वक बनाएको छ ? हो, परमात्माले बनाएका वस्तुहरूमा परमात्माको महिमा या महानता अवश्य देख्न सकिन्छ । तिमीलाई परमात्माको महिमा अथवा महानता हेर्ने इच्छा छ भने विचारपूर्वक सम्पूर्ण सृष्टिको अध्ययन गर । अनि हेर ईश्वरले बनाएका सानाभन्दा साना वस्तुहरूमा कति महानता प्रकट हुन्छ ? मानिसले बनाएका यी जड मूर्तिहरूमा परमात्माको महानताको कुन चिह्न छ र त्यो प्रकट होओस् ?

**कमल :** दाजु ! फल सदैव भावनामा हुन्छ । मूर्तिलाई ईश्वर नमाने पनि हामी त्यसमा ईश्वरको भावना गरेर फल पाउन सक्तछौं । अर्को कुरा, कुनै मानिसलाई कुनै उच्च स्थानमा पुग्नु छ भने एकैपल्ट माथि पुग्न सक्तैन, भऱ्याङ चाहिन्छ । म मूर्तिपूजालाई ईश्वरप्राप्तिको भऱ्याङको पहिलो खुड्किला मान्दछु । यसकारण कुनै मानिसले भगवान्का कल्पित मूर्तिहरू बनाएर पूजा गर्दछ भने यसमा कुनै दोष छैन ।

**विमल :** तिमी याद राख, भावनाले कुनै वस्तुको वास्तविकतालाई बदल्न सक्तैन । कुनै मानिस अज्ञानतावश चुनको पानी दूधको भावना गरेर त्यसबाट नौनी निकाल्न सक्तछ ? पानीमा आगोको भावना गरेर के ठन्डी दूर हुन्छ ? ढुङ्गामा रोटीको भावना गर्नाले के पेट अघाउन सक्तछ ? यदि भावना गर्नाले नै प्रत्येक वस्तु प्राप्त हुने भए संसारमा कुनै मानिस न त दुःखी देखिन्थ्यो, न कोई परिश्रम गरिरहेको हुन्थ्यो । भावना तब मात्र भावना हुन्छ, जब त्यो सत्यमा आधारित होस् नत्र त्यो अभावना हो । कुनै मानिसले पखाला लगाउने औषधिमा पाचक चूर्णको भावना गरेर त्यसलाई खान्छ भने के उसलाई पखाला लाग्दैन ? जुन वस्तुमा जुन गुण छ त्यो कसरी हट्न सक्तछ ? तसर्थ भावना गरेर फल प्राप्त गर्न सकिने विचार सरासर अज्ञानता हो ।

हेर ! सोमनाथको मन्दिरका पुजारीहरूमा 'जड मूर्तिमा साक्षात् महादेव रहेको' भन्ने भावना थियो । महमूद गजनवीले मन्दिरमाथि आक्रमण गर्दा त्यहाँका पण्डा र पुजारीहरूले हात बाँधेर बसिरहे । भन्न थाले : 'सबै मिलेर सोमनाथजीको जप गरौं । उनले आफैं म्लेच्छहरूको संहार गरिदिने छन् । हामीले लडाइँ गर्नुपर्ने कुनै आवश्यकता नै छैन ।' यस प्रकारको भावना र विश्वासबाट निस्केको परिणाम इतिहास पढ्नेहरूलाई राम्ररी थाहा छ । सोमनाथ मात्रै किन ? यसै भावनाले गर्दा हजारौं मन्दिरहरू भत्काइए र मूर्तिहरू फुटाइए । लुटेराहरूले अरबौंको सम्पत्ति लुटेर विदेशतिर लिएर गए । तैपनि मानिसहरूको अन्ध भावना हटेको छैन । बडो आश्चर्यको कुरा हो कि मानिसहरूले केही गर्न नसक्ने चेतनाहीन जड मूर्तिमा चाहिं गर्न सक्ने भावना राखे तर चेतनायुक्त सब थोक गर्न सक्नेहरूमा चाहिं केही गर्न नसक्ने भावना राखे । देश र जातिको पतनको मूल कारण यही नै भयो । अब त तिमीले 'अज्ञानतापूर्ण भावना कति दुःखदायक हुँदो रहेछ' भन्ने कुरा बुझ्यौ होला ।

तिमीले 'मूर्तिपूजा ईश्वर प्राप्तिको पहिलो खुड्किला हो' भनेको कुरा पनि एकदमै गलत हो । हो, बरु चेतन मूर्तिहरूको पूजालाई त केही हदसम्म ईश्वरप्राप्तिको पहिलो खुड्किला मान्न सकिन्छ, तर जड मूर्तिको पूजा चाहिं कदापि ईश्वरप्राप्तिको खुड्किला होइन । जड मूर्ति हिमालय पर्वतमा चढ्नका लागि पहिलो खुड्किला मान्न सकिन्छ, तर ईश्वरप्राप्तिका लागि त्यो कसरी खुड्किला हुन सक्तछ ? त्यो त ज्ञानशून्य छ । कुनै मानिस अंग्रेजी पढ्न चाहन्छ भने उसको लागि पहिलो खुड्किला ए, बी, सी, डी आदि वर्ण हुन्छन् । संस्कृत या नेपाली पढ्न चाहन्छ भने अ, आ, इ, ई आदि पहिलो खुड्किला हुन्छन् । कसैले ए, बी, सी, डी लाई पहिलो

खुड्किलो मानेर संस्कृत पढ्न चाहन्छ भने कसरी पढ्न सक्तछ ? त्यस्तै कसैले उर्दूको अलिफ, बे, पे, तेलाई पहिलो खुड्किला मानेर अंग्रेजी या संस्कृत पढ्न चाहन्छ भने कसरी पढ्न सक्छ ? जसको जुन भऱ्याङ हो उसैबाट नै उसको काम बन्न सक्तछ । ईश्वर प्राप्तिका खुड्किलाहरू भनेको चेतन प्राणीहरूको निष्काम सेवा, सत्सङ्ग, यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, धारणा, ध्यान र समाधि हुन् । यस प्रकारका खुड्किलामा लगातार चढ्ने अर्थात् यिनमा मन लगाई विधिपूर्वक यिनको पालना गर्नाले नै ईश्वरप्राप्ति हुन सक्तछ ।

तिमीले 'भगवान्को कल्पित मूर्ति बनाएर पूजा गरेमा के दोष छ ?' भन्यौ । त्यसो गर्नमा एक होइन, अनेकौं दोष छन् । १. **पहिलो दोष** यो हो कि नक्कली वस्तुलाई असली सम्झेर मानिसहरू आफूले आफैंलाई धोका दिन्छन् । कुनै पनि नक्कली वस्तुले सक्कलीको काम दिन सक्तैन भन्ने कुरा पशु, पक्षी, कीरा, पुतली आदि पनि राम्ररी जान्दछन् । बिरालाका अगाडि माटाको अथवा रबडको मुसो बनाएर राखिदिएमा त्यो बिरालो कदापि त्यसमा झम्टँदैन । भमराका अगाडि कागजको फूल बनाएर राखिदिएमा त्यो कदापि त्यसमा आएर बस्तैन । यसैगरी अन्य कुनै पनि प्राणी नक्कली वस्तुसँग कहिल्यै प्रेम गर्दैनन् । त्यो असली वस्तु होइन भन्ने कुरा ती राम्ररी जान्दछन् । परन्तु संसारका प्राणीहरू मध्ये आफूलाई सर्वश्रेष्ठ प्राणी घोषित गर्ने मानिस चाहिं नक्कली वस्तुबाट यथेष्ठ फल पाउने आशा राख्तछ । योभन्दा ठूलो आश्चर्य अरु के होला ? २. **दोस्रो दोष** यो हुन्छ कि ईश्वरको कल्पित मूर्ति बनाउनेहरू ईश्वरलाई पनि आफूलाई जस्तै (विभिन्न वस्तुको) आवश्यकता हुने ठान्दछन् । जस्तै मनुष्यका लागि भोजनको आवश्यकता पर्दछ, त्यसैगरी मानिस ईश्वरलाई पनि भोजनको आवश्यकता पर्ने ठानेर भोग लगाउँदछ । जसरी आफू कपडा

पहिरिन्छ, त्यसैगरी ईश्वरलाई पनि पहिऱ्याउँछ । जसरी आफू स्नान गर्दछ, त्यसरी नै ईश्वरलाई पनि स्नान गराउँदछ । जसरी आफू सुत्तछ र उठ्तछ, त्यसरी नै ईश्वरलाई पनि सुताउँछ, उठाउँछ । यस्तै जसरी आफू गहना धारण गर्छ, त्यसरी नै ईश्वरलाई पनि गहना लगाइदिन्छ । मानिसहरूले ईश्वरका पनि आफ्ना जस्तै आवश्यकताहरू मानेपछि त्यस्तो ईश्वरबाट कल्याणको आशा कसरी गर्न सकिन्छ ? जो आफू नै अपूर्ण छ भने अर्काको आवश्यकता कसरी पूर्ण गर्न सक्तछ ? कदापि सक्तैन । के अन्धाले अन्धालाई बाटो देखाउन सक्तछ ? कदापि सक्तैन । **३. तेस्रो दोष** यो हुन्छ कि ईश्वर एक छ र मूर्ति अनेक छन् । प्रत्येक सम्प्रदायले आआफ्ना विश्वासअनुसार मूर्तिहरू बनाएका छन् । फलतः आपसमा साम्प्रदायिक राग, द्वेष र लडाइँ झगडा बढ्दछ, जसबाट राष्ट्रिय हितका कुरा र सङ्गठनलाई धेरै ठूलो धक्का लाग्दछ । यस्ता सयौं दोषहरू बताउन सकिन्छन् ।

**कमल** : त्यसो भए तपाईंको विचारमा मूर्ति बनाउनु पनि हुँदैन र पूजा गर्नु पनि हुँदैन । मलाई त 'शान्त, वैरागी तथा महान् पुरुषहरूको चित्र एवं मूर्तिको दर्शन गर्नाले मनलाई शान्ति मिल्दछ र प्रभाव पनि पर्दछ ।

**विमल** : मेरो भनाइ मूर्ति र चित्रहरू बनाउँनै हुँदैन भन्ने चाहिं पटक्कै होइन । म त भन्दछु, बनाउनुपर्दछ । संसारका महापुरुषहरूका मूर्ति या चित्र बनाउनु उनीहरूको सम्झनालाई कायम राख्नु हो । तर यसको अर्थ 'चेतन मनुष्य जस्तै त्यस मूर्तिको पूजा नै गर्नु पर्दछ अथवा त्यसलाई परमात्मा या परमात्माको प्रतिनिधि ठानेर त्यसबाट धर्म, अर्थ, काम, मोक्षको याचना गर्नुपर्दछ' भन्ने चाहिं होइन । जड वस्तु जड नै हो । त्यसमा जीवित मनुष्य या परमात्माको ठाउँमा काम आउन सक्ने योग्यता कहाँ छ ? जुन पिता जीवित अवस्थामा पुत्रसँग प्रेम गर्न सक्तछ, मरेपछि पनि

ऊ उसैगरी प्रेम गर्न सक्तछ ? जुन शरीरबाट पिताले पुत्रलाई काखमा राखेर खेलाएको थियो, प्राण निस्किएपछि के पुत्रका लागि त्यो पिताको शरीर कुनै काममा आउँछ ? त्यस मृतक पिताको शरीर र ढुंगाबाट बनाइएको मूर्तिमा के भिन्नता छ ? तिनमा यति मात्र भिन्नता छ कि ढुंगा अथवा धातुको मूर्ति सड्दैन, मृतकको शरीर सड्दछ । अन्यथा अरु कुरा उस्तै हुन् । तिनको पूजाको अर्थ यही हो कि तिनलाई ठीकसँग प्रयोग गर्नुपर्दछ । तिनको ठीक प्रयोग गरिएन भने ती पदार्थले मानिसलाई हानि पुऱ्याउँछन् । कसरी भन्छौ भने सुन : एक जना मानिस गङ्गाजीको परम भक्त छ । रातदिन पूजा गर्दछ । फलफूल मिठाई चढाउँदछ र गङ्गालहरीको पाठ पनि गर्दछ । तर ऊ पानीमा पौडिन जान्दैन । एक दिन त्यो व्यक्ति अलि गहिरो पानीमा पुग्दछ । अब भन त त्यसलाई गंगाले डुबाउँछ कि डुबाउँदैन ? चाहे त्यो त्यसको जतिसुकै ठूलो भक्त किन नहोस्, पौडिन नजान्नाले गर्दा गङ्गाले उसलाई तुरन्त डुबाइदिन्छ । एउटा अर्को मानिस त्यस गङ्गालाई माता नमानेर एक नदी मान्दछ । कतै हत्या गरेर आएको छ । रगतमा लतपतिएको छ । तुरुन्त गङ्गामा फामफाल्दछ । ऊ पौडिन जान्दछ । उसको के अवस्था हुन्छ ? ऊ गङ्गाको छातीलाई चिर्दै तुरुन्त निस्केर जान्छ । यस्तो किन भयो ? कारण के हो भने पछिल्लो व्यक्ति पानीको ठीकठीक प्रयोग गर्न जान्दथ्यो । अघिल्लो व्यक्ति जलको गलत पूजा गर्दथ्यो, त्यसकारण उसलाई गङ्गाले डुबाइदियो र पछिल्लोलाई बचाइदियो ।

एकथरि त गङ्गाको पूजा गर्नेहरू ती हुन्, जो केवल नुहाउनुमा नै मुक्ति ठान्दछन् । प्रतिवर्ष लाखौं करौडौं रूपैयाँ रेलवे कम्पनीहरूलाई आम्दानी गराउँछन् । अनेकौं धक्का खाई खाई दुःखी र हताश हुन्छन् । उनीहरूले नुहाउनु, शिर झुकाउनु र फलफूल चढाउनुलाई नै गङ्गाको पूजा ठानेका छन् । अर्का थरिका मानिस ती

हुन्, जसले गङ्गाबाट नहर निकालेर करोडौं रूपैयाँ सिँचाइबाट प्राप्त गरे । गङ्गाबाट बिजुली निकाले । गङ्गाको पानीद्वारा घट्ट आदि चलाए । तर तिनीहरू गङ्गामा नुहाउन कहिल्यै गएनन्, बरु धारा आदिद्वारा उनीहरूले गङ्गालाई घरैमा बोलाएर ल्याई सबै प्रकारका लाभ लिए । उनीहरूले जड पर्दाथको पूजाको अर्थ र त्यसको उचित प्रयोग गर्ने तरिका बुझेका हुनाले फाइदा त उठाउने नै भए । गङ्गा मात्र होइन, प्रत्येक जड पदार्थका विषयमा यस्तै अनेकौं उदाहरण दिन सकिन्छ ।

अब रह्यो मूर्ति या चित्रलाई देखेर प्रभाव पर्ने कुरा । यस बारेमा पनि अलिकति विचार गर्नुपर्दछ । कुनै मूर्ति या चित्रको दर्शनले राम्रो वा नराम्रो कुनै प्रभाव पर्दैन । बरु आफ्ना आन्तरिक संस्कारहरूका कारणले त्यस्तो प्रभाव पर्दछ । जस्तै एक जना हिन्दूले राम अथवा कृष्णको मूर्तिलाई देख्छ, ऊ मूर्तिका अगाडि श्रद्धापूर्वक शिर झुकाउँछ । ऊ किन शिर झुकाउँछ ? किनभने ऊ राम र कृष्णको इतिहास राम्ररी जान्दछ । उसका हृदयमा राम र कृष्ण ईश्वरका अवतार थिए भन्ने संस्कार परेको छ । उसलाई लाग्दछ उनीहरूले रावण र कंसलाई मारेका थिए । यो संस्कार चाहे पुस्तक पढेर होस् या अर्काबाट सुनेर होस्, संस्कार परेको चाहिं अवश्य हुन्छ । यस कारण नै तिनको मूर्तिलाई देखेर ऊ प्रभावित हुन्छ । तर त्यसै हिन्दूका अगाडि जापानका देवता 'कनफ्यूसियस'को मूर्ति आयो भने ऊ कदापि प्रभावित हुँदैन, न त उसमा त्यसप्रति श्रद्धा नै उत्पन्न हुन्छ । किनभने 'कनफ्यूसियस'का बारेमा उसले केही पनि जानेको छैन, उसको हृदयमा त्यससम्बन्धी कुनै सस्कार छैन, यसकारण ऊ त्यसका अगाडि शिर झुकाउँदैन । एउटा मुसलमान कुनै हिन्दू देवीदेवताको मूर्तिलाई देखेर श्रद्धापूर्वक शिर झुकाउँदैन । कारण के हो ? यसको कारण के हो भने त्यस मुसलमानको हृदयमा उसको कुनै संस्कार छैन । उसलाई एक निर्बल तथा कुरूप

मुसलमानको चित्र राम्रो लाग्दछ तर हिन्दू देवीदेवताको मूर्ति या चित्र राम्रो लाग्दैन, न त उसमा श्रद्धा नै हुन्छ । त्यस मुसलमानलाई मुसलमानको चित्र किन राम्रो लाग्छ ? किनभने उसका मनमा 'मोमिन' या इस्लामको सहायक हुने संस्कार दृढ भैरहेको छ । अब त तिमीले 'जुनसुकै प्रभाव आफ्नै संस्कारहरूका कारण पर्दछ, मूर्तिलाई देखेर राम्रो या नराम्रो संस्कार पर्ने होइन' भन्ने कुरा बुझ्यौ होला । यदि मूर्तिलाई देखेर प्रभाव पर्दथ्यो भने प्रत्येक मनुष्यका मनमा प्रत्येक मूर्तिलाई देख्नाले प्रभाव पर्ने थियो र उसलाई शान्ति मिल्ने थियो । तर त्यस्तो हुँदैन ।

**कमल** : जसरी विद्यालयमा नक्सा देखाइन्छ । सानै नक्साबाट सारा संसारको ज्ञान प्राप्त गराइन्छ । त्यसैगरी सानो मूर्तिबाट विशाल परमात्माको ज्ञान पनि प्राप्त गराउन सकिन्छ नि ?

**विमल** : प्यारा भाइ ! नक्सा त साकार जगत्‌को बनाइन्छ र त्यसबाट समुद्र, नदी, पोखरी, पर्वत, सहर, क्षेत्र, मार्ग, रेल, विमान आदिको ज्ञान गराउन सकिन्छ । परमात्मा सर्वव्यापक र निराकार हुनाले उसको नक्सा (मूर्ति) सम्भव नै छैन । न त त्यसबाट परमात्माको ज्ञान नै हुन सक्तछ ।

**कमल** : अक्षर र शब्द निराकार छन् । तैपनि तिनको मूर्ति बनाएर विद्यार्थीहरूलाई बोध गराइन्छ । अक्षर र शब्दहरूको आकार नबनाएमा ती विद्यार्थीहरूले कसरी विद्या प्राप्त गर्न सक्तछन् ?

**विमल** : अक्षर र शब्द आँखाबाट देखिँदैनन् । तर तिनलाई कानबाट सुन्न त सकिन्छ । बुझाउनका लागि कानको विषयलाई मानिसहरू आँखाको विषय बनाउँछन् । तर जुन कुनै इन्द्रियको विषय होइन, त्यसलाई बुझाउनका लागि कुन इन्द्रियको विषय बनाउने ? कुनैको पनि होइन । उसलाई त केवल अनुभव द्वारा नै जान्न सकिन्छ । अर्को कुरा 'निराकार अक्षर र शब्दहरूका कल्पित चिह्न बनाएर मात्र विद्या प्राप्त गर्न सकिन्छ' भन्ने कुरा पनि कुनै जरुरी कुरा होइन । त्यस्तो हुने भए अन्धा मानिसहरू त पढे लेखेका देखिने थिएनन् । किनभने

उनीहरूले न त अ, आ, इ, ई आदि वर्णको रूप देखेका छन् न त ए, बी, सी, डीको रूप नै देखेका छन् । तर अन्धा व्यक्तिहरू संस्कृत, नेपाली, अंग्रेजी आदि विभिन्न भाषाका ठूलाठूला विद्वान् भेटिन्छन् । अर्को कुरा लेखिएका कल्पित चिह्न 'वर्ण' हुन्छन्, 'अक्षर' होइन । जुन बोलिन्छ, त्यो 'अक्षर' हो र अक्षर निराकार हुन्छ । अनि जुन लेखिन्छ त्यो 'वर्ण' हो र वर्ण साकार हुन्छ ।

**कमल** : समय निराकार छ तैपनि त्यसको मूर्ति घडीको रूपमा बनाएर प्रयोगमा ल्याइन्छ । हो कि होइन ?

**विमल** : घडी समयको मूर्ति होइन, सूर्यको मूर्ति हो । जसरी सूर्यबाट समयको ज्ञान हुन्छ त्यसरी नै घडीबाट पनि हुन्छ र घडीको सम्पूर्ण क्रम सूर्यमा निर्भर छ ।

**कमल** : निराकारको ध्यान कसरी गर्ने ? बरु अगाडि मूर्ति छ भने त उसको ध्यान पनि भइरहन्छ । निराकारको ध्यान गर्न त बसिन्छ, आँखा पनि चिम्लिइन्छ, तर अगाडि कुनै वस्तु छैन भने मन कसरी ध्यानमा लाग्छ र ?

**विमल** : जगत् दुई किसिमको छ : एक आध्यात्मिक र अर्को भौतिक । आध्यात्मिकको अर्थ हो आत्मा सम्बन्धी र भौतिकको अर्थ हो पृथ्वी, जल, अग्नि आदि पञ्चभूतहरू सम्बन्धी । याद राख कि परमात्मा सम्बन्धी विचार आध्यात्मिक जगत्सँग सम्बन्धित छ । जब तिमी ध्यान गर्न बस्तछौ र मूर्तिको आकारलाई नै मन र मस्तिष्कमा घुमाइरहन्छौ भने आध्यात्मिक अर्थात् परमात्मा सम्बन्धी चिन्तन कहाँ भयो ? त्यो त भौतिक अर्थात् भूत सम्बन्धी चिन्तन भयो । किनकि मूर्ति त पाँच भूतहरूबाट बनेएको हुन्छ । आध्यात्मिक ध्यान त संसारका समस्त मूर्तिमान् वस्तुहरूको विचारलाई छोडेर आत्मामा नै परमात्माको व्यापकताको अनुभव गरेपछि मात्र हुन सक्तछ । परमात्मा र आत्मामा देश कालको दूरी छैन, केवल ज्ञानको दूरी छ । अज्ञानको पर्दा हट्नासाथै परमात्मको अनुभव हुन थाल्दछ ।

जहाँसम्म मन लाग्ने कुरा छ मन त लगाउनाले लाग्ने हो। जुनसुकै कामको अभ्यास गरिन्छ भने त्यसमा मन लाग्दछ। अभ्यासबाट संसारका सबै काम सिद्ध हुन्छन् । धेरै यस्ता महिलाहरू छन्, जो शिरमाथि पानीका दुईतीनवटा घडाहरू राखेर काखीमा बच्चालाई बोकेर कुराकानी गर्दै उबडखाबड बाटामा हिडिरहेका हुन्छन् तर एक थोपो पनि पानी पोखिंदैन। एउटा चटके लामो बाँसमा अनेकौं घडाहरू र दुवै हातमा दुईदुई बालकलाई बोकेर चढ्दछ। सर्कसमा केटीहरू तारमा साइकल चलाउँछन्, कुकुर, बिरालाहरूले समेत तोप, बन्दूक चलाएको देखिन्छ। यी सबै अभ्यासकै परिणाम त हुन् नि ! दुब्ला, पातला मानिस बिहान चार बजे उठेर ठण्डीमा गङ्गा वा यमुनामा स्नान गर्न जान्छन्। अर्कातिर मोटा, बलिया र स्वस्थ मानिस छ बजे पनि सिरकबाट मुख बाहिर निकाल्न समेत गाह्रो मान्छन्। किन ? जसले नुहाउने अभ्यास गरेका छन् उनका लागि जाडो वा गर्मी सबै एकै समान हुन्छ। यसैगरी जसले भगवान्को चिन्तनको अभ्यास गरेको छ उनीहरू यम, नियमको साधनाद्वारा घण्टौंसम्म नदी, पर्वत आदि एकान्त स्थानमा बसी चिन्तन गर्दछन्। अझ समाधि लगाइसकेका व्यक्ति त अनेकौं दिनसम्म ध्यान गरिरहेका हुन्छन्। के तिनीहरू कुनै मूर्तिको ध्यान गर्दछन् ? हुँदै होइन। गम्भीरतापूर्वक विचार गर्दा ज्ञात हुन्छ कि मूर्तिमा त मन लाग्दै लाग्दैन। मूर्तिको ध्यान गर्दा त कहिले नाकको ध्यान हुन्छ, कहिले आँखाको त कहिले हातपाउको। मन त अङ्गहरूमा नै चक्कर लगाइरहन्छ। मनका अगाडि कुनै मूर्ति नहुँदा मात्र उसका वृत्तिहरू आत्मातिर लाग्दछन्।

**कमल** : मिठाई बनाउने हलवाईको पसलबाट म पचास रुपैयाँको पेडा किनेर ल्याउँछु। त्यसलाई खाँदा स्वाद आउँछ। पेडा साकार छ, स्वाद निराकार छ। हलुवाईसँग सय रुपैयाँको स्वाद देऊ

भनेर माग्ने हो भने स्वाद निराकार भएकाले उसले स्वाद दिन सक्तैन । यसबाट के स्पष्ट हुन्छ भने साकार मूर्तिबाट नै निराकार परमात्माको आनन्द प्राप्त हुन सक्तछ । होइन र ?

**विमल** : हेर भाइ ! जसको जुन गुण छ त्यो त खाएपछि प्रतीत हुन्छ । पेडा खानाले पेडाको स्वाद आउँछ, लड्डु खानाले लड्डुको । पेडा र स्वादमा गुणगुणीको सम्बन्ध छ, व्याप्यव्यापकको होइन । पेडा द्रव्य हो, स्वाद चाहिं उसको गुण हो । तर मूर्ति र परमात्मा दुवै द्रव्य हुन् । पेडा खानाले त उसको गुण स्वादको ज्ञान हुन्छ । मूर्तिबाट परमात्माको आनन्द कसरी प्रतीत हुन्छ ? परमात्मा त मूर्तिको गुण होइन । अर्को कुरा पेडा खाँदा मात्र पेडाको स्वाद आउँछ । कुनै व्यक्तिले माटाका नक्कली पेडा बनाएर खान लाग्यो भने के पेडाको स्वाद आउँछ ? कदापि आउँदैन । यसरी परमात्माको अनुभव गरेपछि मात्रै परमात्माको आनन्द आउन सक्तछ । परमात्माको ठाउँमा माटाका वा ढुङ्गाका नक्कली मूर्ति बनाउँदा परमात्माको आनन्द कसरी आउन सक्तछ ?

**कमल** : जसरी राजाको चित्रको कारणले नोटहरू र रूपैयाँको व्यवहार सुखदायक हुन्छ त्यसैगरी मूर्तिको पूजा पनि सुखदायक हुन्छ । होइन ?

**विमल** : पहिलो कुरा त राजा शरीरधारी हुन्छ । उसको मूर्ति (चित्र) नोटमा बन्न सक्तछ । तर परमात्मा निराकार (शरीररहित) हुनाले उसको मूर्ति बन्न सक्तैन । अर्को कुरा नोट वा रूपैयाँहरू राजाको आज्ञाद्वारा राजाकै कारखानामा बनेका हुनाले सुखदायक हुन्छन् । कसैले राजाको आज्ञा बिना नक्कली रुपैयाँ आफ्नो घरमा बनाउन थाल्यो भने कारागारको हावा खानै पर्दछ । यसरी नै परमात्माबाट बनाइएका मूर्तिहरूको यथायोग्य व्यवहार नै सुखदायक हुन्छ । परमात्माको आज्ञाको विरुद्ध उसको ठाउँमा ढुङ्गा माटाको नक्कली मूर्ति बनाउनु र तिनको पूजा गर्नु अनेकौं योनिरूपी कारागारमा जाने प्रयत्न गर्नु हो ।

**कमल** : महाभारतमा एउटा प्रसङ्ग आउँछ : एकलव्यले द्रोणाचार्यको मूर्ति बनाएर उसबाट शस्त्र विद्या सिकेका थिए ।

**विमल** : द्रोणाचार्यको (शरीररूपी) मूर्ति थियो । त्यसैले एकलव्यले उनको प्रतिमूर्ति बनाए तर उनले परमात्माको सट्टामा त्यसको पूजा गरेनन् । अर्को शब्दमा शस्त्रविद्या मूर्तिले सिकाएन । मूर्तिले सिकाएको भए उनलाई अभ्यास गर्ने के आवश्यकता हुन्थ्यो र ? तर उनले सारा शस्त्र विद्या अभ्यासद्वारा सिके । द्रोणाचार्यलाई यो कुरा थाहै भएन । जब थाहा भयो, तब मूर्ति बनाउनेलाई आफ्नो औंलो काटिने फल मिल्यो । मूर्तिमा कुनै काम सिकाउन सक्ने योग्यता कहाँ छ ? त्यसरी सिकाउन सक्ने भए प्रत्येक व्यक्तिले व्यासजीको मूर्ति बनाएर त्यसबाट वेद पढ्नुपर्दथ्यो । कुबेरको मूर्ति बनाएर त्यसबाट प्रत्येकले धनको प्राप्ति गरिहाल्नु पर्ने हो । जड मूर्तिबाट जडताको बाहेक अन्य कुनै पनि गुण प्राप्त गर्न सकिँदैन । एउटा भान्सेले अङ्ग्रेजको नोकरी गरेर अङ्ग्रेजी बोल्न सिक्तछ । हलवाईको नोकरी गर्नेले मिठाई बनाउन सिक्तछ । आगोको छेउमा बस्नाले गर्मी अनुभव हुन्छ र पानीको छेउमा बस्नाले ठण्डी । जसको सङ्गति गरिन्छ, त्यसको गुण आफुभित्र आउँछ । जड मूर्तिको सङ्गतिका कारण जडता आयो, मानिसहरू पिटिए, मन्दिर भत्किए, देशमा परतन्त्रता, भयंकर अविद्या र गरिबी आयो । जडको सङ्गतिले आत्मविश्वास एवं कर्मण्यता नष्ट भयो ।

**कमल** : यसमा त धेरै विचार भै सक्यो । अब यो बताउनुहोस् : ईश्वर दयालु तथा न्यायकारी छ वा छैन ? यदि छ भने दया र न्याय दुवै साथसाथ कसरी रहन सक्तछन् ? दया गर्दा न्याय नष्ट हुन्छ र न्याय गर्दा दया नष्ट हुन जान्छ ।

**विमल** : यस विषयमा भोलि विचार गरौंला ।

● ● ●

## छैटौं दिन प्रात:काल

# ईश्वर न्यायकारी छ वा दयालु ?

**विमल :** ईश्वरमा दया र न्याय दुवै गुणहरू एकैसाथ कसरी रहन सक्तछन् ? भन्ने तिम्रो हिजोको प्रश्न थियो । वास्तवमा दया र न्याय दुवै साथसाथै रहन्छन् । अन्तर केवल यति नै छ, 'दया' दयालु ईश्वरले आफ्नै तर्फबाट गर्दछ भने 'न्याय' चाहिं जीवहरूको कर्मका अनुसार गर्दछ । जस्तै किसानले खेतमा बिउ, रोप्यो । त्यो एक गेडो बिउबाट भगवान्ले सयौं गेडा उसलाई दियो, यो उसको 'दया' हो । उसको न्याय चाहिं के हो भने तिमीले जस्तो रोप्यौ, त्यस्तै पाउनेछौ । तिमी जस्तो गर्छौ, त्यस्तै भर्छौ । धान रोपेर धान नै प्राप्त हुन्छ, गहुँ पाइँदैन । यही उसको न्याय हो । एक पिताका चार छोराहरू छन् । चारै जनालाई उनले एकएक हजार रूपैयाँ दिए । यो पिताको पुत्रहरूमाथि दया हो । परन्तु यदि एउटा छोराले अर्को छोराबाट जबरजस्ती रुपैयाँ खोसेर लग्यो भने खोस्ने छोरालाई पिताले दण्ड दिनेछन्, यो चाहिं उनको न्याय हो । रुपैयाँ दिनु पिताको आफ्नो अधिकार हो, तसर्थ त्यो दया हो । दुष्ट पुत्रलाई दण्ड दिएर अधिकारीलाई उसको अधिकार दिलाउनु पिताको न्याय हो । कुनै राजाले डाकुलाई मृत्युदण्ड दिन्छ भने त्यो उसको न्याय हो । डाकुलाई मृत्युदण्ड दिएर ऊ पीडित मानिसहरूको रक्षा गर्दछ । यही उसको दया हो । यदि राजा त्यस डाकुलाई छोडिदिन्छ भने त्यो उसको अन्याय हो । वास्तवमा दया शब्दको जुन अर्थ लाग्दछ, त्यही अर्थ न्यायको पनि हुन्छ । जहाँ न्याय छैन, त्यहाँ दया कसरी हुन्छ ? के अन्यायी

मानिस कहिल्यै दयालु हुन सक्तछ ? अन्यायी व्यक्ति त दयालु होइन, स्वार्थी हुन्छ । परमात्मा न्यायकारी हुनाले नै दयालु छ । उसले जीवहरूको कल्याणका निमित्त सृष्टि बनाएको छ । यो उसको पूर्ण दया हो । ईश्वरले प्रत्येक प्राणीलाई कर्मानुसारको फल दिइरहेको छ । यो उसको न्याय हो ।

**कमल** : कुनै मानिस नराम्रो काम गर्दछ भने परमात्मा त्यो थाहा पाउँछ वा पाउँदैन ? थाहा पाउँछ भने त्यस नराम्रो कर्म गर्नेलाई तत्कालै नराम्रो काम गर्नबाट किन रोक्तैन ?

**विमल** : परमात्मा प्रत्येक व्यक्तिलाई नराम्रो काम गर्नबाट तत्कालै रोक्तछ । यसको प्रमाण के हो भने जब मानिस नराम्रो काम गर्न तत्पर हुन्छ, त्यतिखेर उसको अन्तःकरणमा भय, लज्जा, शङ्काका भाव उत्पन्न हुन्छन् । यसैगरी राम्रो काम गर्न तत्पर हुँदा हृदयमा आनन्द र उत्साह उत्पन्न हुन्छ । यो सबै परमात्माकै तर्फबाट हुन्छ । यसैलाई अन्तःकरणको आवाज भन्ने गरिन्छ । मानिसमा मात्र होइन पशुहरूको अन्तःकरणमा पनि नराम्रो कर्म गर्दा भय, लज्जा र शङ्का उत्पन्न हुन्छ । कुनै कुकुरलाई जब रोटीको टुक्रा दिइँदा त्यो कुकुर त्यसै ठाउँमा बसेर आनन्दपूर्वक त्यो रोटी खान्छ र पुच्छर हल्लाउँछ तर त्यही कुकुर जब रोटी चोरेर दौडिन्छ, तब ऊ न त पूच्छर हल्लाउँछ, न आनन्दपूर्वक खान्छ । बरु एक कुनामा लुकेर खान्छ, किन ? यस कारण कि यो चोरी हो, यो पाप हो भन्ने कुरा ऊ पनि जान्दछ । यसबाट के सिद्ध हुन्छ भने परमात्मा हरेक प्राणीलाई नराम्रो काम गर्नबाट त्यसै समयमा रोक्तछ । यति कुरा चाहिं अवश्य हो कि परमात्मा कुनै जीवको कर्म गर्ने स्वतन्त्रतालाई हरण गर्दैन । जीव 'अनादि' हुनाले परमात्मा उसको स्वतन्त्रतालाई हरण गर्न सक्तैन । जीव अनादि छ र कर्म गर्नमा स्वतन्त्र छ । ईश्वरले जीवको स्वतन्त्रता हरण गरेमा

त्यो जीव न त जीव नै रहन्छ, न उसको उन्नति नै हुन सक्तछ । जस्तै कुनै विद्यालयमा विद्यार्थीहरूको परीक्षा भइरहेको छ । शिक्षकले ‘कसैले कसैको प्रश्नको उत्तर नहेरोस्’ भनेर सबै विद्यार्थीमाथि नजर राखिरहेका हुन्छन् । कुनै विद्यार्थी गलत उत्तर पनि लेखिरहेका हुन्छन् । शिक्षकले गलत उत्तर लेखिरहेको पनि देखिरहेका हुन्छन् । तर त्यस समयमा शिक्षक विद्यार्थीलाई रोक्तैनन्, लेख्न दिन्छन् । विद्यार्थीको स्वतन्त्रतामा शिक्षक अवरोध गर्दैनन् । शिक्षकले ती सबै विद्यार्थीलाई स्वयं नै सही उत्तर लेखाइदिने हो भने विद्यार्थीहरूको व्यक्तिगत उन्नति कसरी हुन सक्तछ ? अनि उनीहरूलाई पढाएर परीक्षा लिनुको के नै अर्थ हुन्छ र ? त्यस्तो अवस्थामा ती विद्यार्थी विद्यार्थी नै हुन सक्तैनन् । बरु मेसिनका पुर्जा जस्ता बन्न पुग्दछन् । शिक्षकको काम त विद्यार्थीहरूलाई राम्रा प्रकारले पढाइदिनु हो । पढेर प्रश्नको सही उत्तर लेख्नु विद्यार्थीहरूको आफ्नो काम हो । यसैगरी परमात्माको काम त जीवहरूलाई वेदद्वारा विधिनिषेधका कर्महरूको ज्ञान प्राप्त गराइदिनु मात्र हो, असल या खराब कर्म गर्नु, गराउनु होइन । कर्म त जीवले स्वतन्त्रतापूर्वक नै गर्दछन् । जीवले ज्ञानको अनुकूल कर्म गरे भने सुख प्राप्त गर्नेछन् । अज्ञानको अनुकूल गरे भने दु:ख प्राप्त हुनेछ । वेदज्ञानका अतिरिक्त प्रत्येक प्राणीका अन्त:करणमा पनि खराब कर्म नगर्ने आदेश परमात्माका तर्फबाट अवश्य हुन्छ । त्यस आदेश प्रति प्राणीहरू ध्यान दिन्छन् या दिंदैनन् यो उनीहरूको आफ्नो कुरा हो । यसैलाई ‘परमात्माद्वारा खराब कर्म गर्नबाट रोक्नु’ भनिन्छ । जीवहरूलाई खराब कर्म गर्नबाट रोक्नुको अर्थ उनीहरूको कर्म गर्ने स्वतन्त्रतालाई हरण गर्नु होइन ।

**कमल** : त्यसो हो भने परमात्माले कर्मको फल तत्कालै किन दिंदैन ?

**विमल** : प्रत्येक कर्मको फल त्यसै समयमा कसरी दिन मिल्छ र ? कल्पना गर त, परमात्माले कुनै एकजना मानिसको कर्ममा प्रसन्न भएर उसलाई तत्कालै फल देला कि यो मानिस एक वर्षसम्म आनन्द भोग्नेछ । अब अर्को दिन उसले नराम्रो काम गर्ला । अब परमात्माले उसलाई एक वर्षसम्म दुःख भोग्नेगरी फल दिनुपर्‍यो । अब सोच त्यस मानिसको एक वर्षसम्म आनन्द भोग्ने अवधि छ । एक वर्षसम्म त उसले पहिलो कर्मको फल प्राप्त गर्दछ । परमात्माको नियम पूर्ण हुन्छ । यस वर्षको बीचमा चाहे उसले जतिसुकै नराम्रा कर्म गरे पनि तिनको फल यस वर्ष दिन मिलेन । यसै वर्ष नराम्रा कर्मको फल पनि दिने हो भने एक वर्ष आनन्द भोग्ने ईश्वरको आज्ञा भङ्ग भयो । जीव कर्म गर्नमा स्वतन्त्र छ । त्यसैले कहिले खराब काम गर्दछ, कहिले राम्रा काम गर्दछ । ईश्वरले सबैको फल तत्कालै दिन थाल्यो भने न त नराम्रा कर्मको फलको व्यवस्था बन्न सक्तछ, न राम्रा कर्मको फलको व्यवस्था बन्न सक्तछ । त्यसो गर्दा कुनै पनि कर्मका फलको समय पूर्ण हुन सक्तैन । यसकारणले परमात्मा प्रत्येक कर्मको फल आफ्नो निर्धारित समय र व्यवस्थाकै अनुसार दिने गर्दछ ।

**कमल** : यस संसारमा लाखौं योनिहरू छन् । के ती सब योनि कर्मका फलको आधारमा नै प्राप्त हुन्छन् ?

**विमल** : जगत्‌मा दुई प्रकारका योनिहरू हुन्छन् : **भोग योनि** र **उभय योनि** । सबै योनिहरू जीवहरूलाई कर्मानुसार नै प्राप्त भएका हुन् ।

**कमल** : 'भोग योनि' र 'उभय योनि' को तात्पर्य के हो ?

**विमल** : 'भोग योनि' त्यो हो जसमा जीव सुखदुःख भोग्दछ, तर भविष्यका लागि कुनै कर्म गर्दैन । जस्तै पशु, पक्षी आदि । 'उभय योनि' मनुष्य योनि हो । यसमा मनुष्य सुखदुःखरूप फल पनि भोग्दछ र भविष्यका लागि राम्रा वा नराम्रा कर्म पनि गर्दछ ।

**कमल** : मनुष्य योनिलाई किन '**उभय योनि**' भनिएको हो ?

**विमल :** पशुपक्षीलाई केवल खानको मात्र चिन्ता रहन्छ, पदार्थहरू उत्पादन गर्ने चिन्ता हुँदैन । उनीहरूको जन्म परमात्माको व्यवस्था अनुसार केवल भोग भोग्नका लागि मात्र हो, कमाउनका लागि होइन । हेर ! धान, गहुँ, जौ, चना आदि अन्न सबै पशुपक्षीले खान्छन्, तर उनीहरू अन्न उब्जाउन सक्तैनन् किनभने उनीहरूमा विचारशक्ति छैन । यता मानिस आफ्नो विचारशक्तिद्वारा पशुहरूबाट समेत काम लिएर अन्नको उत्पादन गर्न सक्तछ । विचारशक्ति भएकाले नै यसलाई '**उभय योनि**' भनिएको हो । मानिसले पदार्थको भोग पनि गर्दछ र तिनको उत्पादन पनि गर्दछ । आफ्नो विचारशक्तिको सहयोगले मनुष्य समस्त पशुपक्षीहरूलाई आफ्नो अधीनमा गर्न सक्तछ । एउट भेडा गोठालाको अधीनमा हजारौं भेडाहरू रहन्छन् । एक गाई गोठालाको अधीनमा हजारौं गाईहरू रहन्छन् । मानिस सिंह आदि अनेकौं खतरनाक जनावरहरूलाई सधाएर सरकसमा नचाइदिन्छ । जनावरबाट मात्र होइन, आफ्नो विचारशक्तिकै कारण मानिसले जल, पृथ्वी, अग्नि, वायु आदि तत्त्वहरूबाट पनि आफ्ना इच्छाअनुसारका लाभ लिने गर्दछ । ईश्वरले मनुष्यलाई पक्षीको जस्तो उड्न सक्ने पखेटा दिएको छैन । तैपनि मानिसले विमान बनायो । पानीमा हिंड्नका लागि माछा, कछुवाहरूको जस्तो शारीरिक साधन मानिसलाई दिएको छैन, तर मानिसले पानीजहाज तैयार गरेर चलायो । गिद्ध आदिको जस्तो टाढाटाढाका वस्तुलाई देख्न सक्ने आँखा मानिससँग छैन, तर मानिसले दूरवीक्षण वा अनुवीक्षण यन्त्रको निर्माण गऱ्यो । कारण के हो ? कारण एउटै हो । त्यो के भने मानिसमा विचारशक्ति छ । यसकारण मानव योनि '**उभय योनि**' हो । यसले पूर्व जन्मका कर्महरूको फल भोग्दछ र भविष्यका लागि कर्म पनि गर्दछ ।

**कमल :** जति योनिहरू प्राप्त हुन्छन्, के ती सबै कर्मअनुसार नै हुन्छन् ? र मानिसको जीवात्मा पशु, पक्षी आदि योनिहरूमा पनि जान्छ ?

**विमल :** हो, समस्त योनिहरू स्वकर्मानुसार नै प्राप्त हुन्छन् । अनि जीव सबै योनिहरूमा आउने जाने गर्दछ । मानिसमा मात्रै विचार शक्ति रहने हुनाले मनुष्य योनिमा गरिएका कर्मले मात्र पाप वा पुण्यसँग सम्बन्ध राख्तछन् । मानिसले विचारशक्तिको दुरुपयोग गर्नाले ऊ पापी भएर अनेक योनिहरूमा भ्रमण गर्दछ । ईश्वर आफ्नो न्यायको व्यवस्था- अनुसार प्रत्येक जीवलाई उसको सुधारका निम्ति नै योनिहरू प्रदान गर्दछ । मनुष्यले जति पनि राम्रा नराम्रा कर्म गर्दछ, त्यस्ता कर्मको संस्कार सूक्ष्म शरीरमा पर्दछ । यिनै असल वा खराब संस्कारले मानिसलाई उत्कृष्ट या निकृष्ट योनिहरू प्राप्त गराउँछन् ।

**कमल :** 'मनुष्य योनि' कसरी प्राप्त हुन्छ र मुक्ति कहिले प्राप्त हुन्छ ?

**विमल :** पापको तुलनामा पुण्यको संस्कार उत्कृष्ट हुँदा मनुष्य योनि प्राप्त हुन्छ । अनि निष्पाप कर्महरूका संस्कारको प्रबलता भएर ज्ञानको उदय भएको अवस्थामा मृत्यु पश्चात् मुक्ति प्राप्त हुन्छ । अर्को शब्दमा भन्ने हो भने जीव सांसारिक दुःखबाट छुटेर परमानन्दलाई प्राप्त गर्दछ ।

**कमल :** हात्तीको जीव कमिलामा कसरी अटाउँछ ? ठूलो शरीरका लागि ठूलै र सानो शरीरका लागि सानै जीव हुन्छ होला ?

**विमल :** जीव सानो वा ठूलो हुँदैन । समस्त प्राणीको जीव एकै प्रकारको हुन्छ । सानोठूलो आकार वा आकारमा भिन्नता त केवल शरीरमा हुन्छ । जसरी एउटै इन्जिनबाट चल्ने धेरै मेसिनहरू हुन्छन् । कुनै मसिनले काट्तछ, कुनैले केलाउँछ, कुनैले छुटयाउँछ, कुनैले छाप्तछ तर इन्जिनले सबैलाई एकै प्रकारको शक्ति दिइरहेको हुन्छ । मेसिनका पुर्जाहरूमा भिन्नता हुनाले काम चाहिं भिन्नाभिन्नै प्रकारका भैरहेका हुन्छन् । हेर, जहाँ कुनै प्राणीलाई मनुष्यको जस्तै ओठ प्राप्त भएको छ, त्यहाँ

त्यो दूध चुस्तछ । जसलाई चुचो प्राप्त भएको छ त्यसले ठुङ्दछ । जीवमा भेद हुँदैन शरीरहरूमा मात्रै भिन्नता हुन्छ ।

**कमल** : जन्म कर्मानुसार हुन्छ ? यदि हुन्छ भने जन्मनुभन्दा पहिले कर्म कसरी हुन्छ ? शरीर बिना कर्म हुन सक्तैन भने जतिखेर जीवका साथ शरीर नै थिएन त्यतिखेर उसले कर्म कसरी गऱ्यो ? र जन्मरूप बन्धनमा कसरी फँस्यो ?

**विमल** : जन्म त अज्ञानताको कारणले हुन्छ । योनीहरू कर्मानुसार प्राप्त हुन्छन् । जस्तै : बालकलाई विद्यालयमा भर्ना गर्नु अविद्याका कारणले हो । श्रेणीहरू प्राप्त गर्नु कर्म या योग्यताको आधारमा हुन्छ । यसै प्रकार संसाररूपी विद्यालयमा जीवले आउनु अर्थात् प्रथम शरीर धारण गर्नु अल्पज्ञताको कारण हो र अनेक श्रेणी रूपी योनिहरू प्राप्त गर्नु कर्मानुसार हो । अर्को कुरा जीवको एउटै जन्म हुने होइन, अनन्तपटक जीवको शरीरका साथ संयोग भएको छ र भइरहन्छ । आत्मामा अनेकौं जन्मका संस्कार हुन्छन् । सृष्टिको आदिमा कुन चाहिं कर्मको संस्कार थियो भन्ने पनि प्रश्न हुन सक्तछ । यसको उत्तर हो : सृष्टिको आदिमा त्योभन्दा अघिल्लो सृष्टिको संस्कार थियो । सृष्टि प्रवाहदेखि अनादि छ । दिन र रात जस्तै सृष्टिको चक्र निरन्तर चलिआएको छ र चलिरहने छ ।

**कमल** : केही मानिसहरूको भनाइमा सानासाना प्राणीहरूबाट विकास भएर मनुष्य शरीर बनेको हो । उनीहरू 'सृष्टिको अन्तिम विकास मनुष्य हो' भन्दछन् । यो कुरा ठीक हो वा होइन ?

**विमल** : भाइ ! यो कुरा ठीक होइन । त्यस्तो हुन्थ्यो भने मनुष्यको उपस्थितिमा अन्य प्राणीहरूको अभाव हुनुपर्ने थियो । संसारमा त मनुष्य पनि र अन्य साना ठूला प्राणीहरू पनि विद्यमान रहेको देखिन्छ । यस्तो अवस्थामा प्राणीको विकास हुँदैहुँदै मनुष्यको शरीर बनेको भन्ने कुरा कसरी विश्वास गरौं ?

अङ्कुरमा विकास भएर वृक्ष बन्दछ । वृक्ष बनेपछि त्यहाँ अङ्कुर कहाँ रहन्छ ? कोपिलाको विकास भएर फूल बनेपछि कोपिला कहाँ रहन्छ ? अर्को विचारणीय कुरा के छ भने मनुष्य बाहेक अरु सबै प्राणीहरूमा सामान्य ज्ञान छ, विशेष ज्ञान चाहिं मनुष्यमा मात्र पाइन्छ । मनुष्यमा विशेष ज्ञान कहाँबाट आयो ? विचार शक्तिबाट । यो 'विचार शक्ति' अन्य प्राणीहरूमा पाइँदैन । पशु, पक्षी आदिमा विचार शक्ति भएको भए मानिसहरूले तीमाथि शासन गर्न सक्ने थिएनन् । हेर, सबैले मानेको कुरा के हो भने अभावबाट भाव कदापि हुँदैन । मनुष्य अन्य प्राणीको विकसित रूप हो भने अन्य प्राणीहरूमा पनि विचार शक्ति पाइनुपर्दथ्यो तर त्यस्तो छैन । विकासवादले बाँदरबाट मनुष्यको विकास भएको बताउँछ । त्यस्तो भएको भए कुनै मानिसको भर्खर जन्मेको बालकलाई गहिरो पानीमा हाल्दा त्यो बालक नडुब्नुपर्ने हो । बाँदरबाट मानिस बनेको हो भने बाँदरका तमाम शक्तिहरू मानिसमा पनि विकसित हुनुपर्ने हो तर त्यस्तो भएको छैन । बाँदरको बच्चालाई पानीमा हालिदिएमा पौडेर बाहिर आउँछ तर मानिसको बच्चालाई पानीको दहमा हालिदिएमा पौडिन नसिकेका कारण डुब्दछ । यसबाट के सिद्ध हुन्छ भने मानिस, पशु, पक्षी आदि जति पनि योनिहरू छन् ती सबैको निर्माण भगवान्ले आफ्नै न्यायव्यवस्थाद्वारा कर्मानुसार गर्दछ ।

## भूत प्रेत के हुन् ?

**कमल :** के कुनै भूत योनि पनि हुन्छ ? मानिसहरू भूतप्रेतका ठूला कथाहरू सुनाउँछन् । धामी, झाँक्री आदिले बुटी, ताबीज आदि दिन्छन् । झारफुक गर्छन् र भूतप्रेतलाई पनि उतार्छन् । के यो ठीक हो ?

**विमल :** भूत वा प्रेतको कुनै सत्ता वा अस्तित्व नै छैन । मानिसहरू जुन कथाहरू सुनाउँछन्, ती सबै मनगढन्ते गफ मात्र हुन् । भूत, भविष्य र वर्तमान यी समय भेदका नाम हुन् । भूतको अर्थ हुन्छ : बितिसकेको । कुनै मानिस मर्‍यो भने त्यसको सत्ता 'वर्तमान' रहँदैन, भूत मानिन्छ । अरु केही पनि होइन । भूत वा प्रेतको अर्थ गइसकेको वा बितिसकेको भन्ने हो । जसले भूत वा प्रेतलाई देखेको कुरा गर्दछन्, ती सबै त्यस्तो भूत वा प्रेतलाई अँध्यारोमा देखेको बताउँछन् । संसारका सूक्ष्म तथा स्थूल वस्तुहरूलाई इन्द्रिय र यन्त्रद्वारा हर समय देख्न सकिन्छ । यदि भूत, प्रेत कुनै योनि भएको भए त्यो पनि अवश्य देखिनुपर्ने हो तर देखिँदैन । मनमा भ्रम र भय भएका वा भूत, प्रेतको संस्कार भएका व्यक्तिहरूलाई मात्र भूत प्रेत देखिने हो । अरु कसैलाई पनि भूत वा प्रेत हालसम्म देखिएको छैन । मनोविज्ञान (Pychology)को सिद्धान्त अनुसार व्यक्तिको मनमा जस्तो संस्कार हुन्छ, त्यो व्यक्ति भयभीत हुँदा वा मानसिक रोग लागेको अवस्थामा त्यस व्यक्तिलाई त्यस्तै चित्र देखिन थाल्दछन् । विचार गर्नुपर्ने कुरा के हो भने मानिस मरिसकेपछि शरीर त पाँच महाभूतमा मिसिइहाल्दछ । जीव चाहिं कर्मानुसार शरीर धारण गर्दछ । अनि कस्तो भूत, कस्तो प्रेत ?

भूत, प्रेत जीवात्मा या सूक्ष्म शरीरको नाम हो भनौं भने स्थूल शरीर बिना जीवात्मा न त देखिन्छ, न शरीर बिना कुनै सम्बन्धित कार्य गर्न सक्तछ । सूक्ष्म शरीरको पनि अवस्था यही हो ।

जन्तर, ताबिज, झारफुक, भूत प्रेत उतार्ने कुरा आदि सबै कोरा पाखण्ड हो। यस्ता कुराले रोग दूर हुने भए, बालक जीवित हुने भए झारफुक गर्ने व्यक्तिका छोराछोरी न त कहिल्यै रोगी हुन्थे, न कहिल्यै मर्थे। संसारमा के देखिन्छ भने उनीहरूका सन्तान पनि रोगी छन्, मर्दछन् र त्यो व्यक्ति आफैं पनि कालको गाँस बन्न पुग्दछ। झारफुकबाट नै काम चल्ने भए डाक्टर र वैद्यहरूको के आवश्यकता थियो ? तथा औषधालय या अस्पतालको के आवश्यकता थियो ? कसैको जिउमा भूतप्रेत या देवीदेवता आउनेको पोल तब खुल्दछ, जब ऊसमक्ष कुनै कठिन प्रश्न सोधेर परीक्षा लिइन्छ। त्यस्ता झारफुक गर्ने व्यक्तिका शरीरमा हिन्दु देवी वा देवता आएको छ भने त्यसलाई वेदका मन्त्रको अर्थ सोध्नुपर्दछ। अनि इस्लामी देवता सैयद वा पीर चढेको छ भने कुरानका आयत पढ्न लगाउनुपर्दछ। यसो गर्नाले उसका सबै ढोंग, पाखण्ड र बहाना प्रकट हुन जान्छन्। प्राय: केही यस्ता कुरा पनि हुन्छन् जसलाई चलाख व्यक्तिले गरेरै देखाइदिने गर्दछन्। अनि जब मानिसले ती कुरा बुझ्न सक्तैनन् अनि उनीहरू 'त्यसले भूत, प्रेतलाई नियन्त्रण गरेको' भनी ठान्दछन्। तर वास्तवमा भूत वा प्रेतको कुनै सत्ता छैन। यो केवल भ्रम हो। यसले अज्ञानी र अन्धविश्वासी मानिसहरूलाई सताउँछ। प्रत्येक मानिसले कुन करामाथि विश्वास राख्नुपर्दछ भने जुन कुरा भोगमा छ, त्यो अवश्य भोग्नुपर्दछ। त्यसलाई कसैले टार्न सक्तैन। न्याय गर्ने परमात्मा सर्वत्र विद्यमान छ। संसारमा अर्को कसैको त्यस्तो शक्ति छैन, जसले कर्म बिना या पूर्व जन्मको संस्कार बिना ईश्वरको न्याय व्यवस्थाका विरुद्ध कसैलाई राम्रो अथवा नराम्रो फल दिन सकोस्।

## के सुख दु:ख ग्रहहरूबाट हुन्छ ?

**कमल :** मानौं भूतप्रेत योनि होइन रहेछ । तर ग्रहहरूका कारण सुखदुःख त हुन्छ नि, होइन ? नवग्रहको फल त भोग्नै पर्छ । ज्योतिषीको कुरा त कदापि झुटो हुन सक्तैन । ज्योतिष विद्याले त महिनौं वर्षौं पछि आउने सूर्यग्रहण तथा चन्द्रग्रहण आदिको भविष्यवाणी ठीकठीक बताइदिन्छ ।

**विमल :** सुख, दुःख ग्रहहरूका कारणले हुने होइन, आआफ्ना कर्मका फलको कारणले हुन्छ । ग्रहहरूले न त कसैलाई दुःख दिन्छन्, न कसैलाई सुख नै दिन्छन् । समस्त ग्रहहरू पृथ्वीमा आफ्नो प्रभाव त अवश्य पार्दछन् तर त्यस प्रभावबाट जुन सुख वा दुःख प्राप्त हुन्छ या वस्तुहरूमा जुन परिवर्तन हुन्छ, त्यो ती वस्तुहरूको आफ्नै अवस्थाका कारणले हुन्छ । जस्तै सूर्य ग्रह हो उसको प्रकाश सर्वत्र छरिएको छ । अब एउटा वृक्ष पृथ्वीमा खडा छ । अर्को नजिकैमा काटेको वृक्ष लडेको छ । सूर्यका किरणहरू दुवैमा परेका छन् । तर काटेको वृक्ष लगातार सुक्तै जान्छ र जमिनमा खडा रहेको वृक्ष चाहिं बढिरहेको हुन्छ । दुवै वृक्षमा सूर्यका किरणहरू समान रूपमा प्रकाश दिइरहेका छन् भने एउटा वृक्ष किन सुक्दै गएको वा क्षीणता आएको र अर्को वृक्षमा किन वृद्धि भएको हो ? त्यही सूर्यका किरणको प्रकाश ढुङ्गामा परेको छ, त्यही गएर हिउँमा पनि परेको छ । तर ढुङ्गो सुक्खाको सुक्खा नै रहन्छ, हिउँ चाहिं पग्लिरहेको हुन्छ । उही सूर्यको प्रकाशमा स्वस्थ आँखा भएको व्यक्ति सुन्दर सुन्दर दृश्यहरूलाई देखेर प्रसन्न हुन्छ, तर जसको आँखामा रोग छ, उसलाई त्यही सूर्यको प्रकाश दुःखदायी भैरहेको हुन्छ । अब भन त यसमा सूर्यले के गरेको छ ? सूर्यको के दोष छ ? जुन वस्तुको जस्तो अवस्था छ, त्यसै अनुसार त्यसमा परिवर्तन या हानि लाभ भइरहन्छ । हेर, ज्योतिषका दुई अङ्ग मानिन्छन् : १. **गणित ज्योतिष र २. फलित ज्योतिष** । गणितसँग

सम्बन्ध भएको ज्योतिष सबै सत्य हुन्छ फलित ज्योतिष चाहिं अनुमानमा आधारित हुनाले झुटो हो । सूर्यग्रहण, चन्द्र ग्रहण गणितसँग सम्बन्ध राख्तछन्, तसर्थ महिनौ, वर्षौं पहिल्यै बताउन सकिन्छ । सृष्टिको आरम्भदेखि लिएर अन्त्यसम्म सूर्य, चन्द्र आदि ग्रहहरू आआफ्ना कार्य नियमपूर्वक गर्दछन् । यस कारण उनीहरूको गणित बनेको छ । ज्योतिषका विद्वान्हरूलाई ग्रहका गतिको ज्ञान हुन्छ । उनीहरूलाई अमुक समयमा चन्द्रमाको छायाँ सूर्यमा या पृथ्वीको छायाँ चन्द्रमामा पर्दछ भन्ने स्पष्ट थाहा हुन आउँछ । अतः अमुक समयमा ग्रहण लाग्दछ । जुन वस्तुमा नियम पूर्वक गति हुन्छ, त्यसको परिणाम गणितबाट तत्कालै थाहा हुन जान्छ । जस्तै घडीमा नियम पूर्वकको गति छ । घडी हेर्न जान्ने बालकले पनि तुरुन्त भन्न सक्तछ कि अब १२ बज्नलाई यति मिनेट बाँकी छ अथवा एक बज्नलाई यति मिनेट बाँकी छ । घडीका सुईहरू चाहे कुनै अङ्कमा हुन् तर प्रत्येक मानिस भन्न सक्तछ कि १२ तब बज्दछ, जब दुई सुईहरू १२ को अङ्कमा आइपुग्छन् । यसको ज्ञान कसरी हुन आयो ? किनभने घडीमा नियम पूर्वकको गति छ । वास्तवमा ज्योतिष भनेको गणित विद्या हो । मानिसहरूले त्यसमा फलित जोडेर बदनाम गरिदिएका हुन् । यसबाट गणित विद्यामा धक्का लागेको छ ।

**कमल :** ज्योतिषी जी जन्म पत्रिका लेख्तछन् । जन्म कुण्डली निकालेर नवग्रहको हाल सुनाउँछन् । जोमाथि जुन ग्रहको दशा छ त्यो तुरन्तै बताइदिन्छन् । मैले कति पल्ट देखेको छु कि कसैमा शनिको अढैया, कसैमा साँढे साती, कसैमा मङ्गलको दशा, कसैमा राहुकेतुको कोप, कतै दिशाशूल, कतै योगिनी चक्र आदिको हाल धेरै बताउँछन् । यति मात्र होइन तेजी, मन्दी, हानि, लाभ, गाडेको धन, नोकरी, हारजीत, चिठ्ठा, मुद्दा लगायत भूत, भविष्य वर्तमान तीनै कालका कुरा बताइदिन्छन् । के यी सबै कुरा सत्य होइनन् ?

**विमल :** भाइ ! तिमी निश्चय पूर्वक जान, यी सबै भ्रममा फसाउने कुरा हुन् । केही मानिसहरूले कमाउन र खानका लागि धूर्त्ततापूर्ण तरिका निकालेका हुन् । अरु केही होइन । परमात्माको व्यवस्थाका अनुसार भोगमा जे छ, त्यो कदापि टर्न सक्तैन । मैले तिमीसँग पहिल्यै भनिसकें कि ग्रहहरूले स्वयं कसैलाई सुख वा दु:ख दिँदैनन् । किनकि ती जड हुन् । सुख दु:ख त कर्मको कारणले प्राप्त हुन्छ । हेर, अन्य देशहरूको अपेक्षा हाम्रो देशमा धेरै ज्योतिषीहरू छन् । यहाँ प्रत्येक कार्यमा ग्रह र नक्षत्र (भनौं साइत) हेर्ने चलन छ । तर यहाँ नै सबैभन्दा धेरै मानिस दीन हीन र दु:खी छन् । अरू सबै देशहरूभन्दा बेकारी (बेरोजगारी) तथा भोका र नाङ्गा यहीं भेटिन्छन् । यस देशमा जस्तो ठूलो सङ्ख्यामा विधवा नारीहरू के संसारको अरु कुनै देशमा छन् ? तिनका विवाह जन्मपत्र र पात्रोहरू हेरेर ग्रह दशा जुराएर नै त गरिएका थिए । होइन र ? राशि, लग्न, वर्ग आदि सबै कुरा पण्डित जीले मिलाएकै थिए । अनि यता यति धेरै मात्रामा विधवाहरू कसरी बन्न गए ? ब्रह्माका पुत्र वशिष्ठले ग्रह मुर्हूत जुराएर नै 'भोलि बिहान रामचन्द्रको राजतिलक हुनेछ' भनेर साइत निकालेका थिए तर कर्मको गति अर्थात् भोग यति प्रबल भएर आयो कि बिहान हुँदा राम वनवासी हुन पुगे । दशरथले प्राण त्यागे । रानीहरू विधवा भए । पछि सीतालाई रावणले चोरेर लग्यो । यसै कारण सूरदासले भनेका छन् :

**करम गति टारे नाहिं टरै ।**
**गुरु वशिष्ठ से पण्डित ज्ञानी रुचि रुचि लगन धरै ।**
**सीता हरन, मरन दशरथको  विपत पै विपत परै ॥**

यसै गरी सन्त तुलसीदासले पनि भनेका छन्–

**लगन मुहूरत योग ग्रह 'तुलसी' गिनत न काहि ।**

**राम भये जिहि दाहिने सबहिं दाहिने ताहि ॥**

यसैगरी ग्रहहरू लाग्ने र उत्रने कुरा पनि बडो विचित्र छ । हेर, जुन पृथ्वीमा हामी बस्तछौ, त्यसको परिधि २५००० माइलको छ । सूर्य पृथ्वीभन्दा १३ लाख गुणा ठूलो छ । यदि हामी प्रतिघण्टा एक सय माइलको गतिमा उड्ने विमानमा चढी लगातार उड्ने हो भने पृथ्वीबाट सूर्यसम्म पुग्नलाई १०५ वर्ष लाग्नेछन् । आकाशमा सूर्यभन्दा पनि ठूला बृहस्पति आदि ग्रहहरू छन् । अनेकौं ग्रह यस्ता पनि छन् जसको प्रकाश पृथ्वीमा आइपुग्न लाखौं करोडौं वर्ष लाग्छ । अब विचार गर, यस्ता ग्रह कुनै व्यक्तिमाथि चढ्न कसरी सम्भव हुन सक्तछ ? अझ अनौठो कुरा त के छ भने ग्रह दशा उस पीडित व्यक्तिमाथि परेको छ, तर थाहा चाहिं पण्डितजीलाइ हुन्छ । कुनै व्यक्तिको शरीरमा कमिला चढ्यो भने उसलाई नै थाहा हुन्छ । सर्प, बिच्छी आदि चढे भने पनि उसैलाई थाहा हुन्छ । हात्ती या घोडा नै चढ्न गए भने थाहा हुने मात्र होइन, बरु त्यो व्यक्ति अचार हुन जान्छ, जसमाथि हात्ती घोडा चढेको हो । तर ती जनावरहरूभन्दा पनि असङ्ख्य गुणा ठूला ग्रहले आफूमाथि चढेर थिचेको चाहिं थिचिने व्यक्तिले थाहै नपाउने र पण्डितजीले बताइदिनुपर्ने ! यो कस्तो आश्चर्यको कुरा हो ? वास्तवमा यो सबै ठगहरूको जालसाजी हो । यसमा कुनै सार छैन । भोग र भाग्यमा जे छ र जति छ, त्यही पाइन्छ । दिशाशूल आदि पनि पाखण्डका कुरा हुन् । अब त रेल, मोटर आदिले सारा दिशाशूल हटाइसके । कल्पना गरौं, कोलकातामा कसैको मुद्दा चलिरहेको छ । जुन दिनको तारेख छ, त्यस दिन ज्योतिषीले 'आज दिशाशूल छ, नजाऊ' भने । अब त्यो व्यक्ति त्यस दिन अदालतमा उपस्थित हुन नसकेमा के दिशाशूलले गएर उसको पुर्पक्ष गरिदिन्छ ? अवश्य गर्दैन । एकजना

साहुकारलाई मुम्बईबाट 'तुरुन्त आउनुहोस्, नआएमा लाखौंको घाटा हुनेछ' भन्ने खबर आयो । साहुजी जानका लागि तयार भए । पण्डितले 'आजको दिन ठीक छैन' भनिदिए । भोलिपल्ट तयार परेर घरबाट निस्किए । बिरालोले बाटो काटिदियो । पर्सिपल्ट मोटरसम्म पुगेर चढ्न मात्र के आँटेका थिए एक जना व्यक्तिले हाच्छिउँ गरिदियो । चौथो दिन घरबाट हिंड्ने सुरसार गर्दै थिए मुम्बईबाट खबर आयो, 'तपाईं नआउनाले २० लाखको घाटा हुन गयो ।' बुझ्यौ भाइ ! अन्धविश्वासको कस्तो भयंकर परिणाम निस्कियो । अझ जुन ज्योतिषीहरूले गाडेको धन तथा गोप्य कुराहरू बताउने जस्ता कुरा छन् ती पनि नितान्त ठग कुरा भनी बुझ्नुपर्दछ । पृथ्वीमा त अरबौंको सम्पत्ति दबिएको छ । पृथ्वीमा गाडेको धन देखाउन सक्नेले आफैं किन निकाल्दैनन् ? यस्ता कुरामा भूगर्भ विद्याका विद्वान्हरूले किन टाउको दुखाउनु पऱ्यो ? ती ज्योतिषीहरूलाई नै पृथ्वी भित्रका सम्पूर्ण वस्तुहरूको ज्ञान हुने भए संसारका विभिन्न देशका सरकारहरू किन यस विभागमा अरबौं रूपैयाँ खर्च गर्नुको सट्टा ज्योतिषीहरूबाट थोरै खर्चमा काम चलाउँदैनन् ? कसैले यस्ता भ्रमपूर्ण कुराहरूमा पर्नु हुँदैन । सबैले आफ्नो कर्मफल र ईश्वरको न्यायकारितामा अटल विश्वास राखेर बुद्धिपूर्वक शुभकर्म गर्नुपर्दछ । यही नै मनुष्यता हो ।

**कमल :** दाजु ! अब यो भन्नुहोस् 'श्राद्ध गर्नु पर्छ कि पर्दैन' ?

**विमल :** यसको उत्तर म भोलि दिनेछु ।

● ● ●

**सातौं दिन प्रातःकाल**

# श्राद्ध गर्नुपर्छ वा पर्दैन ?

**कमल** : दाजु ! आज तपाईं यो भन्नु होस् 'श्राद्ध गर्नुपर्छ वा पर्दैन ?'

**विमल** : श्राद्ध गर्नुपर्दछ। जीवित माता, पिता, पितामह, पितामही, प्रपितामह, प्रपितामही, गुरु, आचार्य, अन्य वृद्धजनहरू तथा तत्त्ववेत्ता विद्वान्हरूको अत्यन्त श्रद्धापूर्वक सेवा सत्कार गर्नुपर्दछ। यसैको नाम श्राद्ध हो।

**कमल** : **'श्राद्ध'** त मरेका पितृहरूको पो हुन्छ । जीवितको पनि कहीं श्राद्ध हुन्छ ?

**विमल** : पहिले पितृ वा पितर शब्दको अर्थ जान्नु उपयुक्त हुन्छ । पितृ शब्दको अर्थ हो : रक्षा गर्ने । जीवित व्यक्तिले मात्र रक्षा गर्न सक्तछ । जीवितले नै आफ्ना सन्तानहरूलाई उपदेश दिन सक्तछन्, आफ्नो जीवनका अनुभवद्वारा संसारका व्यवहारहरूको ज्ञान गराउन सक्तछन् । जीवितले नै सबै किसिमले आफ्ना सन्तानहरूको रक्षा गर्न सक्तछन् । मरेपछि त पितृ पितृ नै हुँदैनन् । किनभने पितृ न त आत्मा हो, न शरीर नै हो । आत्मा र शरीरको संयोग विशेषको नाम **'पितृ'** हो । जब मृत्युले दुवैको सम्बन्ध छुटाइदिन्छ, तब पितृ कहाँ रह्यो ? यदि आत्मालाई पितृ मान्ने हो भने आत्मा नित्य र अविनाशी होइन, नाशवान् हो भनी ठान्नुपर्ने हुन जान्छ । आत्मालाई पितृ मानेमा उसमा आयुको र ठूलासानाको भेद मान्नुपर्ने हुन्छ । एउटा आत्माको उत्पत्ति पहिले र अर्को आत्माको उत्पत्ति पश्चात् मान्नुपर्ने हुन्छ । यस्तो नमानेमा आत्मासँग पितृ शब्दको सम्बन्ध नै जोडिंदैन । सम्बन्ध नै जोडिंदैन भने श्राद्ध कसको गर्ने ? खासमा आत्मालाई त सबैले अविनाशी मान्दछन् । अतः उसमा

आयु र सानाठूलाको भेद हुनै सक्तैन । रह्यो शरीर, शरीरलाई पनि 'पितृ' मान्न सकिंदैन । प्रथमतः आत्माको विदाईका साथै शरीरको नाम शव (मुर्दा) हुन जान्छ । फेरि यदि शरीर नै पितृ हो भने त्यसलाई गाड्ने वा जलाउनेलाई भारी पाप लाग्नेछ । मरेपछि शरीरलाई या त गाडिन्छ अथवा जलाइन्छ । आफ्ना पितृलाई जमिनमा गाड्नु अथवा आगोमा जलाउनु पुण्य कर्म हुन सक्तैन । तर मानिसहरू मृत शरीरलाई गाड्नु या जलाउनु धर्म मान्दछन् । वास्तवमा नातागोता, पितृ आदि सम्बन्ध यस संसारसँग मात्र सम्बन्ध राख्ने सम्बन्ध हुन् । मरेपछि न कोही कसैका पितृ हुन्, न कोही कसैका सन्तान । सबै जीव आआफ्ना कर्मफल भोग्नका निम्ति संसारमा आउँछन् । शरीर धारण गरेपछि एकअर्कासँग अनेक प्रकारका सम्बन्धहरू जोडिन्छन् । यदि मरेपछि पनि जीवहरूसँग आमा, बुबा, भाइ, बहिनी आदिको सम्बन्ध रहिरहने हो भने त पुनर्जन्ममा आमाको छोरासँग, बहिनीको दाजु सँग, छोरीको बाबुसँग विवाह हुने सम्भावना हुन जान्छ । यसकारण जीवसँग आमाबुबा आदिको सम्बन्ध हुँदैन । जीव र शरीरको विशेष संयोगसँग सम्बन्ध छ । त्यसकारण 'श्राद्ध' जीवितहरूको नै हुन्छ ।

**कमल :** वर्षभरमा श्राद्धका लागि १५ दिन निश्चित छन् । कहिले कुनै पितृको श्राद्ध गरिन्छ भने कहिले कुनैको गरिन्छ । पितृहरू सूक्ष्म शरीर धारण गरेर श्राद्धका दिनमा आउँछन् । ब्राह्मणहरूका साथ भोजन गर्दछन् । यदि कहिलेकाही पितृलोकबाट पितृ आउन सकेनन् भने पनि ब्राह्मणलाई ख्वाएको भोजन उनीहरूलाई प्राप्त हुन्छ । होइन र ?

**विमल :** आत्मा या शरीरको नाम पितृ होइन, आत्मा र शरीरको विशेष सम्बन्धको नाम पितृ हो भन्ने कुरा अगाडि नै मैले भनिसकेको छु । यति कुरा बुझेर पनि 'पितृ सूक्ष्म शरीर

धारण गरेर भोजन गर्न आउँछन्' भन्नु त सरासर ढिपी र अविवेकको परिचय दिनु हो । ठिक छ, एक छिनका लागि पितृहरू सूक्ष्म शरीर धारण गरी आउँछन् भन्ने कुरालाई पनि मानिलिऊँ । तर स्थूल शरीर बिना उनीहरू भोजन कसरी गर्दछन् ? यसको जवाफ के हो ? के सूक्ष्म शरीरद्वारा भोजन गर्न सम्भव छ ? पुनः जब ब्राह्मणहरूका साथमा पितृले भोजन गर्दछन् भने पहिले पितृले खान्छन् कि ब्राह्मणले खान्छन् ? यदि ब्राह्मणले पहिले खान्छन् भने पितृहरू जुठो खाँदा रहेछन् । दुवै एकैसाथ मिलेर खान्छन् भने एक अर्काको जुठो खाँदा रहेछन् । के जुठो खानु राम्रो हो ? जुठो खानु त स्वास्थ्य र सिद्धान्त दुवै दृष्टिबाट निन्दनीय हो । फेरि वर्ष भरमा १५ दिन मात्र किन निश्चित भए ? के साँढे एघार महिनासम्म उनीहरूलाई भोक लाग्दैन ? के १५ दिनको भोजनले नै उनीहरू वर्षभर तृप्त भै रहन्छन् ? के यस्तो पनि हुन सक्तछ ? यदि हुन सक्तछ भने कुनै मानिसलाई १५ दिन ख्वाएर ऊ एक वर्षभर जीवित रहेको देखाऊ त ? १५ दिन पनि कहाँ ? श्राद्धका १५ दिन निश्चित छन्, यसमा पनि केवल एक दिन पितृका परिवारहरूले तिथी निकालेर श्राद्ध गर्दछन् । अर्को कुरा, यदि ब्राह्मणलाई भोजन गराउनाले मृतक पितृहरूलाई भोजन प्राप्त हुन्छ भने भोजन गर्ने ब्राह्मणको पेट किन भरिन्छ ? ब्राह्मण त भोजन गरेपछि पनि भोकै रहनुपर्ने होइन ? उनीहरूले भोजन पितृलाई पुऱ्याइदिए भने फेरि उनको पेट कहाँबाट भरियो ? श्राद्ध खाने ब्राह्मणलाई यो प्रश्न गर्नुपर्ने हो कि जुन पितृलाई भोजन पुऱ्याउनु छ, ती पितृ कहाँ छन् ? साथै उनीहरू रोगी छन् वा स्वस्थ छन् ? उनीहरू रोगी छन् भने फेरि उनलाई हलुवा, पुरी तथा खीरसँग कुनै प्रयोजन छैन । उनीहरूलाई त तीतो औषधि एवं मुँगीको दालको पानी चाहिन्छ । गरिष्ठ भोजनबाट

त उनीहरू अझ धेरै रोगी हुनेछन् । जब कसैलाई 'मृत्युपछि पितृको आत्माले कुन योनीमा गयो ?' भन्ने कुरा नै थाहा छैन भने ब्राह्मणहरूद्वारा खीर, पुरी आदि पठाउनुको अर्थ के हो ? यदि श्राद्धका दिनमा कसैका पितृ कुनै योनिबाट स्वयं नै सूक्ष्म शरीरद्वारा भोजन गर्न आउँछन् भने पनि जुन योनिबाट आउने हो उसको त मृत्यु भै हाल्नु पर्ने हो । अरु केही विचार गर त ! एउटा आत्मा तत्त्वज्ञान प्राप्त गरेर मुक्त भयो । अब उसलाई संसारका भोजनको के चिन्ता ? अर्को आत्माले कर्मवश सिंह वा ब्वाँसो भएर जन्म लिएको छ । अर्को फोहर या नालीको कीरो बनेको छ । के ती सबै प्राणीहरूको काम हलुवा, पुरी, खीरबाट चल्दछ ? प्रत्येक प्राणीका आआफ्ना भिन्नभिन्न प्रकारका स्वादिष्ट भोजन हुन्छन् । सबैको भोजन मानिसकै जस्तो त हुँदैन ।

हेर ! यदि कसैले कुनै आफन्तलाई हुलाकबट चिठी पठाउँदैछ । तर उसलाई उसको ठेगाना थाहा छैन । चिठीको सबै बेहोरा लेखेर ठेगाना विनाको पत्र पत्रमञ्जुषामा हालिदियो भने के त्यो पत्र जुन मानिसले पाउनुपर्ने हो त्यस मानिससम्म पुग्ला ? कदापि पुग्दैन । बरु न यता न उता हुन्छ । यस्तै ठेगाना बिना र नामनिशान विना ब्राह्मणहरूलाई ख्वाएको भोजन कसरी पितृहरूसम्म पुग्न सक्तछ ? यो त पूरा अन्धविश्वास हो । यदि एउटा व्यक्तिलाई ख्वाउनाले अर्को व्यक्तिसम्म पुग्ने भए विदेश जानेहरूले भोजनको पोको बाँधेर लिएर जानुपर्ने के आवश्यकता थियो ? घरैमा ब्राह्मणलाई भोजन गराइदिंदा विदेश जानेको पेट स्वतः भरिहाल्ने थियो । तसर्थ मृतक पितृहरूको श्राद्ध गर्नु पूरै व्यर्थ र आफूले आफैंलाई धोका दिनु हो ।

**कमल :** दाजु ! तपाईंले मृतक पितृहरूको श्राद्ध हुँदैन र एउटाले लिएको अर्काले पाउँदैन भन्ने कुरा त तर्कद्वारा सिद्ध गर्नुभयो । अब मलाई यो बताउनुहोस् कि कुनै पुत्रको पिता कसैको ऋणी थियो । उसले तिर्नुपर्ने ऋण नतिरीकनै उसको मृत्यु भयो र त्यस ऋणको पाप आफैंसँग लिएर गयो । केही समय पछि त्यस मृतकको पुत्र धनवान् हुन जान्छ र उसले पिताले लिएको ऋण तिरिदिन्छ । अब भन्नुहोस् मृतकको आत्मा ऋणरूप पापबाट मुक्त भयो वा भएन ? पुत्रले ऋण तिरिदिएपछि पिता ऋणी रहने त कुरा भएन ? यदि पुत्रद्वारा पिताको आत्मा ऋणको पापबाट मुक्त हुन सक्तछ भने पुत्रद्वारा ब्राह्मणलाई भोजन गराउँदा पिताको भोजन सम्बन्धी तृप्ति किन हुन सक्तैन ?

**विमल :** तिमीले निश्चय पूर्वक जान्नु पर्दछ कि पिताका कर्मको फल पुत्रलाई र पुत्रका कर्मको फल पितालाई कदापि प्राप्त हुँदैन । मानिसले जति पनि राम्रानराम्रा कर्म गर्दछ, तिनका संस्कारले उसको सुखदु:खरूप योग बनाउँदछ । त्यो भोग नभोगी टर्न सक्तैन । लौकिक दृष्टिमा त पुत्रले पिताको ऋण तिर्दछ । तर पिताको आत्मामा जहाँसम्मको संस्कार परेको छ, त्यसलाई पुत्रले कसरी मेटाउन सक्छ ? त्यो त उसको अधिकारको कुरै होइन । कुनै पनि मानिसको मनमा उसैको क्रियाकलापबाट संस्कार पर्दछ र उसैका कर्मबाट छुट्न सक्तछ । त्यसलाई अर्काले कसरी छुटाउन सक्तछ ? पुत्रले समाजको लेनदेन आदि व्यवहारको इलाज त गर्न सक्तछ । तर पिताको सूक्ष्म शरीरसँग सम्बन्ध राख्ने तत्त्वको इलाज गर्न सक्तैन । यदि ऋण तिरिदिनाले पिताको आत्मामा परेका ऋणको संस्कार पनि नष्ट हुने भए कुनै पिताले करोडौं रूपैयाँको सम्पत्ति धर्मपूर्वक कमाए र उनको मृत्यु भयो । उनले धर्मपूर्वक धन कमाउने संस्कार पनि सँगै लिएर गए । यता उनको पुत्र चाहिं

नालायक पर्‍यो । उसले पिताले धर्मपूर्वक कमाएको सम्पत्तिलाई मद्यपान, दुराचार आदिमा उडाइदियो । यस पापका कारण उसको सर्वत्र निन्दा भइरहेको छ । अब भन त ! त्यसको फल मृतक पिताको आत्माले पाउँछ वा पाउँदैन ? किनकि पुत्रले पिताको धनबाट नै पाप गरेको हो । यदि पिताले कमाएको धनबाट पाप गर्दा पिताको आत्मालाई पाप लाग्न सक्तैन भने पिताले लिएको ऋण तिरिदिनाले पिताको ऋणको संस्कार कसरी छुट्तछ ? पिताको ऋण त पुत्रले तिर्नुको कारण त के हो भने त्यहाँ उसको लिनु र दिनु दुबै किसिमको व्यवहार छ । छोराले बाबुको सम्पत्ति लिने अधिकार प्राप्त गरेपछि उसको ऋण तिर्ने दायित्व अरु कसको हुन्छ ? जसले लिन्छ उसले दिनु पनि पर्दछ । यो त मानव समाजको एक नियम हो । कुनै कुनै देशमा यस्तो नियम छैन । जस्तै युरोपका कतिपय देशमा यस्तो नियम छैन । ती देशमा संयुक्त परिवारको चलन नै छैन । मातापिताले जबसम्म उनका सन्तानहरू स्वतन्त्रतापूर्वक जीवन निर्वाह गर्न सक्तैनन् अथवा योग्य हुँदैनन्, तबसम्म मात्र पालन गर्दछन् । सन्तान योग्य भएपछि माता पिता तथा सन्तानको कुनै चासो नै हुँदैन । न कोही कसैको लेनदार रहन्छ, न कोही कसैको देनदार । त्यहाँ ऋण तिर्ने र नतिर्नेको कुनै प्रश्न नै छैन । त्यहाँ प्रत्येक व्यक्ति आफ्नो कर्जाको स्वयं नै जिम्मेदार हुन्छ । यस कारण पिताको आत्मामाथि परेको ऋण आदिको पाप पुत्रले धोइदिन्छ भन्नु सर्वथा मिथ्या हो । यस सृष्टिमा को कसको ऋणी छ र कुन रूपमा ऋणी छ भन्ने कुराको व्यवस्था परमात्माले मात्र जान्दछ र उसैले एकअर्काको ऋण चुकाउनका लागि कर्मानुसार व्यवस्था गर्दछ । सृष्टिका धेरै जसो काम कसैका लागि साध्य हुन् र कसैका लागि साधन

हुन् । यो कुरा चाहिं निश्चित छ कि एउटाले गरेका कर्मको फल अर्कालाई मिल्दैन ।

हेर, श्राद्धका दिनलाई 'कनागत' या 'कर्णागत' पनि भन्दछन् । एक पौराणीक गाथा छ । सुन दान गर्ने **कर्ण**लाई स्वर्गमा सुन नै प्राप्त भयो । जब उनको भोक हराएन, तब उनले १५ दिनको विदा लिए र मृत्युलोकमा आएर ब्राह्मणलाई भोजन गराए । अनि मात्र स्वर्गमा उनलाई अन्न खान सम्भव भयो । कर्ण फर्केर आउनाले नै 'कर्णागत' नाम रह्यो । यद्यपि यो कथा सृष्टिको क्रमको विरुद्ध हुनाले मिथ्या हो । तथापि यस कथाबाट 'आफूले गरेका कर्मको फल आफैंले भोग्नुपर्दछ' भन्ने निष्कर्ष निकाल्न सकिन्छ । कर्ण स्वयं नै स्वर्गबाट फर्किएर स्वयं अन्न दान गरे, तब मात्र उनले अन्न खान पाए । नत्र कर्णका सम्बन्धीहरूले मृत्युलोकमा ब्राह्मणलाई भोजन गराइदिन्थे । त्यही स्वर्गमा कर्णलाई प्राप्त हुने थियो ।

**कमल** : मृतक पितृसम्म भोजन पुग्दैन भने नपुगोस् । तर मृतक पितृहरूका नाममा भोजन गराउँदा हानि चाहिं के हुन्छ ? यसै निहुँले केही दान पनि त हुन जान्छ । उनीहरूको सम्झनामा केही न केही पुण्य हुन्छ ।

**विमल** : वैदिक सनातन मर्यादाको नाश हुनु नै हानि हो । किनभने पितृयज्ञ अर्थात् पितृको सत्कार 'नित्यकर्म' अन्तर्गत आउँछ । ब्रह्मयज्ञ, देवयज्ञ, अतिथियज्ञ, बलिवैश्वदेवयज्ञ तथा पितृयज्ञ यी पाँच महायज्ञलाई यथाशक्ति नित्य अर्थात् दैनिक रूपमा गर्नुपर्दछ । वैदिक शास्त्रहरूको यस्तै आज्ञा छ । यदि मृतक श्राद्धका लागि १५ दिनका तिथिहरू निश्चित गर्ने र उसको नाम पितृपक्ष राख्ने हो भने नित्य मर्यादाको खण्डन हुन जान्छ ।

मृतक श्राद्ध त वर्णाश्रम व्यवस्था अनुसार पनि हुन सक्दैन । किनभने जब पुत्र ब्रह्मचर्य आश्रममा हुन्छ, पिता गृहस्थाश्रममा हुन्छन् । यसैगरी जब पुत्र गृहस्थाश्रममा हुन्छ, पिता वानप्रस्थाश्रममा हुन्छन् । त्यस्तै जब पुत्र वानप्रस्थाश्रममा हुन्छ, पिता संन्यास आश्रममा हुन्छन् । यसरी पिताको मृत्युको समयमा पुत्र संन्यासी हुन्छ । अब विचार गर त संन्यासीले मृतक श्राद्ध कसरी गर्न सक्तछन् ? किनकि उनले त तमाम सकाम भावनाहरूको त्याग गरेकाले नै संन्यासी बनेका हुन् । संन्यासीसँग कुनै पारिवारिक सम्बन्ध नै रहँदैन । उनी न त कसैका पिता हुन्छन् न त पुत्र हुन्छन् । अनि श्राद्ध कसरी ? अर्को कुरा, संन्यासी त परिव्राजक हुन्छन् । सदुपदेश गर्दै जाँदा भ्रमणामा कहिले कुन तिथिमा र कहाँ मृत्यु हुन गयो, यसको थाहा पनि पिता, पुत्र तथा अन्य घरमा बस्नेहरूलाई हुने सम्भावना हुँदैन । अतः कुनै प्रकारले पनि मृतकहरूको श्राद्ध सिद्ध हुन सक्तैन ।

अब रह्यो दान र पुण्य हुने कुरा । आफ्ना पुर्खाहरूको सम्झनामा ख्वाउनु पिलाउनु या दान दिनु नराम्रो होइन । तर पात्र एवं कुपात्रलाई चिनेर यसो गरिनुपर्छ । तर निहुँ बनाएर गरिने कर्मको परिणाम प्रायः शुभ हुँदैन । किनभने हृदयमा सच्चाइ छैन भने दान गर्ने व्यक्तिको आत्मामा राम्रो संस्कार पर्दैन । मनमा जे छ, त्यही वाणीमा होस् तथा सोही अनुसार कर्म गरियोस् तब मात्र त्यो पुण्य कर्म कहलाउँदछ । **निहुँ पारेर गरिएको दान, दान होइन** र त्यस्तो **पुण्य पनि पुण्य होइन** । जुनसुकै कर्म पनि सद्भावनापूर्वक र इमानदारीपूर्वक गरिनुपर्दछ । विचार नगरी दान पुण्य गर्नु त संसारमा अल्छी र निकम्मा व्यक्तिहरूको संख्या बढाउनु सिवाय अरु केही होइन । यदि आफ्ना पुर्खाहरूको सम्झानामा ख्वाउनु पिलाउनु या दान दिनु

आवश्यक छ भने, असोज महिनाको १५ दिनको निश्चित् तिथिमा नै भोजन गराउनु र दान दिनु के आवश्यकता छ ? त्यो पनि केवल ब्राह्मणलाई मात्रै किन गराउने ? भोका, नाङ्गा, लुला, लङ्डा, अपाङ्ग तथा दुःखी व्यक्तिहरूलाई चाहे ती कुनै देश या जातिका हुन्, उनीहरूलाई भोजन र दान किन नदिने ? पितृहरूको सम्झनामा त्यसै तिथिमितिमा केही गरिन्छ भने त्यो पनि ठीक हुन सक्तछ । जस्तै रामनवमी, कृष्णजन्माष्टमी त्यसै तिथिमा मनाइन्छ, जुन तिथिमा उनीहरूको जन्म भएको हो । यसैगरी पितृहरूको सम्झना जुन तिथिमा उनको मृत्यु भएको हो, त्यसै तिथिमा माथि बताएअनुसार दुःखी, गरिब आदिलाई आवश्यक वस्तु, अन्न, धन दिएर मनाइन्छ भने त्यो मान्न योग्य हुन्छ । साथै आफ्ना पुर्खाप्रति श्रद्धा देखाएको पनि ठहर्छ । अन्यथा मृतक श्राद्ध पाखण्ड मात्र हो ।

**कमल :** दाजु, तपाईले यस बारे खुब विवेचन गर्नु भयो । धन्यवाद । अब म यो सोध्न चाहन्छु कि यज्ञ गर्नाले के लाभ हुन्छ ? मानिसहरू घ्यू र चरु अग्निमा किन होम गर्दछन् ?

**विमल :** यसको उत्तर भोलि दिनेछु ।

● ● ●

**आठौं दिन प्रातःकाल**

# यज्ञ र यज्ञोपवीत

**विमल** : तिम्रो हिजोको प्रश्न 'यज्ञ किन गर्नुपर्दछ ?' भन्ने थियो । यज्ञ गर्नाले अनेक लाभ हुन्छन् । घ्यू, चरु आदि सामग्री व्यर्थै होमेको होइन । यज्ञमा जसरी घ्यू र चरु जलाइन्छ, त्यसले वायु मण्डललाई शुद्ध बनाइदिन्छ । वायुको शुद्ध हुनाले रोगहरूको सम्भावना रहँदैन ।

**कमल** : यज्ञबाट कसरी वायु शुद्ध हुन्छ ?

**विमल** : यज्ञको सामग्री (चरु)मा चार प्रकारका पदार्थहरू समावेश गरिएका हुन्छन् : १. रोगनाशक, २. सुगन्धित, ३. मीठा र ४. पुष्टिकारक । पदार्थहरूद्वारा यज्ञ गर्नाले वायुमण्डलमा स्वास्थ्यलाई हानि पुऱ्याउने कीटाणु नष्ट हुन्छन् । यसैको नाम वायु शुद्धि हो । यस्तो यज्ञबाट वर्षा शुद्ध हुने सम्भावना हुन्छ । त्यसबाट अन्न र औषधिहरू गुणकारी हुन्छन् । परिणामस्वरूप सबै प्राणीहरूको कल्याण हुन्छ ।

**कमल** : मेरो विचारमा त बरु रोगनाशक एवं पौष्टिक पदार्थ खाएमा अधिक लाभ हुन सक्तछ । पदार्थलाई जलाएर किन नष्ट गर्नु ? अर्को कुरा यज्ञबाट वर्षाको सम्भावना कसरी हुन सक्छ ?

**विमल** : मेरो भनाइ पौष्टिक र रोगनाशक पदार्थ नखानु भन्ने होइन । त्यस्ता पदार्थ यथोचित खानु पनि पर्दछ र तीबाट यथाशक्ति यज्ञ पनि गर्नुपर्दछ । पदार्थहरूद्वारा शरीरलाई पुष्ट गर्नु जति आवश्यक छ, त्यति नै वायु शुद्ध पार्नु पनि आवश्यक छ । यदि कुनै मानिस वायु शुद्ध पार्ने काम गर्दैन भने त्यो पापी हो । किनभने मानिस वायुलाई दुर्गन्धयुक्त गराउँछ भने वायुलाई शुद्ध पार्नु पनि उसको दायित्व हो । हेर, शरीरबाट जे जति निस्कन्छ, त्यो दुर्गन्धित वा फोहोर नै त हुन्छ । जस्तै आँखाबाट निस्कने कचेरा, कानबाट निस्कने मयल (कानेगुजी), मुख र नाकबाट निस्कने र्‍याल र सिँगान, शरीरबाट निस्कने पसिना, मल, मूत्र, वायु आदि जति पनि

पदार्थ निस्कन्छन् ती सबै नै दुर्गन्धित र फोहर हुन्छन् । मानिसले बाहिरबाट अन्न, जल, वायु, फल आदि जति पनि पदार्थहरू ग्रहण गर्दछन्, ती सबै पवित्र हुन्छन्, तर तिनै पदार्थ शरीरका भित्रबाट फोहर भएर निस्कन्छन् र बाहिरको वायुलाई समेत दुर्गन्धित बनाइदिन्छन् । वायु नै प्राणीहरूको जीवन हो भन्ने कुरा सबैले मानेकै कुरा हो । बरु भोजन र पानी बिना दुई चार दिन कहिलेकाहीं त अझ धेरै दिनसम्म मानिस जीवित रहन सक्तछ, तर वायु बिना कोही एक घण्टा पनि जीवित रहन सक्तैन । जब वायु प्राणीहरूको जीवनको आधार हो भने उसलाई शुद्ध गर्नु कति आवश्यक छ ? जब वायु अशुद्ध (दूषित) हुन जान्छ तब कति प्रकारका रोगहरू फैलिन जान्छन् । यी प्लेग तथा हैजा आदि रोगहरू फैलनुको मुख्य कारण फोहर र दुर्गन्ध नै त हो नि ! रोगीको शरीरका कीटाणु र मुसाको पेटका किटाणु पनि त वायुमा मिल्न जान्छन् र भयङ्कर रोगलाई जन्म दिन्छन् । यस कारण वायुलाई शुद्ध बनाउनका लागि यज्ञ वा हवन भन्दा ठूलो अर्को उपाय के हुन सक्तछ ?

तिम्रो भनाइ छ कि पदार्थलाई जलाएर नष्ट किन गरिन्छ ? यो वास्तवमा अबुझ र अविवेकको कुरा हो । संसारमा कुनै पनि वस्तुको नाश कहिल्यै हुँदैन, रूप मात्र परिवर्तन हुन्छ । हेर, कुनै भाँडामा पानी उमालेर त्यहीं सुकाइदिएमा मूर्ख मानिस त त्यो नष्ट भयो भन्ने ठान्दछ । तर बुद्धिमान् व्यक्तिले त्यो पानी बाफ बनेर वायुमा मिल्न भयो, नष्ट भएको छैन भन्ने जान्दछ । यस्तै प्रकारले यज्ञमा चढाइएको सामग्री (चरु) पनि जलेर कदापि नष्ट हुँदैन । त्यो सूक्ष्म भएर वायुको संशोधन गर्ने वा वायु मिलेको बाफलाई शुद्ध बादलको रूपमा जमाउने काम गर्दछ । घ्यूले त बाफलाई जमाउनका लागि जोडनको काम गर्दछ । जस्तै सयौं मन दूधलाई अलिकति दहीले जमाइदिन्छ, त्यसैगरी घ्यू जसलाई सूर्यको तीक्ष्ण भन्दा

तीक्ष्ण कीरणले पनि सुकाउन सक्तैन, त्यसले बाफलाई जमाएर वर्षाको कारण बनाउँदछ । मानिसले विधिपूर्वक हवन गरेमा निश्चयपूर्वक ठिक समयमा वर्षा (वृष्टि) हुन सक्तछ । प्राचीन कालमा अत्यन्त विधिपूर्वक यज्ञ हुन्थे । फलतः अकाल, अनावृष्टि, अतिवृष्टि आदि केही हुँदैनथ्यो र हिजोआजका जस्ता विभिन्न प्रकारका रोग पनि फैलिन्नथे ।

**कमल** : त्यसो भए घरमा कुनै सुगन्धित र रोगनाशक पदार्थ राख्नु पर्दैन त ? के उसबाट वायु शुद्ध हुन सक्तैन ? डढाउनाले नै शुद्ध हुन्छ ? डढाउनाको के विशेषता छ ?

**विमल** : घरमा सुगन्धित र रोगनाशक पदार्थ अवश्य राख्नुपर्दछ र ती पदार्थबाट यज्ञ पनि गर्नुपर्दछ । यज्ञ गर्नाले पदार्थहरूको शक्ति करौडौं गुणा धेर हुन जान्छ । यसको प्रमाण के हो भने एकजना मानिस एक्लै चार ढिँडी खुर्सानी खान सक्तछ र त्यसको तीक्ष्णता र पिरोपनलाई उसले सहजै सहन गर्न सक्तछ । परन्तु त्यही मानिसले खुर्सानीको सानो टुक्रालाई अग्निमा हालिदिने हो भने त्यसको तेजीलाई उसले कसै गरे सहन सक्तैन । ऊ खोक्ता खोक्ता दिक्क भएर त्यहाँबाट अन्यत्र भाग्दछ । त्यति मात्र होइन छेउछाउ र छरछिमेकमा समेत राग आई अप्ठ्यारो हुन्छ । कुन दुष्टले खुर्सानी डढायो भनी अरुले समेत सराप्तछन् । यसै गरी मानिसले घ्यू र उत्तम चरुद्वारा हवन गरेर सुगन्ध फैलाउने हो भने मानिसहरू भन्दछन् : कुन मित्र वा सज्जनका घरमा हवन भैरहेको छ ? जसको यहाँसम्म सुगन्ध आइरहेको छ । अब त 'अग्निमा जलाइएको वस्तुको शक्ति कत्तिको वृद्धि हुँदो रहेछ' भनेर तिमीले बुझ्यौ होला ! यज्ञ भन्दा उत्तम उपकारी अर्को कर्म कदापि हुन सक्तैन । यज्ञ गोप्य दान हो । यज्ञबाट जसरी आफ्नो घरको वायुको शुद्धि हुन्छ, त्यसैगरी अरुका घरको वायुको पनि शुद्धि हुन जान्छ । जस्तै कुनै व्यक्ति कसैको दान नलेओस्, परन्तु यज्ञद्वारा सबै एक अर्काको दान

ग्रहण गर्न बाध्य हुन्छन् । किनकि यज्ञ सामग्री सूक्ष्म रूपमा वायुद्वारा सबैका घर–घरमा पुग्दछ र रोगका अणुहरूलाई नष्ट गरिदिन्छ ।

**कमल** : संसारको दुर्गन्ध र रोगका कीटाणुहरूलाई त सूर्यका किरणले नै नष्ट गरिदिन्छ । अनि यज्ञ गर्नुको के आवश्यकता छ ? जुन काम मनुष्यले नगरी आफैं भइरहेको छ भने त्यसमा व्यर्थको टाउको दुखाई किन गर्ने ?

**विमल** : म तिमीलाई सोध्दछु : जब सूर्य र चन्द्रमा मानिसले ननिकालिकनै आफैं निस्केर आइरहेछन् भने मानिसले फेरि प्रकाशका लागि बिजुली, मैनटोल, लालटिन, ग्यॉंस, दियो, बत्तीआदिको प्रयोग किन गरिरहेका छन् ? यस्ता पदार्थको निर्माण किन मानिसले गरिरहेका छन् ? सृष्टिमा फल, मेवा, बनस्पति आदि लगातर उत्पन्न भैरहेका छन्, फेरि मानिस किन खेती गरेर अन्न उत्पादन गरिरहेका छन् ? शरीरमा ईश्वरले स्वयं नै रोगहरू हट्ने प्रबन्ध गरिराखेको छ । हृदयले निरन्तर रक्त शुद्ध गरिरहेको छ । पेटका आन्द्राहरू निरन्तर भोजन र पानीको विभाजन गरिरहेका छन् तथा क्रमानुसार प्रत्येक इन्द्रियलाई उत्तम भाग दिएर दुर्गन्ध भाग जति निरन्तर शरीरबाट बाहिर निकालिरहेका छन् । रोगहरूलाई दूर गर्ने समुचित प्रबन्ध छ । फेरि मानिस किन औषधिहरूको प्रयोग गरिरहेका छन् ? अनि किन पथ्यपूर्वक बाँच्ने यत्न गरिरहेका छन् ? वास्तवमा सृष्टिको नियम नै यो छ कि मानिसलाई आफ्नो नियम अनुसार चलाउने प्रेरणा गर्दछ, जसबाट मनुष्यको कल्याण होस् । यसरी सृष्टि नियमले बताउँछ कि जसरी सूर्य आफ्नो किरणद्वारा दुर्गन्धलाई हटाइरहेको छ, त्यसरी नै तिमी पनि दुर्गन्धलाई हटाऊ । जसरी सूर्य संसारको वायुलाई शुद्ध गरिरहेको छ, त्यसरी नै तिमी पनि वायुलाई शुद्ध गर । यी यज्ञादि परोपकारका कामहरू गर्नलाई 'सृष्टि नियम'ले प्रबल प्रमाणको प्रत्यक्ष परिचय दिइरहेका छन् ।

**कमल** : ठिक छ । यज्ञ गर्दा मन्त्र चाहिं किन पढिन्छन् ?

**विमल** : मन्त्रहरूमा यज्ञबाट हुने लाभको वर्णन गरेको छ । त्यसलाई श्रोतागणहरू समक्ष सुनाइएको हो । अर्को शब्दमा मन्त्र कण्ठस्थ हुन्छन् । मन्त्रका गुणको जानकारी हुन्छ । फलतः वेदको रक्षा हुन्छ । तेस्रो कुरा जुन कुरालाई बारबार प्रयोग गरिन्छ, त्यस श्रद्धा जाग्दछ । श्रद्धा भएपछि कार्यमा प्रवृत्ति बनिरहन्छ । कार्यमा प्रवृत्ति बनिरहनाले आत्मामा कर्मकाण्डको उत्तम संस्कार परिरहने हुनाले मानिसहरू आफ्ना जीवनको उद्देश्यसम्म पुग्न सक्तछन् ।

**कमल** : ठिक छ दाजु, यो कुरा त समाप्त भयो । अब भन्नुहोस् **'यज्ञोपवीत'** धारण गर्नाले के लाभ हुन्छ ? मानिसहरू यो धागो किन गलामा लगाउँछन् । फेरि कोही तिन डोरा लगाउँछन् र कोही छ डोरा । यसमा के रहस्य छ ?

**विमल** : यज्ञोपवीतलाई **'प्रतिज्ञासूत्र'** या **'ब्रतबन्ध'** पनि भनिन्छ । यसलाई धारण गरेर मानिसहरू कर्तव्यपालन गर्ने व्रत लिन्छन् । वास्तवमा यज्ञोपवीतमा तीन डोरा नै हुन्छन् । यी डोरा एक 'ब्रह्मगाँठो'मा बाँधिएका हुन्छन् । यी तीन डोराहरूले यस कुराको सूचना दिन्छन् कि प्रत्येक मनुष्यमाथि तीन प्रकारका ऋण हुन्छन् : देवऋण, पितृऋण र ऋषिऋण । यी ऋणहरूलाई चुकाउने प्रयत्न प्रत्येक मानिसले गर्नुपर्दछ । जुन ईश्वरले मनुष्यादि प्राणीलाई जन्म दिएको छ, उसको स्तुति, प्रार्थना र उपासना नित्य प्रति नियमपूर्वक गर्नु देवऋणबाट मुक्त हुने प्रयास गर्नु हो । सन्ध्या, हवन नगर्ने व्यक्ति देवऋणबाट मुक्त हुन सक्तैन । उसो त सन्ध्या हवन गर्नाले ईश्वरको केही कल्याण हुने होइन, आफ्नै कल्याण हुने हो । सन्ध्या गर्नाले आत्मिक उन्नति हुन्छ र हवन गर्नाले शारीरिक उन्नति हुन्छ । जुन व्यक्ति उपकार गर्नेको उपकार मान्दैन, त्यो व्यक्ति **'कृतघ्न'** कहलाउँछ । 'कृतघ्न' मानिस कसैको पनि विश्वासपात्र बन्न सक्तैन । यसरी यज्ञोपवीतको एउटा डोराले

सन्ध्या र हवन अर्थात् देवऋणबाट उऋण (मुक्त) हुने प्रतिज्ञा गराउँछ । दोस्रो डोराले 'पितृऋण' अर्थात् मातापिताको सेवा गर्ने प्रतिज्ञा गराउँछ । तेस्रो धागोले 'ऋषिऋण'बाट मुक्त हुने प्रतिज्ञा गराउँछ अर्थात् जुन गुरु अथवा आचार्यले विद्याध्ययन एवं आफ्नो शिक्षा र सदुपदेशहरूद्वारा सन्मार्ग देखाएका छन्, उनको सदैव सेवा गर्नुपर्दछ भन्ने कुरा सिकाउँछ । यज्ञोपवीतका अरु पनि अनेकौं सूक्ष्म अर्थहरू छन्, जसको प्रतिज्ञा यी **'त्रिसूत्र'ले अर्थात् यज्ञोपवीत** (जनै) ले गराउँछन् । जस्तै : ज्ञान, कर्म, उपासना । यी ईश्वरको प्राप्तिका तीन साधन हुन् । यज्ञोपवीत धारण गरेर मनुष्य सङ्कल्प गर्दछ कि म ज्ञान, कर्म, उपासनाद्वारा ईश्वरलाई प्राप्त गर्ने प्रयत्न गर्नेछु । म जाग्रत, स्वप्न र सुषुप्तिका अवस्थाहरूलाई पूर्ण गरेर तुरीय (चतुर्थ) अवस्थामा प्रभुसँग सम्बन्ध स्थापित गर्नेछु । प्रकृतिका सत्व, रजस्, तमस् यी तीनै गुणहरूबाट यथावत् लाभ उठाउँदै जीवनको उद्देश्य परमात्मासँग सम्बन्ध जोड्नेछु । म ठूला साना र बराबरकाहरूसँग ठीकठीक व्यवहार गर्नेछु अर्थात् ठूलालाई आदर सत्कार, बराबरकालाई प्रेम तथा सानाहरूमाथि दया गर्नेछु । यस्ता अनेक महत्त्वपूर्ण विषयहरूको प्रतिज्ञा र आदर्श यज्ञोपवीतले उपस्थित गराउँछ ।

**कमल :** तपाईंले यज्ञोपवीतका तीन धागा नै हुन्छन् भन्नुभयो । यो कुरा झुटो हो । मैले सयौं मानिसले छ डोराको जनै लगाएको देखेको छु । अर्को कुरा तपाईंले जति पनि प्रतिज्ञाको कुरा बताउनुभयो, त्यो त त्यसै पनि याद राख्न सकिन्छ । यी धागाहरूको बन्धनमा मानिसलाई किन बाँध्ने ?

**विमल :** यो म पनि मान्दछु । तिमीले छ डोराको जनै लगाएका मानिसहरूलाई अवश्य देख्यौ होला । वास्तवमा यज्ञोपवीतमा डोरा तीनवटै हुन्छन् । प्राचीन कालमा नारीहरू पनि यज्ञोवीत

धारण गर्दथे र वेदादि सत् शास्त्रहरूको अध्ययन गर्दथे । तर कालचक्रको प्रवाहले गर्दा स्वार्थी पुरुष समाजले नारीहरूको यज्ञोववीत धारण गर्ने र वेदाध्ययन गर्ने अधिकार हरण गऱ्यो । स्त्रीहरूको जुन यज्ञोववीत थियो, त्यो पनि आफ्नै गलामा लगाउन थाल्यो । तर ऋषि दयानन्द सरस्वतीका कृपाले अब नारीहरूलाई पुनः यज्ञोववीत र वेदादि शास्त्रको अध्ययन गर्ने अधिकार प्राप्त भएको छ । फलतः अहिले लाखौं दाजुभाइ तथा दिदीबहिनीहरू 'त्रिसूत्र' धारण गर्न थालेका छन् । कुनै पनि आर्य पुरुष छ डोराको जनै धारण गर्दैन । हो, नारीहरूको उन्नति र शिक्षाका विरोधीहरू चाहिं छ डोराको जनै अवश्य लगाउँछन् । अब रह्यो, जति पनि प्रतिज्ञाका कुरा छन्, तिनलाई त्यसै याद गर्ने गलामा धागाको बन्धनले किन बाँध्ने ? भन्ने प्रश्न । भाइ, यो त यस्तो कुरा भयो कि जस्तै पुलिस या सिपाहीलाई उसको कर्तव्य सम्बन्धी सबै विषय सिकाइदिने तर उसलाई पोसाक र चिह्न नदिने । पोसाक र चिह्नको बन्धनबाट सिपाहीलाई के फाइदा छ ? म प्रश्न गर्छु : सिपाहीले पोसाक र चिह्न धारण नगरेमा साधरण मानिसमा र सिपाहीमा के अन्तर रहन्छ ? साथै यो प्रहरी हो भनेर चिन्नु पनि कसरी ? मानिसहरूले उसको शासनलाई पनि कुन प्रकारले मान्ने ? अब त थाहा भयो होला कि जसरी सिपाहीलाई कर्तव्य सम्बन्धी विषयको याद राख्न आवश्यक छ, त्यसैगरी पोसाक र चिह्न पनि धारण गर्न आवश्यक छ । यही दृष्टान्त यज्ञोपवीतमा पनि सिद्ध हुन्छ । द्विजहरूलाई कर्तव्य सम्बन्धी प्रतिज्ञाहरू याद राख्न आवश्यक छ भने उनीहरूले द्विजत्वको चिह्न यज्ञोववीत धारण गर्न पनि त्यत्ति नै आवश्यक छ ।

**कमल** : मानिसहरू जनैलाई कान माथि किन चढाउँछन् ?

**विमल** : मलमूत्र त्याग गर्ने बेलामा कानमाथि चढाउँछन् ।

**कमल :** यो किन ?

**विमल :** यसबाट एक लाभ हुन्छ, त्यो हो जबसम्म कानमाथि जनै रहन्छ, तबसम्म यो कुरा याद रहिरहन्छ कि मैले हात मुख आदि शुद्ध गर्न बाँकी नै छ । जब हात मुख आदि शुद्ध गरिन्छ, तब कानबाट उतारिन्छ । यस दृष्टिबाट जनै पवित्रताको याद दिलाउने पनि एक साधन बन्दछ ।

**कमल :** के कानमा जनै चढाउनु अत्यन्त आवश्यक छ ?

**विमल :** अत्यन्त आवश्यक त छैन । परन्तु कानमाथि चढाउँदा पनि कुनै हानि हुँदैन । बरु यसबाट त शुद्धताको सम्झना बनिरहन्छ जस्तो कि अघि नै मैले भनिसकेँ । एउटा कुरा छ, यदि जनै धेरै लामो भएर मलमूत्र आदिमा स्पर्श हुने (लत्रिने) सम्भावना भएमा त्यस्तो अवस्थामा कानमा चढाउनु नै आवश्यक छ ।

**कमल :** मानिसहरू टुप्पी किन राख्तछन् र सन्ध्या गर्नु अघि त्यसलाई किन गाँठो (शिखा) पार्दछन् ?

**विमल :** टुप्पी शब्दले नै यो सङ्केत दिन्छ कि मनुष्यका शरीरमा यो सबैभन्दा उच्च स्थानमा छ । जहाँ टुप्पी राखिन्छ, त्यस स्थानलाई **'ब्रह्मरन्ध्र'** भनिन्छ । विद्वान्हरूले यस स्थानलाई ब्रह्मको गुप्त कोष भनेका छन् । योगको परिभाषामा यसलाई 'सत्य' भनिन्छ । यसकारण वैदिक सन्ध्यामा **'सत्यं पुनातु पुनः शिरसि'** भन्ने वाक्य आएको हो । सन्ध्या गर्दा गायत्री मन्त्रको उच्चारण गरेर सर्व प्रथम टुप्पीमा गाँठो लगाइन्छ अर्थात् शिखा बन्धन गरिन्छ । यसको अर्थ यही हो कि उपासक आफ्नो आत्मालाई परमात्माका साथ गाँठो पारेर यसरी नै जोड्दछ । जसरी कन्याले विवाहको समयमा आफ्ना पतिवरणको अन्तिम चिह्नको रूपमा त्यस प्रतिज्ञाको अन्तिंम पूर्णतालाई कार्यान्वयन गर्दै आफ्नो पछ्यौरीलाई पतिको पछ्यौराका साथ एकै गाँठो पारेर जोड्दछिन त्यो गाँठो नै

विवाहका प्रतिज्ञाहरूको अन्तिम बन्धन हो । वास्तवमा टुप्पी धर्मको चिह्न हो । यसलाई गाँठो पार्नुको अर्को अर्थ हो मस्तिष्कका छरिएका भावनाहरूलाई एकत्रित गर्नु ।

**कमल :** मलाई यसको उपयोगिता सङ्क्षेपमा बताइदिनुहोस् न ? हिन्दूहरू किन टुप्पी राख्तछन्, तर अरुहरू किन राख्तैनन् ?

**विमल :** मैले तिमीलाई भनिससकेको छु कि यो आर्यहरूको धर्मको चिह्न हो । टुप्पीको अर्थ नै शिखर अर्थात् उच्च हो । वैदिक धर्म ईश्वरीय धर्म भएको कारण टुप्पीको धर्म हो उच्च । यसैले टुप्पीलाई धर्म चिह्नको रूपमा राखिन्छ । जोसँग वेदको धर्म छैन, उसले टुप्पी किन राख्ने ? धर्म उच्च हुनेले नै उच्चताको चिह्न राख्तछन् ।

**कमल :** लौ त दाइ, अहिले म जान्छु, भोलि एउटा निकै महत्त्वपूर्ण विषयमा कुराकानी गरौंला ।

● ● ●

thearyasamaj.org

**नवौं दिन प्रातःकाल**

## वर्णव्यवस्था जन्मले वा कर्मले ?

**कमल :** दाइ ! आज यो बताउनुहोस् जाति जन्मले हुन्छ वा कर्मले ?

**विमल :** जाति जन्मसिद्ध हुन्छ, कर्मले होइन ।

**कमल :** एक दिन तपाईंले भन्नु भएको थियो कि ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र कर्मले हुन्छन्, आज फेरि जन्मले हुन्छ भन्नुभयो । किन ?

**विमल :** ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र त कर्मद्वारा नै हुन्छन्, तर जाति चाहिं जन्मले हुन्छ ।

**कमल :** यसको के अर्थ हो ? के ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र जाति होइनन् ?

**विमल :** यी जाति होइनन् । यी त वर्ण हुन् । जाति त्यो हो, जो जन्मदेखि मृत्युपर्यन्त एकैनास रहन्छ । जसमा परिवर्तन हुँदैन । जस्तै मनुष्य जाति, पशु जाति आदि । मनुष्य पशु बन्न सक्तैन र पशु मनुष्य बन्न कदापि सक्तैन । जो जुन जातिको छ, त्यो त्यही नै रहन्छ ।

**कमल :** त्यसो भए वर्ण परिवर्तन हुन्छ ?

**विमल :** वर्ण किन परिवर्तन हुँदैन ? हुन्छ नि, वर्णको अर्थ नै स्वीकार गर्नु हो । **वर्णो स्वीकारः ।** वर्ण गुण र कर्महरूद्वारा स्वीकार गरिन्छ । जस्ता गुण, कर्म हुन्छन्, त्यस्तै नै वर्ण हुन जान्छ ।

**कमल :** त्यसो भए के ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र आदि वर्णहरू ईश्वरले बनाएका होइनन् ?

**विमल :** ईश्वरले त जातिहरू बनाएका हुन् । हो, बरु ईश्वरले वेदद्वारा मनुष्य समाजलाई गुण, कर्म अनुसार वर्ण बनाउने उपदेश भने अवश्य दिएको छ ।

**कमल :** कुनकुन गुण कर्महरूबाट ब्राह्मण, क्षत्रिय, वैश्य आदि वर्ण बन्दछन् ?

**विमल :** वेदले त शरीरको दृष्टान्त दिएर बुझाएको छ जस्तै :

**ब्राह्मणोऽस्य मुखमासीद् बाहू राजन्यः कृतः ।**
**ऊरु तदस्य यद्वैश्यः पद्भ्यां शूद्रोऽजायत ॥** यजुर्वेद ३१।११

अर्थात् समाजरूपी शरीरको ब्राह्मण 'मुख' हो, क्षत्रिय 'बाहू' हो, वैश्य 'पेट' हो र शूद्र 'पाऊ' हो । यस दृष्टान्तबाट के स्पष्ट हुन्छ भने शरीरका अङ्गहरू मध्ये शिर ज्ञान प्रधान अङ्ग हो । शिरमा मुख, नाक, आँखा र जिब्रो जस्ता सबै ज्ञानेन्द्रियहरू छन् । अर्को शब्दमा ठण्डी वर्षा आदि ऋतुहरूमा सारा शरीर वस्त्रादिले ढाकिन्छ, तर मुख (अनुहार) भने सदैव खुला रहन्छ । उसले ठण्डी, गर्मी, वर्षा आदि ऋतुहरूमा कष्टलाई बारम्बार सहन गर्दछ । अझै भनौं भने मुखले जति पनि पदार्थ ग्रहण गर्दछ, उसले आफुसँग कदापि राख्तैन, अर्कालाई दिन्छ । यसबाट सिद्ध हुन जान्छ कि जुन व्यक्तिमा ज्ञान, तप र त्याग छ, त्यो 'ब्राह्मण' हो । बाहुलाई क्षत्रिय भन्नुको तात्पर्य यो हो कि बाहु अर्थात् हात बल प्रधान हुन्छन् । शरीरमाथि कुनै आक्रमण हुँदा सर्व प्रथम हातले नै शरीरको रक्षा गर्दछ । जो न्यायपूर्वक आफ्नो बलद्वारा प्रजाको रक्षा गर्दछ, त्यही 'क्षत्रिय' हो । पेटलाई वैश्य भन्नुको अर्थ यो हो पेटले सारा भोजनलाई आफुभित्र एकत्रित गर्दछ र फेरि त्यसको ठिकठिक पाचन गरेर प्रत्येक अङ्गहरूलाई यथायोग्य भाग गरेर बाँडिदिन्छ । अतः जसले धनलाई एकत्र गरेर मनुष्य समाजमा यथोचित नियम अनुसार वितरण गरिदिन्छ त्यही 'वैश्य' हो । पाउलाई 'शूद्र' भन्नुको कारण यो हो कि प्रथम त पाउले सारा शरीरको भार उठाएको छ । अर्को कुरा परिश्रम गरेर शिर, हात, पेट आदि अङ्गहरूलाई जहाँ जानु पर्नेछ, त्यहाँ पुऱ्याइदिन्छ । ऊसँग ज्ञान, बल र धन त छैन जसबाट उसले काम गर्न सकोस् । ऊसँग केवल परिश्रम गर्ने शक्ति छ । उसले यसबाट समाजरूपी शरीरको सेवा गर्दछ । यसबाट यो निष्कर्ष निस्किन गयो कि जो सेवा प्रधान छ, त्यो 'शूद' हो ।

ब्राह्मण ज्ञानले, क्षत्रिय बलले, वैश्य धनले र शूद्र सेवाले मनुष्यसमाजको उन्नति गर्दछन् । यही नै वर्णहरूको वर्णत्व हो ।

**कमल** : म त प्रत्येक मानिसमा केही न केही ज्ञान, बल, धन र परिश्रम भएको देख्तछु । यस दृष्टिले त प्रत्येक मनुष्य चारै वर्णका छन् । अनि ब्राह्मण, क्षत्रिय, वैश्य आदिको व्यवस्था कसरी बन्न सक्तछ ?

**विमल** : यो कुरा ठीक हो । प्रत्येक मनुष्यमा चारै वर्णको योग्यता छ । परन्तु जुन मनुष्यमा जुन कुरा मुख्य छ, त्यसको आधारमा वर्ण मानिन्छ । प्रत्येक मनुष्यमा कुनै न कुनै मुख्य एउटा गुण अवश्य हुन्छ । कुनै धनवान छन्, कुनै गुणवान छन्, कुनै बलवान् छन्, कुनै सेवक छन् यसैको आधारमा उसको वर्ण हुन्छ । वेदले त बीजरूपबाट अलंकारिक वर्णन गरिदिएको छ । बुद्धिमान्हरूले त्यस अलङ्कारको रहस्य निकालेका छन् ।

**कमल** : अझ स्पष्ट रूपमा बुझाइदिनुहोस् कुनकुन कर्म गर्नेहरू कुनकुन वर्णमा आउँदछन् ?

**विमल** : जसमा शम, दम, तप, पवित्रता, शान्ति, कोमलता, ज्ञान र आस्तिकता छ, ती व्यक्ति ब्राह्मण हुन् । जसमा वीरता, तेज, धैर्य, दक्षता, युद्धबाट नभाग्ने स्वभाव तथा दानशीलता र न्यायकारी ईश्वरको जस्तै न्याय गर्ने स्वभाव छ, ती क्षत्रिय हुन् । जो कृषि, गौरक्षा, दान र वाणिज्य व्यवसायमा निपुण छन्, ती वैश्य हुन् र जो केवल आफ्नो शरीरले सेवा गर्नमा निपुण छन्, ती शूद्र हुन् ।

**कमल** : वर्णलाई जन्मसिद्ध मान्दा के आपत्ति हुन्छ ? करोडौं मानिसहरू वर्णलाई जन्मसिद्ध मान्दछन् ।

**विमल** : जसले वर्णलाई जन्म सिद्ध मान्दछन्, उनीहरूका अनुसार पनि वर्ण कर्मद्वारा नै हुन्छ । किनभने उनीहरूका मतमा पनि ब्राह्मण, क्षत्रिय, वैश्य यी तिनै वर्णलाई 'द्विज' मानिन्छ र

शूद्रलाई एकज मानिन्छ । द्विजको अर्थ हो दुई जन्म हुनु : **'द्वभ्यां जायते इति द्विजः'** संसारमा जसको दुई जन्म हुन्छ त्यो 'द्विज' कहलाउँदछ । जस्तै : दाँत या पक्षी । दाँत किन 'द्विज' कहलाउँदछ ? यस कारण कि यिनको दुई जन्म हुन्छ । बालकका दूधे दाँत फुक्लिन्छन् र फेरि दाँत उम्रन्छन् । पक्षी यसकारण 'द्विज' कहलाउँदछन् कि उनको पनि दुई जन्म हुन्छ । पहिले त पक्षीबाट अण्डाको जन्म हुन्छ, फेरि अण्डाबाट पक्षीको जन्म हुन्छ । अब सोच्नु पर्ने कुरा यो छ कि यदि ब्राह्मण, क्षत्रिय र वैश्य द्विज हुन् भने यिनको दोस्रो जन्म कुन चाहिं हो ? मातापिता बाट जन्म लिएर त सबै एकज अर्थात् एक जन्मका हुन्छन् । फेरि द्विज अर्थात् दुई जन्म कहाँबाट ? उत्तर यो हो : मातापिताबाट जन्म भएपछि आचार्यबाट जुन जन्म पाउँदछन्, त्यसबाट द्विज बन्दछन् । आचार्यले योग्यता अनुसार उनलाई वर्ण प्रदान गर्दछन् । वास्तवमा प्राचीनकालमा वर्ण छुट्याउने यस्तो व्यवस्था थियो । सबैले आफ्ना छोराछोरीलाई गुरुकुलमा पढ्न पठाउँदथे । अन्त्यमा अध्ययन समाप्त भएपछि उनमा जुन प्रकारको योग्यता हुन्थ्यो, सोही अनुसार आचार्यले उनलाई वर्णको उपाधि दिने गर्दथे ।

**कमल :** त्यसो भए ब्राह्मणको छोरो ब्राह्मण र शूद्रको छोरो शूद्र हुँदैन त ?

**विमल :** यसरी ब्राह्मणको छोरो ब्राह्मण र शूद्रको छोरो शूद्र नै हुनु पर्छ भन्ने कुनै विशेष आवश्यक छैन । जसरी डाक्टरको छोरो डाक्टर, मास्टरको छोरो मास्टर तथा वकिलको छोरो वकिल हुन आवश्यक छैन त्यसरी नै वर्ण सम्बन्धमा पनि जान्नुपर्दछ । किनभने जब पिताको जस्तो योग्यता छोरामा छैन भने त्यो आफ्ना पिताको पदमा कसरी पुग्न सक्दछ ?

**कमल** : म त यो भन्दछु : जसरी गधाबाट गधा र घोडाबाट घोडा, आँपबाट आँप र स्याउबाट स्याउ नै उत्पन्न हुन्छ, त्यसैगरी ब्राह्मणबाट ब्राह्मण र शूद्रबाट शूद्र नै उत्पन्न हुन्छ ।

**विमल** : मैले पहिले नै भनिसकें ती गधा, घोडा आदि जातिहरू हुन । जातिबाट जाति नै उत्पन्न हुन्छ । तर ब्राह्मण, क्षत्रिय आदि त जाति होइनन्, वर्ण हुन् । ती त कर्मानुसार बदली भइरहन्छन् तर जातिहरू कदापि बदलिंदैनन् । गधा कहिल्यै घोडा बन्न सक्दैन । जे छ त्यही रहन्छ, त्यस्तै आँप र स्याउमा पनि जान्नुपर्दछ ।

**कमल** : मेरो विचारमा त वर्ण पनि बदलिंदैन् । भगवान्ले जसको जुन वर्ण बनाइदिए, त्यही रहन्छ ।

**विमल** : तिमीले धेरैपल्ट वर्ण बदलिंदैन भनि सक्यौ । ठिक छ, त्यसो भए अर्थात् वर्णहरू बदलिंदैनन् भने कुनै ब्राह्मण या क्षत्रियहरू मुसलमान अथवा इसाई कसरी बन्दछन् ? जस्तै भारतका आठ करोड मुसलमानहरूमा ८० प्रतिशत यस्ता छन् जो हिन्दूबाट मुसलमान बनेका हुन् र यिनमा चारै वर्णका मानिसहरू समावेश छन्, यिनीहरू कसरी बदलिए ? यदि भगवान्ले जन्म सिद्ध वर्ण बनाएको हो भने यिनीहरू कदापि बदलिन सक्ने थिएनन् । जुन् वस्तु भगवान्ले बनाएका हुन्छन्, उनमा परिवर्तन हुँदैन । हेर ! भगवान्ले बनाएको आँप कहिल्यै स्याउ बन्न सक्दछ ? के भगवानले बनाएको सिंह कहिल्यै हात्ती बन्न सक्दछ ? संसारको कुनै पनि पदार्थलाई लिऊँ, जो भगवान्द्वारा बनाइएका छन्, तिनमा परिवर्तन हुँदै हुँदैन, ती अपरिवर्तनशील हुन्छन् । यदि ब्राह्मण भगवान्ले बनाएको थियो भने ब्राह्मण नै रहने थियो र मुसलमान मुसलमान नै रहने थियो तर यसो

हुँदैन । गुण, कर्म बदलिएपछि न त ब्राह्मण ब्राह्मण रहन्छ न त मुसलमान मुसलमान नै रहन्छ ।

**कमल** : दाजु ! ब्राह्मण त ब्राह्मण नै रहन्छ चाहे ऊ मुसलमान या इसाई बनोस् । यति भन्न सकिन्छ कि ऊ मुसलमान या इसाई बनेपछि जुन कामको रहनु पर्ने हो, त्यो कामको चाहिं रहदैन । जस्तै लड्डू फोहरमा खस्यो भने लड्डु त लड्डु नै रहन्छ तर त्यो खान लायक रहँदैन ।

**विमल** : वाः, तिमीले त कति राम्रो तर्क गऱ्यौ कि मुसलमान र इसाई बनेमा पनि ब्राह्मण नै रहन्छन् ? ठिक छ, त्यसो हो भने फेरि उनलाई किन ब्राह्मण नै भन्दैनौ ? मुसलमान या इसाई किन भन्छौ त ? तिमीले लड्डुको पनि उदाहरण दियौ । लौ भन त, लड्डु त फोहरमा खसे पनि काममा आउँदैन । तर कुनै पिताको पुत्र फोहरमा खस्यो भने त्यो पुत्र पिताको काममा आउँछ कि आउँदैन ? कसैको गाई या भैंसी ढलमा लड्यो भने त्यो काममा आउँछ कि आउँदैन ? अझै अरु तिम्रो त्यो घडी नालामा पऱ्यो भने त्यो फेरि तिमीलाई काम लाग्छ कि लाग्दैन ? यो त ठिक हो कि नालामा खसेता पनि लड्डु लड्डु नै रहन्छ । किनकि जसको जस्तो स्वरूप बनेको छ, त्यो त्यस्तै रहन्छ । तर प्रत्येक वस्तु फोहरमा पर्नाले फेरि काममा आउँदैन भन्नु ठीक होइन । लड्डु त खाने काममा आउँदैन, परन्तु रूपैयाँ हो भने जस्तै फोहर ठाउँमा खसे पनि सदैव काम लाग्दछ । पुनः लड्डुको उदाहरण वर्णहरूमा घट्दैन, जातिहरूमा घट्दछ । जस्तै लड्डु नालामा खस्नाले लड्डु नै रहन्छ जेरी बन्दैन, त्यस्तै मनुष्य पनि नालामा खस्नाले मनुष्य नै रहन्छ घोडा, गधा आदि बन्दैन । जसको जस्तो आकृति बनेको छ, त्यो कसरी बदलिन सक्दछ ? जाति र वर्णमा यही त अन्तर छ । जाति आकृति ( बनावट) बाट जानिन्छ र वर्ण गुण, कर्मद्वारा जानिन्छ ।

**कमल** : त्यसो भए के वर्ण, आकृतिद्वारा जान्न सकिंदैन ?

**विमल** : कदापि सकिँदैन । वर्ण केवल गुण, कर्मद्वारा जानिन्छ । यदि आकृतिबाट वर्ण जानिंदो हो त 'तपाईंको वर्ण के हो ?' 'तिमी ब्राह्मण हौ कि क्षत्रिय हौ ?' भनेर कसैसँग सोध्नुपर्ने के आवश्यक थियो ? यसै कुराले प्रमाणित गर्दछ कि वर्ण जन्मले हुँदैन, कर्मले हुन्छ । यदि ईश्वरले जन्मसिद्ध वर्ण बनाएको हुँदो हो त उसको पहिचानका लागि उनमा केही न केही भेद अवश्य गर्ने थियो । जति पनि ईश्वरद्वारा बनेका पदार्थ छन् तिनको पहिचानका लागि सबैमा आकृति भेद पाइन्छ । एकै लहरमा हात्ती, घोडा, ऊँट, गाई, भैंसी, सुँगुर, मृग आदि जनावर तथा सुगा, मयूर आदि पक्षीहरूलाई राखिदेऊ । एउटा सानो बालकले पनि उनीहरूको आकृतिलाई देखेर यो गाई हो, यो भैंसी हो, यो हात्ती हो, यो घोडा हो, यो सुगा हो, यो मयूर हो भनेर सहजै बताइदिन्छ । एकै ठाउँमा स्याउ, सुन्तला, आँप, अम्बा, अनार आदि फलहरू राखिदेऊ प्रत्येक मनुष्यले उनको आकृतिलाई देखेर यो आँप हो, यो अनार हो, यो सुन्तला हो भनेर सहजै बताइदिन्छन् । तर यदि चारै वर्णका दुई हजार मानिसहरूलाई एक पंक्तिमा खडा गरिदेऊ, अपरिचत मानिसले उनीहरूलाई अमुक अमुक वर्णका मानिस हुन् भनेर कदापि भन्न सक्दैन ।

**कमल** : के ब्राह्मण, क्षत्रिय, वैश्यलाई रूपरङ्गबाट चिन्नै सकिँदैन त ? मैले ठूलाठूला विद्वान्हरूबाट वर्ण ईश्वरले बनाएको हो भन्ने सुनेको छु ।

**विमल** : फेरि त्यही कुरा ! मैले भनि सकेको छु कि वर्ण गुण, कर्मको आधारमा हुन्छ, जन्म र रूप रङ्गको आधारमा होइन । यदि रूप रङ्गको आधारमा हुने भए तिनलाई चिन्नका लागि ब्राह्मणको रङ्ग सेतो, क्षत्रियको रातो, वैश्यको कालो रङ्ग हुनुपर्ने तर यस्तो छैन । काश्मिरका डुम र चेन्नईका ब्राह्मणको तुलना गरेर हेर । डुम गोरा र सुन्दर देखिन्छन्, ब्राह्मण तावाभन्दा पनि धेरै काला देखिन्छन् । मानिसहरू व्यङ्ग्य गर्दै भन्ने गर्दछन् कि एकपल्ट कालो

तावा र मद्रासका ब्राहमण बीच मुद्दा चलेछ । ब्राह्मण भन्दथे म धेरै कालो छु तथा हाँडी भन्दथ्यो म धेरै कालो छु । आखिरमा न्यायाधीशले ब्राह्मणको पक्षमा नै फैसला गरिदिए । हेर, केही अघि गएको भुइँचालोमा पुरिएका सयौं ससाना बालबालिकाहरू निकालिए । ती बालबालिकाहरूमा सबै वर्णका थिए । अब भन त ती बालकहरू कुन वर्णमा गनिन्छन् ? यदि रूप रंग र आकृतिको आधारमा वर्ण हुने भए त गाई भैंसीका पाडा बाछा जस्तै उनीहरू चिनिने थिए कि थिएनन् ? तिमीले ठूलाठूला विद्वान्हरूबाट सुनेको होला । मैले सुनेका छैनौ भन्न खोजेको होइन । सुन्न त सबै कुरा सुन्न सकिन्छ तर ठीक चाँहि त्यही हुन्छ जो दुईमा दुई जोड्दा चार हुनु जस्तै सत्य हुन्छ । हेर, यदि ईश्वरले जन्म सिद्ध वर्ण बनाउने भए अरु केही भेद नगरेता पनि यति त अवश्य हुने थियो कि ब्राह्मणको शरीर आठ फिटको, क्षत्रियको छ फिटको, वैश्यको चार फिटको र शूद्रको ३ फिटको शरीर बनाइनु पर्ने, त्यसबाट चिन्नलाई सुबिधा हुने थियो । अथवा शरीरको तौलमा कमी, बेसी गरिदिएको भए पनि हुन्थ्यो । ब्राह्मणको शरीर ४ मनको, क्षत्रियको ३ मनको, वैश्यको २ मनको र शूद्रको १ मनको शरीर हुनुपर्ने, जसबाट सबैले वर्णको भेद जान्ने थिए । परन्तु ईश्वरलाई त मनुष्यको उन्नतिका लागि गुण, कर्म अनुसार वर्णव्यवस्था बनाउने उपदेश दिनु थियो । तसर्थ भेदको के आवश्यकता ?

**कमल** : त्यसो भए यी ब्राह्मण, क्षत्रिय, वैश्य आदि वर्णहरूमा सबै भन्दा ठूलो वर्ण कुन चाँहि हो ?

**विमल** : यी वर्णहरूमा न कुनै ठूलो छ न कुनै सानो छ । आआफ्ना कर्तव्य कर्ममा सबै ठूला छन् । जब शरीरका अङ्गहरूमा जब विचार र विवेकको अवसर आउँछ, त्यसबेला 'शिर' सबैभन्दा ठूलो हुन्छ । जब रक्षागर्ने समय आउँछ, तब 'हात' ठूलो हुन्छ । भोजन आदि पचाउने र शरीरको प्रत्येक अङ्गहरूलाई यथायोग्य भोजनको सार

पुऱ्याउने अवसर आउँदा 'पेट' ठूलो हुन्छ र परिश्रमपूर्वक शरीरको भारलाई उठाउने र आउने जाने अवसर आउँदा 'पाउ' ठूलो हुन्छ। यसैगरी ज्ञानद्वारा मनुष्य समाजको सेवा गर्ने समयमा ब्राह्मण ठूला, बलद्वारा सेवा गर्ने समय आउँदा क्षत्रिय ठूला, धनले सेवा गर्ने समय आउँदा वैश्य ठूला र शरीरले सेवा गर्ने समय आउँदा शूद्र ठूला हुन्। यसरी स्वतन्त्र रूपबाट वर्णहरू एक अर्कासँग न कुनै ठूला छन् र न कुनै साना छन्।

**कमल** : मेरो विचार त यो थियो कि वर्णहरूमा ब्राह्मण सबैभन्दा ठूला, तीभन्दा साना क्षत्रिय, तीभन्दा साना वैश्य र शूद्र चाहिं सबैभन्दा साना हुन्छन्। के यो कुरा ठीक होइन ?

**विमल** : होइन। यो कुरा पटक्कै ठीक होइन। स्वतन्त्र रूपले ब्राह्मण ब्राह्मणहरूमा, क्षत्रिय क्षत्रियहरूमा, वैश्य वैश्यहरूमा र शूद्र शूद्रहरूमा योग्यता अनुसार त साना ठूला हुन सक्दछन् तर स्वतन्त्र रूपले ब्राह्मण, क्षत्रिय, वैश्य आदि वर्णहरूमा सानाठूलाको सम्बन्ध कसरी हुन सक्दछ ? जस्तै दुई जना हलुवाई छन्। एउटा दैनिक ५०० रुपैयाँ लिने कालिगढ छ अर्काको दैनिक ज्याला १००० रुपैयाँ छ भने यी दुईमा त कुनैलाई सानो र कुनैलाई ठूलो मान्न सकिन्छ। एउटा अलि घटिया कालिगढ होला अर्को अलि बढिया होला। तर कसैले हलुवाई भन्दा दर्जी ठूलो हो किनभने ऊ दैनिक १५०० लिने कालिगढ हो भन्छ भने त्यो कुरा ठीक हुन सक्तैन। किनकि हलुवाई र दर्जीमा तुलना नै गर्न मिल्दैन। हलुवाइ आफ्नो ठाउँमा ठूलो हो भने दर्जी पनि आफ्नो ठाउँमा ठूलो हो। आआफ्ना कर्तव्य कर्ममा सबै ठूला छन्। हो, बरु दर्जी दर्जीमा योग्यताको दृष्टिले सानो ठूलो अवश्य हुन सक्तछ। ठिक यसै प्रकार योग्यता अनुसार एकै वर्णका दुई व्यक्तिहरूमा सानो ठूलोपन अवश्य हुन सक्तछ, परन्तु ब्राह्मण, क्षत्रिय, वैश्य र

शूद्रहरूमा साना ठूलाको के सम्बन्ध छ ? केही पनि छैन । उनीहरूका गुण, कर्म र क्षेत्र नै भिन्न भिन्न हुनाले सबै वर्ण आआफ्ना कर्तव्य पालनमा ठूला छन् ।

**कमल** : के 'वर्णव्यवस्था' अन्य देशहरूमा पनि पाइन्छ ?

**विमल** : संसारका सबै देशहरूमा गुण कर्मानुसार वर्ण व्यवस्था छ । यो अलग कुरा हो कि अन्य देशहरूमा वर्णहरूका नाम ब्राह्मण, क्षत्रिय, वैश्य शूद्र नभएर 'मिशनरी' (Missionary), 'मिलिटरी' (Military), 'मर्चेन्ट्स' (Merchents) एवं 'मेनियल्स' (Menials) आदि राखेका छन् । यो 'श्रम विभाजन' अथवा 'कर्म विभाजन' (Division of Labour) को सिद्धान्त सारा संसारमा अन्तर्व्याप्त छ । यसैको नाम 'वर्णव्यवस्था' हो ।

**कमल** : दाइ ! मैले यी कुराहरू बुझें । ममाथि तपाईको ठूलो कृपा भयो । अब मलाई यो पनि बताइदिनु होस् कि 'नमस्ते' कहाँबाट सुरु भयो ?

**विमल** : यस विषयमा भोलिी बुझाउँला ।

● ● ●

**दसौं दिन प्रात:काल**

# नमस्ते कहाँबाट सुरु भयो ?

**कमल** : दाजु ! यो नमस्ते कहाँबाट सुरु भयो र यसको अर्थ के हो ?

**विमल** : सृष्टिको आरम्भदेखि लिएर महाभारतकालसम्म सबै मानिसहरू परस्परमा अभिवादनको रूपमा **'नमस्ते'** नै गर्दथे । कालान्तरमा संसारमा जब अनेक मतमतान्तर र अनेक सम्प्रदायहरू फैलिए तब ती सबैले अलगअलग अभिवादनका शब्दहरू निर्धारण गरे । कसैले 'गुडमर्निङ्ग', 'गुडनाइट', 'गुडबाई', कसैले 'अस्लाम अलैकुल', 'वालेकम सलाम', 'आदाब अर्ज' आदि ऋनेक शब्दहरू विधर्मी र विदेशीहरूले कल्पित गरिदिए । हिन्दूहरूमा पनि मतावलम्बीहरूले अनेक शब्द कल्पित गरे । जस्तै : जय शिव, जय हरि, जय गोविन्द, जय राधेश्याम, जय राम, जय कृष्ण, प्रणाम, नमस्कार आदि अनेक शब्दहरू अभिवादनको रूपमा प्रयोग गर्न थाले । महाभारतभन्दा पहिले भूमण्डलमा आर्यहरूको अखण्ड राज्य थियो । मानिसहरू सबै वैदिक धर्मी थिए । परस्परमा सबै 'नमस्ते' नै गर्दथे । अब ऋषि दयाननद सरस्वतीको कृपाले मानिसहरू पुनः प्राचीन वैदिक सिद्धान्तलाई बुझ्न थालेका छन् र परस्परमा 'नमस्ते' गर्न थालेका छन् । तिमीले नमस्तेको अर्थ सोधेको थियौ । नमस्तेको अर्थ हो : 'म तपाईंलाई मान गर्दछु, आदर गर्दछु ।'

**कमल** : वेदमा नमस्ते गर्नु भन्ने लेखेको छ ? अनि जय राम, जय श्रीकृष्ण आदि भन्ने गरेमा के हानि हुन्छ ?

**विमल** : वेदमा मात्र होइन, वाल्मीकि रामायण, महाभारत, उपनिषद्, गीता आदि समस्त ग्रन्थहरूमा नमस्ते नै लेखेको पाइन्छ । कतै पनि जय राम, जय कृष्ण, जय शिव आदि लेखिएको पाइँदैन । श्रीराम, श्रीकृष्ण आदि पनि स्वयं नमस्ते गर्दथे । किनकी उनीहरू सबै वैदिकधर्मी थिए । हेर, भाइ ! यदि तिमीसँग कसैले श्रीराम र श्रीकृष्ण जन्मिनु भन्दा पहिले मानिसहरू के गर्दथे भनेर सोध्यो भने यसको के उत्तर दिन्छौ ? राम जन्मिएको लगभग दश लाख वर्ष र

कृष्ण जन्मिएको लगभग पाँच हजार वर्ष भयो । सृष्टि त यसभन्दा धेरै पहिलेको हो । सृष्टिको उत्पत्ति भएको लगभग दुई अरब वर्ष भयो । मैले तिमीसँग भनिसकेको छु कि यी सबै साम्प्रदायिक मानिसहरूका कल्पना हुन् । तिम्रो भनाइ छ कि जय राम, जय कृष्ण आदि भनेमा के हानि हुन्छ ? हानि त एक होइन, अनेक छन् । प्रथमतः मानिसहरूमा साम्प्रदायिक भावना बढ्दछ । अर्को कुरा उक्त प्रयोगहरूबाट परस्परमा सम्मानको कुनै भावना व्यक्त हुँदैन । मानव समाजमा, उमेरमा कोही ठूला, कोही साना र कोही बराबर हुन्छन् । जब परस्परमा एकअर्कासँग भेट हुन्छ, तब एक अर्काका प्रति आदर र सम्मानको भाव प्रकट गर्नु मनुष्यता र सभ्यताको चिह्न हो । यसो नगरेर जय राम, जय कृष्ण, जय शिव भन्नु शोभास्पद प्रतीत हुँदैन । विचार गर, तिमीलाई आफ्ना हजुरआमा, सानिमा, फुपु, मामा, आमा, बाबु, दाजु, दिदी आदि आफन्तको दर्शन भयो । त्यस बेलामा उनीहरू सबैसँग तिमीले जय राम, जय कृष्ण या जय शिव भन्यौ भने तिमीले उनीहरूको सम्मानका लागि कुन शब्द प्रयोग गऱ्यौ ? जय राम भन्दा रामको जय, जय कृष्ण भन्दा कृष्णको जय, भयो, तर आफ्ना मान्यजनहरूमा त कुनै आदर सम्मान नै भएन । 'नमस्ते' भन्नाले "म तपाईंलाई स्वागत गर्दछु, म तपाईलाई आदर गर्दछु ।" भन्ने भाव व्यक्त हुन्छ । सबैले सबै प्रति आदर व्यक्त गर्नुपर्दछ । साना व्यक्ति प्रति सानालाई सुहाउँदो र ठूला प्रति ठूलालाई सुहाउँदो । बालकलाई पनि आदर गर्नुपर्छ र ठूलालाई पनि । आमाबाबुलाई पनि आदर गर्नुपर्छ र छोरा छोरीलाई पनि आदर गर्नुपर्दछ ।

**कमल** : रामको जय तथा कृष्णको जय भन्नाले राम र कृष्णको नाम त मुखमा आउँछ ।

**विमल** : नाम आउँछ तर एक अर्कामा सम्मान या स्वागतको बेलामा पनि रामको वा कृष्णजीको नाम भन्नु पर्ने के आवश्यक छ र ? के, हर समय एउटै शब्द बोलिरहनु उचित हुन्छ ? उचित

समयमा रामको, कृष्णको जय भन्नु पनि राम्रै प्रतीत हुन्छ । जहाँ राम वा कृष्णका चरित्रको वर्णन गरिएको अवस्था होस्, त्यहाँ कंस या रावणको तुलनामा रामको, कृष्णको जय भन्नु अत्यन्त सुन्दर र शोभायमान हुन्छ ।

**कमल** : त्यसो भए राम्रा शब्दहरू हर समय भनिरहन हुँदैन ?

**विमल** : चाहे जतिसुकै सुन्दर शब्द होस्, त्यो उपयुक्त समयमा मात्र राम्रो लाग्दछ । हेर, 'राम नाम सत्य हो' यो कति सुन्दर वाक्य हो ? तर हर समय भनिरहने हो भने कसैले राम्रो मान्दैनन् । यदि हर समय राम्रो हुने भएदेखि विवाहको अवसरमा दुलाहा वा दुलही अनमाउने बेलामा यसको उच्चारण गरेर हेर त ? थाहा हुन जान्छ कि यो वाक्य कति भयङ्कर रहेछ ? त्यसबेला यस वाक्यलाई उच्चारण गर्दा अत्यन्त नराम्रो हुनुका साथै धेरै गालीहरू सहनु पर्दछ ।

**कमल** : त्यसो भए के प्रत्येकलाई नमस्ते गर्नुपर्दछ ? पुत्रले पितालाई नमस्ते गर्नु त ठिकै हो, तर पिताले पुत्रलाई, आमाले छोरीलाई नमस्ते गर्नु, सानाले ठूलालाई, ठूलाले सानालाई सधैं नमस्ते गर्ने कुरा कस्तो हुन्छ ?

**विमल** : एउटा मानिसले आफ्नी आमासँग प्रेम गर्नुपर्छ वा पर्दैन ?

**कमल** : अवश्य पर्दछ ।

**विमल** : त्यस्तै आफ्नी बहिनीलाई, आफ्नी छोरीलाई, आफ्नी पत्नीलाई, आफ्ना पतिलाई, पितालाई, दाजुलाई, भाइलाई, दिदीलाई, छोरालाई, अन्य इष्टमित्रलाई प्रेम गर्नुपर्छ कि पर्दैन ?

**कमल** : अवश्य सबैलाई प्रेम गर्नुपर्छ ।

**विमल** : त्यसो भए सानाठूला सबैलाई प्रेम गर्नुपर्ने यो कस्तो कुरा हो ? आमालाई पनि प्रेम, दिदीबहिनीलाई पनि प्रेम, छोरीलाई पनि प्रेम, पत्नीलाई पनि प्रेम, पिता, पुत्र, दाजु, भाइलाई पनि प्रेम, सबैलाई प्रेम नै प्रेम ? सबैका लागि एउटै शब्द ? यो कहाँको सभ्यता हो, जो सबैलाई प्रेम गर्नुपर्ने ?

**कमल** : पत्नी, पुत्र, आमा, बुबा, दिदी, बहिनी, छोरी, दाजु, भाइ आदिलाई प्रेम गर्नुमा भावनाहरू त अलग अलग हुन्छन् ।

**विमल** : हो, त्यसैगरी 'नमस्ते' गर्नुका भावनाहरू पनि अलगअलग हुन्छन् । मातापितासँग प्रेम गर्नु भनेको श्रद्धा प्रकट गर्नु हो । भाइ बहिनीका साथ स्नेह प्रकट गरिन्छ । पति वा पत्नीका साथ प्रणयको भावना प्रकट गरिन्छ । त्यस्तै भगवान्सँग प्रेम गरिन्छ भने भक्ति प्रकट गरिन्छ । यस्तै प्रकारले मातापितालाई 'नमस्ते' गर्दा आदर प्रकट गरिन्छ, छोराछोरीलाई नमस्ते गर्दा आशीष या आशीर्वाद प्रकट गरिन्छ, बराबरकालाई नमस्ते गर्दा प्रेम प्रकट गरिन्छ, ठूलालाई आदर, बराबरकालाई प्रेम, सानालाई दया या आशिष यी सारा भावनाहरू 'नमस्ते'मा विद्यमान छन् । परन्तु यी समस्त भावनाहरूको मनसाय एउटै हो : प्रत्येकमा आदर, प्रत्येकमा सत्कार । जस्तै श्रद्धा, स्नेह, प्रणय आदि शब्दहरू प्रेम तथा दयाकै अर्का रूप हुन् त्यसैगरी आदर, आशीर्वाद, प्रेम आदि पनि नमस्तेकै अर्का रूप हुन् ।

**कमल** : दाइ तपाईंले यो शङ्का त निवारण गरिदिनुभयो । अब मानिसले मासु खान हुन्छ वा हुँदैन ? यस बारे बताइदिनुहोस् न !

**विमल** : यस बारे भोलि विवेचना गरौंला । अहिले जाऔं ।

● ● ●

**एघारौं दिन प्रातःकाल**

# मासु खान हुन्छ वा हुँदैन ?

**कमल** : मानिसले मासु खानु हुन्छ वा हुँदैन ?

**विमल** : हुँदैन ।

**कमल** : किन ?

**विमल** : प्राणीहरूलाई पीडा नदिई अर्थात् नमारी मासु प्राप्त हुँदैन । आफ्नो स्वार्थका लागि कसैलाई बिना कारण पीडा दिनु मानिसको धर्म होइन ।

**कमल** : यस दृष्टिले त सागसब्जी र फल आदि पनि खान नहुने हो । किनभने तिनमा पनि जीव छ र तिनलाई पनि पीडा हुन जान्छ । वनस्पतिमा जीव छ भने उसलाई पनि अवश्य दुःख पुग्दछ ।

**विमल** : तिम्रो प्रश्न त थियो : मासु खान हुन्छ वा हुँदैन ? मैले उत्तर दिएँ कि मासु खान हुँदैन । यहाँ वृक्ष र वनस्पतिमा जीव छ वा छैन भन्ने प्रश्न नै थिएन । यदि यही कुरा हो भने जसमा जीव हुन्छ त्यसमा मासु हुन्छ भन्ने कुरा प्रमाणित गर । वृक्ष र साग फलहरूमा मासु कहाँ छ ? जसलाई खान नहुने कुरा आओस् । सुन ! फल र सागसब्जीहरूमा 'रस' हुन्छ, रगत र मासु हुँदैन । किनकि कसैले पनि 'आँपको मासु खाऊ, कागतीको रगत खाऊ, स्याउ या सुन्तलाको मासु खाऊ' भनेर भन्दैन । सबैले आँपको रस खाऊ, सुन्तलाको रस खाऊ, उखुको रस खाऊ भन्दछन् । 'रस' कहींबाट कुनै फलको लेऊ, चाहे सुन्तलाको, चाहे उखुको 'रस' सेवन गर्नमा कुनै दोष छैन, दोष त रगत र मासु खानमा छ । जहाँजहाँ रगत र मासुको सम्बन्ध छ, त्यहाँ प्राणीले धेरै कष्ट पाउँछन् । जहाँ रसको सम्बन्ध छ, त्यहाँ दुःखको कुनै प्रश्नै छैन । कुनै पनि प्राणीको 'रस' निकाल्नमा उसलाई कुनै कष्ट हुँदैन, जस्तै 'गोरस' अर्थात् गाईको दूध, दूध दुहुँदा गाईलाई कुनै कष्ट हुन्छ ? यदि गाईको थुन दूधले भरिएको छ र दुहुने काम गरिएन भने गाई कराउँछ र छटपटाउन थाल्दछ । यसकारण दूध दुहुनु पर्दछ । परन्तु जहाँ जुनसुकै जनावरको रगत या मासु निकाल्नु परेमा के उसलाई दुःख नदिई आनन्दित तुल्याई निकाल्न सकिन्छ ? मासु प्राप्त गर्न त उसलाई सधैंका लागि विदा दिनु अर्थात् मार्नु नै पर्दछ, कति दुःखको कुरा हो ?

**कमल** : यदि फल र सब्जी आदिमा मासु छैन भने उसमा जुन गुदी हुन्छ नि ? त्यो के हो ? त्यो पनि त मासु नै हो नि । होइन र ?

**विमल** : यदि फल तथा सब्जीहरूको गुदी मासु हो भने त हलुवाईको रसभरी र गुलाबजामुनलाई पनि मासु नै भन्नुपर्ने भयो, किनभने तिनमा पनि गुदी हुन्छ । तर रसभरीलाई आजसम्म कसैले मासु भनेको छ ? वास्तवमा मासु त्यो हो, जहाँ रगत छ । जहाँ रगत छैन, त्यहाँ मासु कसरी हुन्छ ? वृक्षादि र फलफूलमा रहेको 'रस' हो, रगत होइन । जब रगत नै छैन तब मासु कहाँबाट आउँछ ? शरीरका धातुहरूमा सबैभन्दा पहिलो धातु रसबाट रगत बन्दछ । अनि रगतबाट मासु बन्दछ तथा मासुबाट अन्य धातुहरू उत्पन्न हुन्छन् । हामी जुन भोजन खान्छौं, त्यो पाचन भएर पहिले रस बन्दछ, त्यस रसको फेरि रगत बन्दछ र अन्त्यमा मासु बन्दछ । मासु तृतीय तह अर्थात् 'स्टेज' हो । जब परमात्माले प्राणीका शरीरमा रसको मासु बनाइदिए, फेरि कुनै प्राणीको मासु खाएर रस बनाउनु र पुनः मासु बनाउनु सृष्टिक्रमको विरुद्ध हो ।

**कमल** : त्यसो भए अण्डा खानमा त सायद कुनै दोष छैन होला, किनकि अण्डामा त मासु छैन बरु रस नै होला हगि ?

**विमल** : अण्डा रजवीर्यको संयोगको पिण्ड हो । त्यस पिण्डबाट उही प्राणी उत्पन्न हुन्छन्, जसमा रगत र मासु हुन्छ । कुनै पनि रगत, मासु भएको प्राणीको 'जग' (आधार)लाई नष्ट गर्नु मनुष्यको धर्म होइन । त्यो पनि आफ्नो स्वार्थ पूर्तिका लागि त गर्नै हुँदैन । तसर्थ कदापि अण्डा पनि खानु हुँदैन ।

**कमल** : म त देखिरहेको छु कि संसारमा थोरै मानिसलाई बाहेक अरु सबै नै मासु खान्छन् । यसबाट थाहा हुन्छ कि मासु खानु कुनै नराम्रो कुरा होइन । केही यस्तो पनि बुझिन्छ कि प्रकृतिले मनुष्यलाई मांसभोजी बनाएको हो ।

**विमल** : यो कुनै युक्ति होइन । जुन कामलाई धेरै मानिसले गर्दछन्, त्यो काम राम्रो नै हुन्छ भन्नु पूर्ण अज्ञानता हो । किनकि संसारमा झुट बोल्ने धेरै छन् र सत्य बोल्ने थोरै छन्, के त्यसो भए झुटो बोल्नु राम्रो हो ? संसारमा पापी धेरै र धर्मी मानिस थोरै छन्, अब

पापीलाई असल हो भन्ने ? संसारमा जङ्गल, झाडी धेरै छन्, फल फल्ने वृक्ष थोरै छन् । तुलसी, श्रीखण्ड आदि अझ थोरै छन् । नि.मा.वि.सम्म मात्र पढ्ने धेरै छन्, एस.एल.सी.सम्म पढेका तीभन्दा थोरै छन्, बी.ए. गरेका अझ थोरै र एम.ए. गरेका अझ थोरै छन् । त्यसो भए के एम.ए. गरेका थोरै हुनाले तिनलाई नराम्रो भन्ने ? संसारमा राम्रा र सत्यवादी मानिस एकदम थोरै हुन्छन् । नराम्रो कुरा फैलिनमा कत्ति समय लाग्दैन । राम्रो कुराका लागि विभिन्न कोसिस गर्नुपर्दछ र समय पनि धेरै लाग्दछ । कपडामा बिना परिश्रम नै मयल लाग्दछ, तर धुनलाई परिश्रम गर्नुपर्दछ । ईश्वरले मानिसलाई मांसभोजी बनाएको होइन । यो बानी मानिसले आफैं लगाएको हो । के सखिया, अफिम जस्ता वस्तुहरू खान योग्य हुन् ? तर ती वस्तुलाई पनि खाने बानी परेका मानिस पनि भेटिन्छन् ।

**कमल** : मनुष्य मांसभोजी होइन भन्ने के प्रमाण छ ?

**विमल** : यो कुरा त मानिसको शरीरको बनावटबाट नै स्पष्ट हुन्छ, पहिलो कुरा मानिसका त्यस्ता नङ्ग्रा र दाँत छैनन्, जस्तो मांसाहारी प्राणीका हुन्छन् । मानिसले मासुलाई काटछाँट गरेर, राम्रो बनाएर, घिउ, तेल, मसला, खुर्सानी आदि मिसाएर पकाउँछन् र आफ्नो जिभ्रो र दाँतका अनुकूल बनाउने प्रयत्न गर्दछ । मांसाहारी प्राणीका नङ्ग्रा अन्य प्राणीलाई मार्न, फोर्न उपयुक्त वा अनुकूलका हुन्छन् र उनीहरूको जिभ्रो काँचो मासुको स्वाद लिन अनुकूलको हुन्छ । मानिसको भने त्यस्तो छैन । अर्को कुरा, मांसाहारी प्राणीको शरीरमा पसिना आउँदैन तर मानिसलाई पसिना आउँछ । अर्को प्रमाण मांसाहारी प्राणीका दाँत तिखा, लामा, पातला (छिचरा) र मासु काँचै खाँदा सहजैसँग खान सक्ने खालका हुन्छन् तर मानिसका दाँत त्यस्ता हुँदैनन् । अर्को कुरा सबै मांसाहारी प्राणी पानी पिउँदा जिभ्रोले चपचप गरेर पिउँछन्, मानिसले पानी घुड्काले पिउँछ । अर्को कुरा मांसाहारी प्राणीका आँखा बाटुला हुन्छन्, तर मानिसका आँखा बदाम

जस्ता चेप्टा र लामा हुन्छन् । अर्को कुरा मांसाहारी प्राणी सन्तानोत्पादन सम्बन्धी यौन क्रियामा परस्पर जोडिन पुग्दछन् । बिरालो, कुकुर, सिंह, ब्वाँसो आदि सबैमा यस्तो देखिन्छ । यस्ता थुप्रै युक्तिहरू दिन सकिन्छन् । जुन युक्तिबाट मानिसको प्राकृतिक रूपमा मांसाहारी होइन भन्ने सिद्ध हुन्छ ।

**कमल** : कतिपय मानिसहरूको भनाइ छ, कि मांसाहारीहरू वीर हुन्छन्, मासुमा धेरै शक्ति हुन्छ भन्ने पनि कतिपय मानिसहरूको भनाइ पाइन्छ नि ?

**विमल** : मांसाहारीहरू अधिकांश संख्यामा निर्दयी र क्रूर हुन सक्तछन् तर वीर होइन । वीरता अर्कै कुरा हो र निर्दयता अर्कै कुरा हो । हो, तिमी भन्न सक्तछौ कि इतिहासमा मासु खाने लाखौं मानिसहरू वीर भएका छन् । तर त्यो मासुको गुण थिएन र होइन । त्यो त असल शिक्षा र सङ्गतिको गुण हो । मासु खाँदैमा वीरता हुने भए त संसारका अधिकांश मानिस मासु खान्छन्, ती सबै वीर देखिनुपर्ने । भारतमा इसाई, मुसलमान तथा हिन्दुहरू सबै मासु खान्छन्, तर एकअर्कामा झैझगडा र मारकाट गर्ने कुरा मुसलमानहरूमा जत्तिको अरुमा देखिँदैन । वीर त त्यो हो जसले देश र जातिको हितार्थ निःस्वार्थ भावले अन्यायलाई समाप्त गर्नका लागि मैदानमा उत्रन्छ, प्राणै त्याग्नु परे पनि पछि हट्‌तैन । तर कसैका घरमा आगो लगाउनु, कसैको सम्पत्ति लुट्‌नु, कसैलाई धोका दिएर प्रहार गर्नु, कसैलाई छुरा हान्नु, कसैकी स्वास्नी भगाउनु जस्ता कुरालाई के वीरता भन्न सकिन्छ ? यस्ता कृत्य त प्रायः धेरैजसो गुण्डाहरूले गरिरहेका हुन्छन् । के त्यो वीरता हो ? त्यो वीरता हुँदै होइन, त्यस्ता कृत्य गर्ने त पापी र अत्याचारी हुन् ।

**कमल** : मासु खानाले तागत आउँछ भन्ने सुनिन्छ । सिंह, ब्वाँसो, चितुवा आदि जनावर कति बलशाली हुन्छन् ? तिनीहरू मासु नै

खान्छन् । सिंहले हात्तीलाई समेत मार्न सक्दछ । यसबाट 'मासुमा धेरै तागत छ' भन्ने कुरा थाहा हुन्छ ।

**विमल** : के मासु नखाने जनावरहरू बलवान् हुँदैनन् ? गाई, गोरु, राँगा, घोडा आदि जनावर के कम बलशाली हुन्छन् ? संसारभरका मेसिनहरूको शक्तिको परिमाण घोडाको शक्तिसँगै त लगाइन्छ । सुँगुर यति बलवान् हुन्छ कि अगाडि नै आइपऱ्यो भने सिंहको पनि हालत खराब गरिदिन्छ । दुईवटा सिंहको माझमा एउटा सुँगुरले पानी पिउन सक्दछ, परन्तु दुईवटा सुँगुरको माझमा एउटा सिंहले पानी पिउन कदापि सक्तैन । सिंह हात्तीभन्दा बलवान् हुँदैन । कहिलेकाहीं जंगली मदमस्त हात्ती जङ्गलमा डुलिरहँदा अन्य सारा जनावरहरू डराएर भाग्दछन् । सिंहले हात्तीलाई आफ्ना दाँत र नङ्ग्राले काबू पार्दछ, बलले होइन । हेर, दुईजना मानिस छन् । तीमध्ये एकजना शरीरले धेरै बलवान् छ, अर्को शरीरले कमजोर छ । तर कमजोर मानिसका साथमा भाला, खुकुरी, पेस्तोल या बन्दुक छ भने उसले बलियो व्यक्तिलाई काबूमा ल्याउन सक्तछ र उसलाई मार्न पनि सक्दछ । किन ? यस कारण कि ऊसँग शस्त्रको बल छ । यदि सिंहका जस्तै हात्तीका पनि तीखा दाह्रा र नङ्ग्रा भएका भए र उसका आँखा साना नभएका भए हात्तीले संसारका कुनै प्राणीलाई बाँकी राख्ने थिएन । हात्ती, ऊँट, घोडा, राँगा, भैंसी आदि मासु नखाने जनावरहरू धेरै बलशाली हुन्छन् । उनीहरू कहिलेकाँहीं कसैसँग लाचार हुनु पर्नाको कारण उनीहरूसँग शस्त्रहरूको अभावमा नै हो । तिमी बलको कुरा गर्दछौं । बल त सुन, चाँदी, तामा, फलाम आदि धातुहरूका एकएक रत्तिमा पनि त्यति बल विद्यमान छ, जति बल मनका मन मासुमा पनि हुँदैन । यस्ता अनेकौं औषधि र वनस्पतिहरू विद्यमान छन्, जसको एकएक मात्रामा अत्यन्त शक्ति विद्यमान छ । मासुमा के शक्ति छ ?

**कमल** : जुन देशमा अन्नको उत्पादन हुँदैन, त्यहाँका मानिसहरू त मासुबाटै जीवन निर्वाह गर्दछन् । आइसल्याण्ड अथवा उत्तरी ध्रुवका प्रदेशहरूका कुरा सुन्नमा आउँछ कि त्यहाँ मासुबाट नै मानिसको जीवन निर्भर हुन्छ, उनीहरूको त स्वाभाविक भोजन नै मासु हो ।

**विमल** : यदि ती देशका मानिसहरूको स्वाभाविक भोजन मासु नै हो भने तिनीहरू मनुष्य हुन सक्दैनन् । यदि हुन् भने पनि मनुष्यको आकृतिभन्दा भिन्न होलान् । उनका दाँत र नङ्ग्रा पनि मासुलाई चिर्न, फोर्न, लुछ्न मिल्ने खालका नै होलान् । यदि त्यहाँका मानिसहरू पनि हामी जस्तै छन् भने कसरी स्वाभाविक मांसाहारी हुन सक्तछन् ? किनभने हाम्रा दाँत र नङहरू ईश्वरले मासु खान योग्य बनाएका छैनन् । हो, बरु तिनीहरूले मासु खाने बानी बसाले होलान् । जहाँसम्म मनुष्य पुग्न सक्दछ, त्यहाँ उसलाई आवश्यक जुनसुकै वस्तु पुग्न सक्दछ । अथवा भनौं यदि त्यहाँ अन्न उत्पादन गर्न सकिँदैन र त्यहाँको जमिन अन्नादि उत्पादन योग्य छैन र मानवजीवनका आवश्यक वस्तुहरू सम्पादित गर्न सकिँदैन भने त्यहाँ मानिस बस्नु व्यर्थ छ । वास्तवमा मांसाहारको पुष्टिका सम्बन्धमा यस्ता सबै तर्कहरू खोक्रा र बेकारका तर्क हुन् ।

**कमल** : संसारमा आर्थिक प्रश्न पनि त छ । जहाँ अन्न कम हुन्छ, त्यहाँ माछा आदि धेरै हुन्छन् । त्यहाँका गरिब व्यक्तिहरूको गुजारा माछा आदि जनावरहरूको मासुबाट हुन्छ । मासु नपाइएमा संसारको आर्थिक समस्या कति जटिल होला ?

**विमल** : संसारको कुनै पनि देशलाई हेर । जति पनि प्रश्नहरू उठ्दछन् खाद्य पदार्थ सम्बन्धी नै प्रश्न उठ्दछन् । आज पनि सारा संसारमा भोजनकै प्रश्न र समस्या उपस्थित छ । दाल, साग, सब्जी, अचार, अचार, मुरब्बा, रायता, कढी र मासुको प्रश्नै होइन । किनभने यी सबै वस्तु भोजनका साथ लगाएर खाने वस्तु हुन् । स्वाद र मिठासका वस्तु हुन् । जिभ्रालाई खुसी तुल्याउने वस्तु हुन् । यी वस्तु पेट भर्ने र शक्ति प्रदान

गर्ने चाँही होइनन् । भोजन मुख्य हो, अरु सबै वस्तुहरू गौण हुन् । शरीरको मुख्य आधार भोजन हो । यो नै संसारको मुख्य प्रश्न छ । आर्थिक प्रश्न सदैव भोजनसँग सम्बन्धित हुन्छ र सधैं रहन्छ पनि ।

**कमल :** त्यसो भए मासु खाँदा विशेष हानि के हुन्छ ?

**विमल :** मांसाहारी व्यक्ति कदापि ईश्वरभक्त हुन सक्तैन । किनकि तामसिक भोजनले विचार पनि तामसिक नै हुन जान्छ, सात्विक हुँदैन । संसारमा जति पनि ईश्वरका सच्चा भक्त बने, उनीहरू मासु खाँदैनथे, कसैले खान्थे भने पनि पछि उनीहरूले खान छोडिदिए । अनि उनीहरूलाई अन्तरात्माको ज्योति थाहा भयो । मासु नखानेहरू पनि सबै ईश्वरभक्त देखिंदैनन्, कति आडम्बरी देखिन्छन्, तिनीहरूमा पनि चोरी, दंगा, फटाहापन, असत्य, अपराध जस्ता दुर्गुणहरू विद्यमान छन् भन्ने कुरा सत्य हो । तर जुन मानिस पापदेखि रहित, सत्यवादी र निरामिष भोजी छ, त्यसैले ईश्वरलाई प्राप्त गर्न सक्तछ । अतः मासु खान सर्वथा निषिद्ध छ ।

**कमल :** दाइ ! अब यो बताइदिनुहोस् कि के यो समस्त सृष्टि ईश्वरबाट नै बनेको हो ?

**विमल :** यस बारे भोलि बताउँला ।

●●●

**बाह्रौं दिन प्रातःकाल**

## के समस्त सृष्टि ईश्वरबाट बनेको हो ?

**कमल :** यो सारा संसार ईश्वर कै रूप हो ?

**विमल :** यो संसार प्रकृतिको रूप हो । ईश्वर त रूप रहित छ ।

**कमल :** ठूला ठूला बुद्धिमान् तथा दार्शनिक विद्वान्हरू यही भन्दछन् कि सारा संसार ईश्वरबाट नै बनेको हो । ईश्वरबाट आकाश, आकाशबाट वायु, वायुबाट अग्नि, अग्निबाट जल, जलबाट पृथ्वी र पृथ्वीबाट अन्न, औषधिहरू तथा अनेक प्रकारका प्राणीहरू उत्पन्न भएका हुन् । होइन र ?

**विमल :** यो भनाइ गलत हो । ईश्वर सृष्टिको उत्पत्तिकर्त्ता हो । स्वयं कार्य होइन । **सृष्टि उत्पत्तिका तीन कारण छन् र तीनै पदार्थ अनादि छन् । ती हुन् : ईश्वर, जीव र प्रकृति । यी तीनै पदार्थ अनादि हुन् । ईश्वर निमित्त कारण हो । प्रकृति उपादान कारण हो । समय, दिशा आदि साधारण कारण हुन्,** किनकि सृष्टिका समस्त कार्यहरूमा यी सामान्य छन् । **निमित्तकारण** त्यो हो, जसले बनाउँदा कुनै वस्तु बन्दछ, नबनाउँदा बन्दैन । **उपादान कारण** त्यो हो, जो छ भने कुनै वस्तु बन्दछ, छैन भने बन्दैन । जस्तै सुनारले गहना बनायो । यसमा सुनार कर्त्ता अथवा निमित्त कारण भयो भने सुन उपादान कारण भयो । सुनारले बनाउँदा गहना बन्छ नबनाए बन्दैन । यसैगरी सुन हुनाले गहना बन्यो, सुन नभए गहना बन्दैन ।

हेर ! यदि ईश्वरबाट आकाश बनेको भए आकाशको गुण त शब्द हो, ईश्वरको गुण शब्द होइन, अनि आकाशमा शब्द कहाँबाट आयो ? कारणको गुण कार्यमा अवश्य आउँछ । सुनबाट गहना बन्छ भने सुनको गुण अवश्य नै गहनामा आउँदछ । जब ईश्वरमा नै शब्द छैन भने आकाशमा कहाँबाट आउँछ ? अभावबाट भाव पनि त हुँदैन । तसर्थ सिद्ध भयो कि ईश्वरबाट आकाश बनेको होइन । यसैगरी आकाशबाट वायु बनेन । किनभने वायुको धर्म स्पर्श हो र आकाशमा स्पर्श छैन । त्यसकारण वायुमा स्पर्श गुण कहाँबाट आयो ? वायुबाट अग्नि

बनेको पनि होइन । किनकि अग्निको गुण रूप हो, वायुमा रूप छैन । अनि अग्निमा रूप कहाँबाट आयो ? यसैगरी सम्पूर्ण तत्त्वहरूलाई बुझ्नुपर्दछ । यी सबै तत्त्वहरू सत्व, रजस् र तमस् यी तीन गुण भएको मूलप्रकृतिबाटै बनेका हुन् र निमित्तकारण परमात्माले नै यिनलाई बनाएको हो ।

**कमल** : परमात्मा सृष्टि बनाउनका लागि प्रकृतिको सहारा लिन्छ भने परमात्मा प्रकृतिमा निर्भर भयो । ऊ प्रकृति बिना संसार बनाउन सक्तैन ?

**विमल** : परमात्माले प्रकृतिको सहारा लिने होइन । बरु प्रकृतिलाई नै कसैको सहारा नलिईकन संसारको रूपमा खडा गरिदिन्छ । परमात्मालाई आफ्नो कार्य गर्नमा कुनै साधनको अपेक्षा हुँदैन । प्रकृति साधन होइन बरु कर्म हो, जसमा परमात्माको क्रियाको फल झर्दछ । जस्तै 'मोहनले सोहनलाई पिट्यो' भने मोहन कर्त्ता, सुरेश कर्म हो र पिट्नु क्रिया हो । कसैले भन्ला मोहनले सोहनलाई पिट्नमा ऊ सोहनमा निर्भर छ । म सोध्दछु के यसो भन्नु बुद्धिमानीको कुरा हो ? के मोहन बिना नै सोहनलाई पिटिएको भन्नु उपयुक्त हुन सक्तछ ? मैले भनें : 'मैले कमललाई पाँच रुपैयाँ दिएँ ।' कसैले मसँग भन्यो : 'तिमीले कमललाई रुपैयाँ दिनाले तिमी रूपैयाँको अधीन भयौ ।' विचार गरौं, यो कस्तो कुरा हो ? रूपैयाँ दिनाले म कसरी रूपैयाँको अधीन भएँ ? सायद तिम्रो विचार यही होला कि कुनै मर्ने नहोस्, ईश्वरले उसलाई मारी देओस् । खाने नहोस्, ईश्वरले उसलाई ख्वाइदेओस् । रुने नहोस्, ईश्वरले उसलाई रुवाइदेओस् । प्रकृति नहोस्, तर प्राकृतिक जगत् बनाइदेओस् । यस्ता कुरालाई पागलपन नभनेर अरु के भनौं ?

**कमल** : मैले त 'सृष्टि बन्नुभन्दा पहिले ईश्वर नै ईश्वर थियो । अरु कुनै पदार्थ थिएन । उसले आफ्नो इच्छाले संसार बनाएको हो ।' भन्ने सुनेको छु त !

**विमल** : त्यसो भए ईश्वरले किन सृष्टि बनायो ? आफ्ना लागि वा अर्काका लागि ? यदि आफ्ना लागि भन्छौ भने यो थाहा हुन्छ कि ईश्वरलाई सृष्टिको आवश्यकता थियो । जसमा आवश्यकता छ, उसलाई पूर्ण भन्न सकिँदैन । किनभने आवश्यकता विद्यमान रहनु नै अपूर्ण हुनुको प्रमाण हो । यदि जीवहरूका लागि सृष्टि बनाएको हो भने त ईश्वरका साथ जीवलाई पनि मान्नु पर्दछ । अनि ईश्वर नै ईश्वर मात्र थियो भन्ने कुरा सरासर असत्य हुन जान्छ ।

**कमल** : उसले आफ्नो लीला देखाउनका लागि सृष्टिको रचना गरेको हो ।

**विमल** : उसले आफ्नो लीला कसलाई देखायो ?

**कमल** : उसले आफैंलाई आफ्नो लीला देखायो ।

**विमल** : आफ्नो लीला आफैंलाई किन देखाउँछ ?

**कमल** : आफ्नो आनन्दका लागि लीला देखाउँछ ।

**विमल** : त्यसो भए सृष्टिरूप लीला देखाउनुभन्दा पूर्व उसमा त्यो आनन्द थियो कि थिएन ? यदि थियो भने उसमा लीला देखाउँदा के आनन्द भयो ? यदि थिएन भने उसमा लीलाको आनन्दको कमी त स्वतः नै सिद्ध भयो । अर्को कुरा जब लीला देखायो तब सृष्टिरूप लीलाको आनन्दको परमात्मामा वृद्धि हुन गयो । जसमा कमी र वृद्धिको दोष हुन्छ, त्यस पदार्थको गुण अनादि र अनन्त हुनै सक्दैन । गुण नै अनादि र अनन्त छैन भने उसको गुणी ईश्वर अनादि र अनन्त कसरी हुन सक्तछ ? अर्थात् जसमा ज्ञान तथा आनन्द घटी वा बढी हुन्छ त्यो ईश्वर कदापि हुन सक्तैन ।

**कमल** : लीला देखाउनु उसको स्वभाव हो ।

**विमल :** यसरी भन्नाले राग, द्वेष, भोक, प्यास, भय, शोक, सुख, दुःख, जन्म, मरण, अन्याय, चोरी, जारी, हिंसा, व्यभिचार आदि गुण, अवगुण सबै ईश्वरको लीलाकै धर्म मान्नुपर्ने हुन्छ, किनभने सृष्टिरूपी लीलामा यी सबै कुराहरू पर्दछन् । अनि संसारमा पाप, पुण्य, दुराचार, सदाचार, धर्म, अधर्म आदि कुनै पदार्थ रहँदैनन् । सबै परमात्माको स्वभावका अङ्ग बन्न जान्छन् । अझ वेद, शास्त्र, यम, नियमादि साधन सबै व्यर्थ हुन जान्छन् । मानव जीवनको उद्देश्य पनि कुनै रहँदैन । कसको प्राप्तिका निम्ति घोर तपस्या गर्ने र कसले गर्ने ? ईश्वरले आफैलाई आफ्नो स्वभावद्वारा लीला देखाएको हो भने कुन पापी र कुन पुण्यात्मा ? कुन चाँहि कर्म र कुन चाहिँ कर्मफल ? सबै व्यर्थ !!

**कमल :** त्यसो भए तपाईंको सिद्धान्त अनुसार परमात्माले सृष्टि किन बनाएको हो त ?

**विमल :** जीवहरूको कल्याणका लागि परमात्मा सृष्टिको रचना गर्दछ । ऊ न्यायकारी र दयालु छ । उसको न्याय र दयाको प्रकाशन सृष्टिको उत्पतिद्वारा नै हुन्छ । उसको आफ्नो कुनै प्रयोजन छैन । दया र न्याय गर्नु उसको स्वभाव हो ।

**कमल :** परमात्माले जीवहरूको कल्याणका लागि सृष्टि बनाएको हो भने यसमा सुख र दुःख तथा राम्रो र नराम्रो किन भएको ?

**विमल :** सृष्टिमा जति पनि राम्रो वा नराम्रो र सुख वा दुःख आदिको ज्ञान वा अनुभव हुन्छ त्यो सबै वास्तवमा जीवहरूको आफ्नो कर्मका फलको परिणाम हो । जीवले आफ्नो अज्ञानतावश सृष्टिमा दुःख उठाउँदछ । अन्यथा सृष्टिमा न कुनै खराबी छ, न कुनै दुःख छ । जीवले आफ्नो अल्पज्ञताको कारण विपरीत काम गरेर दुःख पाउँदछन् र परमात्माको न्याय अनुसार अनेकौं योनिहरू धारण

गर्दछन् । परमात्माले कसैलाई दुःख दिंदैन । दुःखको कारण अज्ञानता हो, वास्तविकतालाई नबुझ्नु हो ।

**कमल** : जीवलाई परमात्माले बनाएको होइन ?

**विमल** : जीव अनादि हो ।

**कमल** : जीव र प्रकृतिलाई ईश्वरले बनाएको होइन भने उसले यिनीहरूमाथि किन अधिकार जमाएको हो ?

**विमल** : यो प्रश्न त यस्तो भयो कि जस्तै कुनै पाठशालामा विद्यार्थीहरूलाई देखेर कसैले भनोस् : शिक्षकले यी विद्यार्थीहरूलाई पैदा गरेका होइनन्, अनि यिनमा किन अधिकार जमाउँछन् ? प्रकृति अज्ञ, जीव अल्पज्ञ र परमात्मा सर्वज्ञ छन् । सबै वस्तुहरूमा सर्वज्ञको प्रभाव स्वभावैले रहन्छ । जसरी पाठशालामा विद्यार्थीहरूमा शिक्षकको नियन्त्रण हुनु, विद्यार्थीकै उन्नतिको कारण हो, त्यसैगरी सृष्टिरूप पाठशालामा जीवहरू ईश्वराधीन रहनु जीवहरूकै उन्नतिको कारण हो । परमात्मारूपी शिक्षकको वेद ज्ञानद्वारा जीवले लौकिक र पारलौकिक उन्नति सम्पादित गर्दछ ।

**कमल** : जीवलाई पनि परमात्माले बनाएको हो भनेर मान्दा के आपत्ति आउँछ ?

**विमल** : त्यस्तो मान्दा जीव कर्म गर्नमा स्वतन्त्र रहँदैन । अर्को कुरा, राम्रा वा नराम्रा कर्महरूको जिम्मेदारी ईश्वरमा नै रहन्छ । जीव पापको भागी मानिंदैन । किनभने जीवलाई परमात्माले बनाएको हो तथा उसमा राम्रा वा नराम्रा कर्म गर्ने योग्यता उसैले राखिदिएको हो भने राम्रा वा नराम्रा कर्म गर्दा उसको आफ्नो के गुण वा दोष भयो ? जीवलाई बनाउनुभन्दा पहिले यो योग्यता राखिदिने थियो कि उसले नराम्रा काम गर्नै

नसकोस् । अतः जीव अनादि छ र कर्म गर्नमा स्वतन्त्र छ तर परमात्माको व्यवस्थाद्वारा कर्मफल भोग्नमा परतन्त्र छ ।

**कमल** : कतिपय मानिसहरू 'जीव' ब्रह्मको नै अंश हो भन्दछन् नि ?

**विमल** : अंश अंशीको भाव, सावयव अर्थात् साकार र अनित्य पदार्थहरूमा मात्र हुन्छ तर जीव तथा ब्रह्म दुवै तत्त्व अनादि हुन् ।

**कमल** : कतिपय मानिसहरू भन्दछन् कि जीव ब्रह्मबाट नै बनेको हो र अन्त्यमा ब्रह्ममा नै लय हुन जान्छ ।

**विमल** : यसरी मान्ने हो भने जीव अनादि र सनातन ठहरिँदैन । सदैव कार्य कारणमा लय हुन्छ । जस्तै माटोरूपी कारणमा घडारूपी कार्य लय हुन जान्छ । जीव ब्रह्मको कार्य होइन, त्यो त स्वतन्त्र एवं नित्य छ । जो नित्य छ, त्यो आफ्नो सत्तालाई गुमाएर कसैमा लय हुन कसरी जान्छ ?

**कमल** : हुन त जीव ब्रह्म नै हो तर ऊ आफ्नो अज्ञानताको कारणले आफूलाई जीव ठान्छ । होइन ?

**विमल** : यस भनाइबाट त ब्रह्ममा पनि अज्ञान छ भन्ने सिद्ध हुन्छ । जब ब्रह्म नै अज्ञानतावश जीव बनेको हो भने फेरि कसबाट ज्ञान प्राप्त गर्दछ ? ब्रह्मबाट त गर्न सक्तैन किनकि ब्रह्म त अज्ञानको अधीनमा आएको छ ।

**कमल** : के ब्रह्मबाट जीव बनेको होइन र अन्त्यमा जीव ब्रह्ममा लय हुँदैन त ?

**विमल** : जो बन्दछ, त्यो ब्रह्म होइन । ब्रह्म त बनेको वा बनाइएको वस्तु नै होइन । यस्तै जीव पनि बन्दैन । त्यसैले त दुवै तत्त्व नित्य हुन् ।

**कमल** : कुनै कुनै मानिसहरू भन्दछन् कि यो संसार मिथ्या हो ब्रह्म मात्र सत्य हो । माया चाहिं अनिर्वचनीय छ । माया तीन कालमा एकरस रहँदैन, यसकारण उसलाई 'सत्' भन्न सकिँदैन

तथा उसलाई 'असत्' पनि यस कारणले भन्न सकिँदैन कि संसारमा उसको काम देखिन्छ ।

**विमल** : यो संसार न त 'सत्' हो न त 'असत्' हो बरु अनित्य हो अर्थात् बदलिने वस्तु हो । जो मायालाई अनिर्वचनीय भन्दछन्, उनीहरूसँग सोध्नुपर्छ कि मायालाई कुनै प्रमाणद्वारा मान्दछौ कि प्रमाण बिनाको मान्यता हो ? यदि प्रमाणद्वारा मान्दछौं भने माया प्रमेय हुन गयो । प्रमाताले प्रमाणद्वारा जानेको हुनाले उसको निर्वचन भयो । यदि प्रमाण बिना नै मानेको हो भने माया छ भनेर कसरी जान्यौ ? यस कारण माया अर्थात् प्रकृतिको कार्य अनित्य छ र प्रकृति नित्य छ ।

**कमल** : कोही भन्दछन् कि यो संसार भ्रम हो । वास्तवमा यसको कुनै सत्ता छैन । जसरी डोरी सर्प झैं देखिन्छ अथवा सिपी चाँदी झैं देखिन्छ, त्यसरी नै ब्रह्ममा मायाको प्रतीति हुन्छ । वास्तवमा माया छैन । डोरीमा सर्प छैन, सिपीमा चाँदी छैन तापनि भ्रम हुन जान्छ । यसैगरी ब्रह्ममा नै मायाको भ्रम भइरहेको छ ।

**विमल** : यो भ्रम कसलाई भैरहेछ ? जब ब्रह्मसिवाय अन्य कुनै पदार्थ नै छैन भने के ब्रह्ममा ब्रह्मलाई नै ब्रह्मको भ्रम भएको हो ? किनकि भ्रम कसैमा कसैको कसैलाई हुने गर्छ । अर्को शब्दमा भ्रम कुनै समान वस्तुमा मात्र हुन सक्तछ । जस्तै डोरीमा सर्पको भ्रम हुन्छ, तर घडामा हुँदैन । सीपीमा चाँदीको भ्रम हुन सक्छ तर गुलाबजामुनमा हुँदैन । जब बह्म चैतन्य र जगत् जड छ भने असमान हुनाले यिनमा कसरी भ्रम हुन सक्तछ ? ब्रह्म निराकार जगत साकार, ब्रह्म नित्य जगत् अनित्य, ब्रह्म सर्वज्ञ जगत् अज्ञ छ । अनि कसरी भ्रम हुन सक्तछ ?

**कमल** : के ब्रह्मका अतिरिक्त अन्य वस्तुहरू पनि हुन सक्तछन् ?

**विमल :** यदि अन्य वस्तुहरू नहुने भए कसलाई ब्रह्म भन्नु ? ब्रह्मको अर्थ हो ठूलो अथवा महान् । सानो नै छैन भने ठूलो कसरी सम्भव हुन्छ ? जब तीतो नै छैन भने मीठो कसरी ? अर्को शब्दमा बह्म आत्मा हो, जसको अर्थ हो व्यापक । व्याप्य नभए व्यापक कसरी हुन्छ ?


**कमल :** ठिक छ त दाजु ! अब यस वार्तालापलाई यहीं विश्राम देऔं । तपाईंका युक्तिहरूबाट ब्रह्म, जीव र प्रकृतिलाई नित्य मान्नुमा नै सबै समस्याहरूको समाधान देखिने कुरा बुझिन्छ । कुनै 'वाद'ले यस सृष्टिको सम्यक् समाधान गर्न सक्तैन । तपाईंको ठूलो कृपा ममाथि भयो कि तपाईंले यति दिनसम्म विचारविमर्श गरेर मेरा सबै सन्देह निवारण गरिदिनुभयो । म तपाईंको उपकार कहिल्यै बिर्सने छैन ।

● ● ●

thearyasamaj.org

## JOIN NOW

**Join Telegram -> Cleik Here**




**Join YouTube -> Click Here**

**Facebook Page ->Click Here**

**Thank You**